# सामुदायिक वन विकास कार्यक्रमको
# मार्गदर्शन



नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
वन विभाग
सामुदायिक वन महाशाखा
२०७१

*यो निर्देशिकाको छपाई कार्यमा सहयोग गर्ने अमेरिकी विकास नियोगको सहयोगबाट संचालित डब्लुडब्लुएफ नेपाल, हरियो वन कार्यक्रमलाई धन्यवाद ।*

# सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
**वन विभाग**
**सामुदायिक वन महाशाखा**
२०७१

पहिलो संस्करण : २०५८
दोश्रो संस्करण : २०६५
तेश्रो संस्करण : २०७१

नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट मिति २०७१/०४/०६ मा स्वीकृत

प्रकाशकः
**सामुदायिक वन महाशाखा**
**वन विभाग**
बबरमहल, काठमाडौं

कभर फोटोः बद्री कुमार कार्की

मुद्रणः
सिग्मा जनरल अफसेट प्रेस
सानेपा, साँचल, ललितपुर
फोनः ५५५४०२९

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय


पत्रोत्तरमा पत्र संख्या र मिति उल्लेख हुन अपेक्षित छ ।

सचिव : ४२११५६७
वातावरण : ४२११८९२
प्रशासन : ४२११९२८
योजना : ४२११९३६
अनुगमन : ४२११७४२
वैदेशिक : ४२११८६२
फ्याक्स : ४२११८६८

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं


पत्र संख्या:-
चलानी नं.:-
प्राप्त पत्र संख्या र मिति:-

## भूमिका

नेपालको वन विकासमा अग्रणी भूमिका निर्वाह गरेको सामुदायिक वन विकास कार्यक्रम कार्यान्वयन गर्न सजिलो होस् र कार्यान्वयन प्रक्रियामा एक रुपता आओस् भन्नाका लागि वि.स.२०५२ सालमा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन तयार गरी लागु गरिएको थियो । सामुदायिक वन प्रणाली एक गतिशील प्रक्रिया भएकोले समुदाय र सामुदायिक वनमा आएको परिवर्तन सुहाउँदो हुने गरी सबै सरोकारवालासँग अन्तरक्रिया गरेर वि.स.२०५८ र २०६५ सालमा मार्गदर्शन क्रमशः पहिलो र दोश्रो पटक परिमार्जन गरिएको थियो ।

सामुदायिक वन प्रणाली कार्यान्वयनमा हाल देखा परेका अप्ठ्यारा र नयाँ नयाँ विषयहलाई सम्वोधन गर्नको लागि विभिन्न तहका सरोकारवालाको वीचमा छलफल तथा अन्तक्रियाबाट प्राप्त विषय वस्तुलाई समेटी तयार गरिएको 'सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१' (तेश्रो संस्करण) प्रकाशित भएको छ । यो प्रकाशनले सामुदायिक वन विकास कार्यक्रमलाई अझ वढी सम्वर्धन गर्न सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, मार्गदर्शन परिमार्जन गर्ने कार्यमा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा संलग्न भै सहयोग पुऱ्याउने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शरद चन्द्र पौडेल
सचिव
वन तथा भू-संरक्षण मन्त्रालय

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
**वन विभाग**
सामुदायिक वन महाशाखा

☎ ४२४७५९८, ४२२४९०३
फ्याक्स नं.: ४२२८०१३
बबरमहल,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-

# प्राक्कथन

नेपालले सामुदायिक वन विकास कार्यक्रममा करिव चार दशक लामो अनुभव हासिल गरिसकेको छ । यसरी प्राप्त अनुभवको आधारमा सामुदायिक वन विकास मार्गदर्शनलाई समय-समयमा परिमार्जन गरी सामुदायिक वन विकास कार्यक्रमलाई समावेशी, पारदर्शी, विपन्नमुखी र सहभागितामूलक बनाउन तथा सामुदायिक वनको दिगो व्यवस्थापन गरेर प्राप्त हने फाइदाको न्यायोचित वितरणबाट उपभोक्ताहरू, विशेष गरी पछाडि परेका महिला तथा विपन्न वर्गलाई फाईदा पुर्‍याई अझ प्रभावकारी बनाउने प्रयास विगतदेखि नै हुँदै आएको छ ।

यसै क्रमलाई निरन्तरता दिँदै सामुदायिक वनको दिगो तथा वैज्ञानिक व्यवस्थापन मार्फत वन पैदावारको स्थानीय तथा राष्ट्रिय तहमा भएको माग सम्वोधन गर्न, वन उद्यम प्रवर्द्धन गरी स्थानीय तथा राष्ट्रिय रोजगारी वृद्धिमा सघाउ पुर्‍याउन, वातावरणीय सेवा र सुविधा प्राप्त गर्न, वन्यजन्तु, डढेलो वा अन्य प्राकृतिक प्रकोप लगायतबाट हुने क्षतिमा राहतको व्यवस्था, सामुदायिक वनको कार्यक्रमहरुको अनुगमन कार्यलाई अझ वढी प्रभावकारी वनाई विभिन्न तहमा सरोकारवालाहरुविच अन्तक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरी प्राप्त/संकलित राय सुझावका आधारमा मार्गदर्शन परिमार्जन गरिएको हो ।

यो मार्गदर्शन परिमार्जन कार्यमा सहभागी भई महत्वपूर्ण राय सुझावहरु प्रदान गर्नु हुने वन तथा भू-संरक्षण मन्त्रालय तथा वन विभाग र अन्तर्गतका वन प्राविधिकहरु, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन सहयोगी सञ्जाल, हिमवन्ती नेपाल, पेशागत संघसंगठनहरु लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मार्गदर्शन परिमार्जन कार्यमा संयोजनकारी भूमिका निर्वाह गर्नुहुने वन तथा भू-संरक्षण मन्त्रालयका सहसचिव द्धय श्री विश्वनाथ ओली (तत्कालिन महानिर्देशक, वन विभाग) र श्री रेशम बहादुर डाँगी (तत्कालिन उपमहानिर्देशक, वन विभाग)लाई विशेष धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, प्रस्तुत 'सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित) २०७१' ले वन उपभोक्ता समूहहरूलाई अझ सशक्त बनाई वन सम्वर्धन प्रणालीमा आधारित भै सामुदायिक वनको व्यवस्थापन गरी यसबाट प्राप्त हुने प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदाबाट ग्रामीण समुदायको जीविकापार्जनमा सहयोग पुर्‍याउनुका साथै नेपालको प्राकतिक श्रोत, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा ठोस टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु ।

डा. राजन कुमार पोखरेल,
महानिर्देशक, वन विभाग

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
**वन विभाग**
सामुदायिक वन महाशाखा

☎ ४२४७५८८, ४२२४८०३
फ्याक्स नं.: ४२२८०१३
बबरमहल,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-

# दुई शव्द

नेपालले सामुदायिक वन विकास कार्यक्रमको कार्यान्वयनबाट अनुभव हासिल गरी प्राप्त अनुभवको आधारमा सामुदायिक वन विकास मार्गदर्शनलाई समय-समयमा परिमार्जन गरी आएको पाईन्छ। जसबाट सामुदायिक वन विकास कार्यक्रमलाई समावेशी, पारदर्शी, विपन्नमुखी र सहभागितामूलक बनाउन मद्धत पुगेको छ।

यसै क्रमलाई निरन्तरता दिदैं सामुदायिक वनको दिगो व्यवस्थापन मार्फत वन पैदावारको स्थानीय तथा राष्ट्रिय तहमा भएको माग सम्वोधन गर्न, वन उद्यम प्रवर्द्धन गरी स्थानीय तथा राष्ट्रिय तहमा रोजगारी वृद्दिमा सघाउ पुर्‍याउन, वातावरणीय सेवा र सुविधा प्राप्त गर्न, सामुदायिक वनको कार्यक्रमलाई अझ वढी प्रभावकारी वनाई पारदर्शी रुपमा कार्यान्वयन गर्न आवश्यक ठानी विभिन्न तहका सरोकारवालाहरुविच अन्तक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरी प्राप्त/संकलित राय सुझावका आधारमा यो मार्गदर्शन परिमार्जन गरिएको हो ।

यो मार्गदर्शन परिमार्जन कार्यमा सहभागी भई महत्वपूर्ण राय सुझावहरु प्रदान गर्नु हुने वन अधिकृतहरु, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन सहयोगी सञ्जाल, हिमवन्ती नेपाल, पेशागत संघसंगठनहरु, फरेष्ट एक्सन, निजी क्षेत्र लगायत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबै संस्था तथा व्यक्तित्वहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । मार्गदर्शन परिमार्जन तथा प्रकाशनमा संयोजन गर्नु हुने सामुदायिक वन महाशाखाका सहायक वन अधिकृत श्री शोभा सुवेदी तथा उपसचिव श्री देवीचन्द्र पोखरेल लगायत सवैलाई विशेष धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा, प्रस्तुत 'सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (परिमार्जित) २०७१' ले वन उपभोक्ता समूहहरूलाई अझ सशक्त बनाई सामुदायिक वनको वैज्ञानिक व्यवस्थापन गरी यसबाट प्राप्त हुने प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदाबाट ग्रामीण समुदायका लक्षित वर्गको जीविकापार्जनमा सहयोग पुर्‍याउनका साथै नेपालको प्राकतिक श्रोत, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, सम्वर्द्धन तथा सदुपयोगमा ठोस टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु ।

कृष्ण प्रसाद पोखरेल,
महाशाखा प्रमूख,
सामुदायिक वन महाशाखा

# शव्दावली

**कार्ययोजनाः** वातावरणीय सन्तलुन कायम राख्दै सामुदायिक वनको संरक्षण, व्यवस्थापन र वन पैदावारको उपयोग तथा बिक्री वितरणबाट उपभोक्ताहरूको जीविकोपार्जनमा सुधार गर्न उपभोक्ता समूहले तयार पारको र जिल्ला वन अधिकृतबाट स्वीकृत योजना ।

**विधानः** उपभोक्ता समूहले आफ्नो समूह र समूहका क्रियाकलापहरूलाई व्यवस्थित रुपले संचालन गर्न आमसहमतिका आधारमा बनाएको नियमहरूको संगालो ।

**विपन्न वर्गः** आर्थिक, सामाजिक, भौतिक, मानवीय र प्राकतिक श्रोत साधनमा पहुँच तथा नियन्त्रणका आधारमा पछाडि परेका वा पारिएका उपभोक्ताहरू ।

**परम्परागत उपभोक्ताः** परापूर्व कालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, परम्परा अनुसार निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदाय ।

**जीविकोपार्जनः** जीवनयापनका लागि गरिने व्यक्तिको क्षमता विकास, श्रोत साधन माथि पहुँच र रोजगार वा व्यवसाय सम्बन्धी क्रियाकलापहरू ।

**माकुरीजालोः** सहभागितामूलक तरिकाबाट समूहको अवस्था मूल्याङ्कन गर्न प्रयोग गरिने एक किसिमको विधि ।

**वञ्चित वर्गः** विकास निर्माणका अवसरमा समोवश हुन नसकेका तथा श्रोतसाधनमा पहुँच नभएका, कम पहुँच भएका उपभोक्ताहरू ।

**वन प्राविधिकः** उपभोक्ता समूहलाई सामुदायिक वन व्यवस्थापन गर्न प्राविधिक सहयोग, सल्लाह र तालिम दिन सक्ने वन विज्ञान अध्ययन संस्थानबाट प्रमाणपत्र प्राप्त व्यक्ति ।

**वन व्यवस्थापनः** वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न वन प्रवर्द्धन प्रणालीमा आधारित भई सामुदायिक वनमा गरिने क्रियाकलाप ।

**वनश्रोत सर्वेक्षणः** वनमा पाईने वनस्पतिका संख्या, साईज, वन पैदावारको अवस्था आदिबारे जानकारी लिन वनमा गरिने नापजाँच र लेखाजोखा। यसबाट प्राप्त जानकारीका आधारमा वनको हैसियत, वृद्धिदर र वार्षिक रुपमा लिन सकिने वन पैदावारको परिमाण अनुमान गर्न सकिन्छ।

**टाढाका उपभोक्ताः** वनको संरक्षण एवं व्यवस्थापनमा प्रत्यक्ष संलग्न हुन नसक्ने, तर वन पैदावारको लागि सोही वनमा आश्रित सामुदायिक वनदेखि टाढा रहेका उपभोक्ता ।

**सहजकर्ताः** वन उपभोक्ता समूहका माग र आवश्यकता अनुसार उपभोक्ता समूह तथा सामुदायिक वन व्यवस्थापन गर्न सहयोग गर्न वन प्राविधिक, तालिमप्राप्त वा अनुभवी व्यक्ति । यो शब्दले स्थानीय श्रोत व्यक्ति, एनिमेटर, मोटिभटर, उत्प्रेरक, सामाजिक परिचालक आदिलाई समेत जनाउँदछ।

**सकारात्मक विभेद**ः समुदायमा उपलब्ध सेवा सुविधाबाट अलग्याईएका निश्चित वर्गका उत्थानको लागि गरिने कार्य ।

**सम्पन्नता स्तरीकरण**ः उपभोक्ता समूहका सदस्यहरूको आर्थिक, सामाजिक, भौतिक र मानवीय क्षमता तथा प्राकृतिक श्रोतसाधनमा पहुँच र नियन्त्रणको आधारमा उपभोक्ता स्वयंले वर्गीकरण गर्ने विधि ।

**समूह संजाल**ः कुनै खास उद्देश्य प्राप्त गर्नका लागि विभिन्न उपभोक्ता समूहबिच सहकार्य गर्न गठित संरचना ।

**संवृद्धि वृक्षारोपण**ः सामुदायिक वनको पुनरुत्पादनमा सुधार ल्याउन गरिने थप वृक्षारोपण ।

# विषय-सूची

**परिच्छेद १**

१. परिचय १

**परिच्छेद २**

२. पहिचान तथा सशक्तीकरण ३

२.१ सहयोग समिति गठन तथा जिम्मेवारी बांडफांड ३

२.२ उपभोक्ता घरधुरी र वनक्षेत्र पहिचान ३

२.३ उपभोक्ता सशक्तीकरण ५

२.४ विपन्न र समान चाहना भएका समूहहरूको पहिचान ६

**परिच्छेद ३**

३. उपभोक्ता समूह गठन तथा दर्ता ८

३.१ जानकारी विश्लेषण ८

३.२ समान चाहना भएका उपभोक्ताहरूबीच छलफल ८

३.३ विपन्न तथा पछाडि पारिएका वर्गका उपभोक्ताहरूसंग छलफल ९

३.४ टाठाबाठा तथा सम्पन्न उपभोक्तासंग छलफल ९

३.५ गाउंबस्ती र टोल छलफल ९

३.६ विधानको खाका तयारी १०

३.७ विधानको खाका पारित १०

३.८ उपभोक्ता समूह दर्ता १२

३.९ कोष परिचालन सम्बन्धी व्यवस्था १२

३.१० क्षतिपूर्ति १३

**परिच्छेद ४**

४. सामुदायिक वनको कार्ययोजना तयारी र दर्ता १४

४.१ कार्यतालिका तयारी १४

४.२ सहभागितामूलक स्रोतनक्सा तयारी १४

४.३ सहभागितामूलक वनस्रोत अवलोकन १४

४.४ तथ्याङ्क विश्लेषण १४

४.५ वन सिमाना सर्वेक्षण १५

४.६ स्रोतमापन एवं विश्लेषण १५

४.७ वातावरणीय सेवा सुविधा १६

४.७क जलवायु परिवर्तन अनुकूलन योजना १६

४.८ समान चाहना समूह तथा टोल छलफल १६

४.९ साधारण सभाबाट कार्ययोजना अनुमोदन १६

४.१० कार्ययोजना स्वीकृति तथा वन हस्तान्तरण १७

**परिच्छेद ५**

५. विधान तथा वन कार्ययोजना कार्यान्वयन १८

५.१ वार्षिक योजना तर्जुमा र कार्यान्वयन १८

५.२ सुशासन सुदृढीकरण १८

५.३ विपन्नमुखी जीविकोपार्जन १९

५.४ दिगो वन व्यवस्थापन २०

५.५ वनमा आधारित उद्यम विकास २१

५.६ अन्य निकायसंग समन्वय २२

५.७ समूहको मानवीय तथा संस्थागत विकास २२
५.८ समूह सञ्जाल निर्माण २३
५.९ समूहको स्वःअनुगमन तथा मूल्याङ्कन २३

**परिच्छेद ६**
६. विधान तथा कार्ययोजना परिमार्जन २४
६.१ कार्ययोजना परिमार्जनको लागि वर्गीकरण तथा प्राथमिकता निर्धारण २४
६.२ विधान तथा कार्ययोजना समीक्षा २५
६.३ विधान तथा कार्ययोजना परिमार्जन २५
६.४ साधारण सभामा परिमार्जित विधान तथा कार्ययोजना अनुमोदन २६
६.५ जिल्ला वन कार्यालयमा विधान परिमार्जनको जानकारी २६
६.६ जिल्ला वन कार्यालयबाट परिमार्जित कार्ययोजना स्वीकृति २७
६.७ अनुगमन र अभिलेखीकरण २७

**परिच्छेद ७**
७. सामुदायिक वन प्रक्रियामा सरोकारवालाहरूको भूमिका २८
७.१ सामुदायिक वन उपभोक्ता समूह २८
७.२ सामुदायिक वन उपभोक्ता समिति २८
७.३ सहजकर्ता २९
७.४ रेञ्जपोष्ट, इलाका र जिल्ला वन कार्यालय ३०
७.५ समूह सञ्जाल ३०
७.६ गैरसरकारी संस्था ३१
७.७ स्थानीय निकाय (गा.वि.स./जि.वि.स.) ३१
७.८ वनसंग सम्बन्धित परियोजना ३२
७.९ सरकारी निकाय (केन्द्रीय तथा क्षेत्रीय) ३२

**अनुसूचीहरू**
अनुसूची १: घरधुरी सर्वेक्षण गर्दा जानकारी संकलन गर्ने फारम ३३
अनुसूची २: विधानमा उल्लेख हुनुपर्ने कुराहरू ३४
अनुसूची ३: विपन्न, दलित, आदिबासी, जनजाति र महिलावर्गहरूका लागि लक्षित केही कार्यक्रम ३६
अनुसूची ३क: वनमा आधारित उद्यम विकासका क्रियाकलाप ३७
अनुसूची ४: वन उपभोक्ता समूह दर्ताको लागि दिइने निवेदनको ढांचा ३८
अनुसूची ५: वन उपभोक्ता समूह दर्ता हुंदा गराइने कबुलियतनामाको ढांचा ३९
अनुसूची ६: उपभोक्ता समूह दर्ता प्रमाण-पत्रको ढांचा ४०
अनुसूची ७: सामुदायिक वनमा सञ्चालन गर्न सकिने कार्यक्रमहरूको सूची ४१
अनुसूची ७ (क): वनको विकास, संरक्षण र व्यवस्थापनका क्रियाकलापहरु ४५
अनुसूची ८: कार्ययोजनामा समावेश हुनुपर्ने महत्त्वपूर्ण कुराहरू ४७
अनुसूची ९: सामुदायिक वन दर्ताको लागि दिइने निवेदनको ढांचा ५२
अनुसूची १०: सामुदायिक वन दर्ता हुंदा गराइने कबुलियतनामाको ढांचा ५३
अनुसूची ११: सामुदायिक वन दर्ता प्रमाण-पत्रको ढांचा ५६
अनुसूची १२: सामुदायिक वन कार्ययोजनाको मुखपृष्ठको ढांचा ५७
अनुसूची १३: सामुदायिक वन उपभोक्ता समूह र विपन्न वर्गबीच हुने सम्झौता-पत्रको नमूना ५८
अनुसूची १४: विपन्न वर्गका उपभोक्तालाई सामुदायिक वनको जग्गा आयमूलक कार्यमा प्रयोग गर्न दिंदा गरिने संझौताको नमूना ६३
अनुसूची १५: वार्षिक प्रतिवेदन ६५

# परिच्छेद १

## १. परिचय

नेपालको वन व्यवस्थापनमा परम्परादेखि नै जनताको प्रत्यक्ष संलग्नता हुँदै आएको भए तापनि सरकारी तवरबाट यसको अपरिहार्यता राष्टिय वन योजना २०३३ मा प्रतिबिम्बित भएको हो। सोही योजना बमोजिम २०३५ सालमा वन ऐन २०१८ लाई संशोधन गरी वनको व्यवस्थापन गर्न अधिकार र जिम्मवारी स्थानीय निकायलाई सुम्पन प्रक्रिया शुरु भएको थियो। यसरी शुरुवात गरिएका सहभागितामूलक वन व्यवस्थापनका अभ्यासमा प्राप्त अनुभव एवं सिकाईलाई आत्मसात गर्दै समयानुकूल नीतिगत परिवर्तन हुँदै आएको छ।

२०४४ सालमा सम्पन्न पहिलो सामुदायिक वन राष्ट्रिय गोष्ठीले परम्परागत रूपमा वनको प्रयोग गर्दै आएका उपभोक्ताहरूको समूह बनाई वन हस्तान्तरण गर्नुपर्ने कुरा औंल्याएको थियो। २०४६ सालमा बनेको वन विकास गुरुयोजनाले सामुदायिक वनलाई प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा राखी वन व्यवस्थापनमा जनसहभागिता हुनुपर्ने कुरामा जोड दियो।

२०४९ सालमा सम्पन्न दोश्रो सामुदायिक वन राष्ट्रिय गोष्ठीले योजना तर्जूमा तल्लो तहबाट हुनुपर्ने, जनशक्तिको विकास हुनुपर्ने, वन उपभोक्ताहरूको संजाल हुनुपर्ने र सामुदायिक वन विकासमा गैरसरकारी संस्थाको संलग्नता हुनुपर्ने जस्ता सुझाव दियो। २०४६ सालमा प्रजातन्त्रको पुर्नबहाली भएपछि निर्माण गरी लागु गरिएको वन ऐन २०४९ र वन नियमावली २०५१ ले सामुदायिक वन उपभोक्ता समुहलाई अबिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रूपमा स्थापित गरी वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्न जिम्मेवारी सुम्पेको छ। वन ऐन २०४९ र वन नियमावली २०५१ ले समूह गठन र कार्ययोजना तयार गर्न जिम्मेवारी उपभोक्ता समूहलाई सुम्पेको हुँदा यसको प्रक्रियाको स्पष्ट व्याख्या गरी कार्यान्वयनमा एकरुपता ल्याउन २०५२ सालमा सामुदायिक वन विकास मार्गदर्शन तयार गरी लागु गरिएको थियो।

२०५५ सालमा सम्पन्न तेश्रो सामुदायिक वन राष्ट्रिय गोष्ठीले सामुदायिक वन विकासमा सरकारी निकायका अतिरिक्त अन्य सरोकारवालाहरूको भूमिका पहिचान गर्नुका साथै गरिबी न्यूनीकरणमा सामुदायिक वनले योगदान पुऱ्याउन सक्छ भन्ने नयाँ दृष्टिकोण अगाडि ल्यायो। यिनै कुरालाई समेटेर २०५८ सालमा सामुदायिक वन विकास मार्गदर्शन २०५२ लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याईयो। दशौं योजना र त्यसपछिको तीन वर्षीय अन्तरिम योजनाले वनश्रोतको संरक्षण, विकास र सदुपयोगबाट गरिबी न्यूनिकरणमा टेवा पुऱ्याउन सकिने कुरामा जोड दिएका छन्। २०६१ सालमा सम्पन्न चौथो सामुदायिक वन राष्ट्रिय गोष्ठीले समेत सामुदायिक वन व्यवस्थापनको माध्यमबाट गरिबी न्यूनिकरण गर्न राष्ट्रिय र सहस्राब्दी विकास लक्ष्यमा टेवा पुऱ्याउन सकिने कुरा औंल्याएको छ। यसका लागि दिगो वन व्यवस्थापन, सुशासन, जीविकोपार्जन जस्ता सामुदायिक वनको दोश्रो पुस्ताका सवालहरूलाई संबोधन गर्न सुझावहरू दिईएको छ।

यसैगरी २०६५ सालमा सम्पन्न पाचौं सामुदायिक वन राष्ट्रिय गोष्ठीका सुझाव र प्रतिबद्धतालाई समट्दै, सामुदायिक वनश्रोतहरूमा विपन्न, दलित, आदिबासी, जनजाति, मधेशी, महिला, पिछडिएका, पछाडि पारिएका एवं परम्परागत वन उपभोक्ताहरूको सक्रिय सहभागिता तथा अधिकार सुनिश्चित गर्न र नेपालले अनुमोदन गरिसकेका आई.एल.ओ. १६९ को महासन्धिका प्रावधानहरूलाई कार्यान्वयन गर्न सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (दोश्रो परिमार्जन) २०६५ तयार गरिएको छ ।

सामुदायिक वन व्यवस्थापनमा हाल देखिएका नयाँ विषयहरु जस्तैः वन्यजन्तु, डढेलो वा अन्य प्राकृतिक प्रकोप लगायतबाट हुने क्षतिमा राहतको व्यवस्था, सम्भाव्यता हेरी सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन, वातावरणीय सेवा र सुविधा सम्वन्धमा मार्गदर्शनमा समावेश गर्नुपर्ने र विद्यमान व्यवस्था अनुसार सामुदायिक वनको दिगो तथा वैज्ञानिक व्यवस्थापन मार्फत वन पैदावारको स्थानीय तथा राष्ट्रिय तहमा भएको माग सम्वोधन गर्न, रोजगारी वृद्धिमा सघाउ पुऱ्याउन, सामुदायिक वनमा सञ्चालित कार्यक्रमहरुको अनुगमन कार्यलाई वढी प्रभावकारी वनाई पारदर्शी रुपमा कार्यान्वयन गर्ने पक्षलाई अझ सरल, स्पष्ट वनाउन विभिन्न तहका सरोकारवाला वीच अन्तक्रिया तथा छलफल गरी यो सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (तेश्रो संस्करण, २०७१) परिमार्जन गरिएको छ ।

# परिच्छेद २

## २.पहिचान तथा सशक्तीकरण

यस परिच्छेदमा उपभोक्ता घरधुरी र वनक्षेत्र पहिचान तथा उपभोक्ता सशक्तीकरण प्रक्रियाका सम्बन्धमा उल्लेख गरिएको छ। उपभोक्ता घरधुरी पहिचान हुनुअघि सम्भावित उपभोक्ताहरूबीच छलफल भई वन तथा सामुदायिक वन सम्बन्धी विद्यमान नीति, कानुनी व्यवस्था र उपभोक्ताको काम, कर्तव्य र अधिकारको बारेमा स्पष्ट हुन आवश्यक छ । यसका अतिरिक्त वनपैदावारको माग तथा आवश्यकता, सदुपयोग, उपभोक्ताको सामाजिक-आर्थिक अवस्थाको बारेमा पनि जानकारी राख्नु पर्दछ ।

पहिचान तथा सशक्तीकरण गर्दा गर्नुपर्ने कार्यहरू देहाय वमोजिम छन् ।

## २.१ सहयोग समिति गठन तथा जिम्मेवारी वांडफांड

सम्भाव्य सामुदायिक वन क्षेत्र पहिचान भएपछि उपभोक्ताहरूबीच छलफल गरी विधान र कार्ययोजना तयारीका लागि एक सहयोग समिति गठन गर्न सकिन्छ । यसरी समिति गठन गर्दा सबै टोल, विपन्न, महिला, दलित, आदिबासी, जनजाति, एवं पछाडि पारिएका वर्गहरू समेतको प्रतिनिधित्व हुनुपर्छ । विधान तथा कार्ययोजनाको संशोधन वा परिमार्जन गर्न साबिककै समिति वा छुट्टै समिति बनाई सहयोग लिन सकिन्छ ।

सहयोग समिति गठन गर्दा निम्न कार्यहरू गरिन्छन् :

- सम्भावित उपभोक्तालाई खबर गर्ने ।
- उपभोक्ताबीच सामुदायिक वन बनाउन प्रक्रियाबारे छलफल गर्ने ।
- सामुदायिक वनको आवश्यकता तथा महत्वबारे छलफल गर्ने ।
- सबैको सहमतिमा विधान तथा कार्ययोजना तयार गर्न एक सहयोग समिति गठन गर्ने ।

सहयोग समितिले विधान र कार्ययोजना तयार गर्नका लागि कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने, गराउने र आवश्यकता अनुसार अन्य निकायको समेत सहयोग लिने काम गर्दछ ।

## २.२ उपभोक्ता घरधुरी र वनक्षेत्र पहिचान

सम्भावित सामुदायिक वनक्षेत्रको परम्परागत रूपले उपभोग गरिरहेका सो वनक्षेत्रसँग सरोकार राख्ने घरधुरीको पहिचान गर्नु पर्दछ । यसरी उपभोक्ता पहिचान गर्दा वडा, गाउँ, जिल्ला र अञ्चलको सिमानाले असर पार्दैन । कुनै पनि उपभोक्ता नछुटुन् भन्ने कुरामा विशेष ध्यान दिनु पर्दछ र त्यसको लागि वरपर

बसोबास गर्ने घरधुरीसँग पनि छलफल गर्नु राम्रो हुन्छ। उपभोक्ता घरधुरी र वनक्षेत्र पहिचान गर्दा स्थानीय निकाय, जिल्ला वन क्षेत्र समन्वय समिति, आदिबासी जनजातिका पारम्परिक संस्था, बद्धिजीवि र संघसंस्थाहरूसँग समेत समन्वय गर्नु पर्दछ। सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न चाहेको वन क्षेत्रको चार किल्ला पनि यसै बेला निर्धारण गर्नु पर्दछ।

नोटः वनक्षेत्र यकिन गर्ने क्रममा समुदायलाई पायक पर्ने कुनै संघसंस्था, गाउँ विकास समिति, सडक, नहर अन्तरगत पर्ने, सरकारी पर्ति, चरन क्षेत्र एवं सार्वजनिक जग्गा भए जग्गाको स्वामित्व रहेको निकाय वा संस्थासँग स्वीकति लिई भू-स्वामित्व सम्बन्धित निकायकै हुने गरी जिल्ला वन अधिकतले सामुदायिक वनको रूपमा मान्यता दिन सक्नेछ।

अवस्था हेरी उपभोक्ता पहिचान गर्न निम्न आधारहरू लिन सकिन्छ :

- परम्परागत रूपमा भोगचलन गर्दै आएका घरधुरी
- पायक पर्ने घरधुरी
- उपभोक्ता समूहमा समावेश हुने चाहना भएका घरधुरी
- वनमा आश्रित घरधुरी
- वनको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी
- वन व्यवस्थापनमा योगदान दिन सक्ने अन्य विकल्प नभएका टाढाका घरधुरी

**टाढाका उपभोक्ता पहिचानको लागि अपनाउन सकिने प्रक्रिया**

तराई क्षेत्रमा उपभोक्ता पहिचान तथा वनक्षेत्र निर्धारण गर्दा टाढाका उपभोक्ताहरूसँग सम्बन्धित विभिन्न सवालहरू देखापर्न सक्दछन्। तसर्थ वनप्रति कुनै न कुनै रुपमा सम्बन्धित वा आश्रित हुनसक्ने वनक्षेत्रदेखि टाढा रहेका उपभोक्ताहरूसँग पनि शुरुदेखि नै सम्वाद गर्दै र उनीहरूलाई पनि यस प्रक्रियामा समावेश गर्दै लैजानु पर्दछ। यसरी सम्वादको क्रममा टाढाका उपभोक्ताहरूसँग सामुदायिक वनमा उनीहरूको योगदान, फाईदा र उपलब्धिबारे छलफल हनु पर्दछ। हस्तान्तरण भईसकेका सामुदायिक वनको विधान र कार्ययोजना परिमार्जन गर्दा पनि पहिले समावेश नभएका वा हुन नसकेका टाढाका उपभोक्ताहरूसँग छलफल एवं अन्तरक्रिया गरी सहमतिबाट उनीहरूलाई समावेश गर्न सकिन्छ। उपभोक्ता पहिचान कसैको पनि परम्परागत भोगाधिकार नछिनिने गरी हुनु पर्दछ।

वन पहिचान गर्नको लागि अवस्था हेरी निम्न आधारहरू लिन सकिन्छ :

- परम्परागत रूपमा प्रयोग गरिरहको वन
- संरक्षण तथा व्यवस्थापन गर्न सकिने वन

सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुऱ्याउने योगदान र वनक्षेत्रमा गर्ने उपयोगको आधारमा वर्गीकरण गरी सहयोग गर्न सकिने केही उपायहरू:

- एक वा एक भन्दा बढी समूह मिलेर वनपैदावार सहुलियत दरमा उपलब्ध गराएर
- वनबाट टाढाका क्षेत्रमा वनपैदावार डिपो स्थापना गरेर
- बिरुवा उत्पादन तथा वितरणमा सहयोग गरेर
- खाली जग्गामा बृक्षारोपण गर्न सहयोग गरेर
- सामुदायिक विकासका क्रियाकलापहरूमा सहयोग पुऱ्याएर
- आयमूलक कार्यक्रममा कोष परिचालन गरेर

उपभोक्ता तथा वनक्षेत्र पहिचानका लागि गर्नुपर्ने कार्यहरू :

- प्रत्येक टोलबाट सबै जातजाति, वर्ग, महिला, बुढापाका र वन सम्बन्धी जानकारी भएका व्यक्तिहरूको सहभागितामा छलफल गरी सहभागितामूलक सामाजिक तथा श्रोतनक्सा तयार गर्ने।
- नक्सा तयार गरेपछि उपभोक्ता घरधुरी, उनीहरूले उपभोग गर्दै आएको वनक्षेत्र, टोल र उपभोक्ताहरूको श्रोत माथिको सम्बन्ध र समुदाय तथा वनको वर्तमान अवस्थाको मूल्याकंन गरी भविष्यमा चाहेको अवस्थाको बारेमा छलफल गर्ने ।
- घरधुरीका सूचीमा उपभोक्ता समूहको सदस्यता नम्बर वा घरधुरी नम्बर राख्ने ।
- उपभोक्ता पहिचानमा विवाद आएमा छलफल गरी टुङ्गयाउने, नटुङ्गिएमा सशक्तीकरणको प्रक्रिया अपनाई आम सहमतिबाट टुङग्याउने ।
- कुनै पनि उपभोक्ता नछुटुन् भनी चनाखो रहने ।

## २.३ उपभोक्ता सशक्तीकरण

यस सिलसिलामा घर-घर वा टोल-टोलमा गई सकेसम्म सबै घरधुरीका सदस्यहरूसँग वन सम्बन्धी नीति र कानुन, सामुदायिक वनको कानुनी र सामाजिक मान्यता, उपभोक्ताको अधिकार र कर्तव्य तथा सामुदायिक वन बनाउने प्रक्रियाबारे व्यापक छलफल गर्नु पर्दछ। कुनै पनि उपभोक्ता नछुटुन् भन्नाका लागि वरपरका वासिन्दाहरूसँग पनि छलफल गर्नु पर्दछ। यस क्रममा विधान तथा कार्ययोजनालाई आवश्यक पर्ने जानकारी पनि संकलन गर्नुपर्छ। सो जानकारी संकलन गर्न फारम अनुसूची १ मा राखिएको छ।

उपभोक्ता सशक्तीकरणका क्रममा गरिने छलफलका विषयवस्तु

- सामुदायिक वन सम्बन्धी वर्तमान नीति
- सामुदायिक वन सम्बन्धी कानुन

- उपभोक्ताको काम, कर्तव्य र अधिकार
- वन व्यवस्थापनको परम्परागत तरिका
- वनमाथिको निर्भरता
- विधान र कार्ययोजना निर्माण प्रक्रिया
- सामुदायिक वनले महिला, विपन्न, दलित, आदिबासी, जनजाति, आदिको जीविकोपार्जनमा पुऱ्याउन सक्ने योगदान
- समुदाय भित्र रहेका असल अभ्यासहरू
- सामुदायिक वनका विशेषताहरु (आमसहभागिता, आमसहमति, न्यायोचितता, लैङ्गिक समानता र समता, जीविकोपार्जन, श्रोतमाथिको पहुँच तथा अधिकार, श्रोतको एकीकृत व्यवस्थापन, पारदर्शिता, दिगो वन व्यवस्थापन आदि)

सशक्तीकरणका क्रममा प्रयोग गर्न सकिने सामगीहरू:

- वन ऐन परिच्छेद ४, ९ र नियमावली परिच्छेद ५, १३
- वन विकास गरुयोजनाका मुख्य अंश
- सामुदायिक वनको निर्देशिका र मार्गदर्शन
- सामुदायिक वनश्रोत सर्वेक्षण मार्गदर्शन २०६१
- पत्ल्याउने मार्गदर्शन २०६४
- वनक्षेत्रका लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति २०६४
- समूह गठन र समूह/उपभोक्ताको काम कर्तव्य र अधिकार सम्बन्धी पोष्टर र पम्प्लेट
- घरधुरी जानकारी संकलन गर्ने फारम

## २.४ विपन्न र समान चाहना भएका समूहहरूको पहिचान

सामुदायिक वनको माध्यमबाट गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउन, श्रोतको न्यायोचित वितरण गर्न आवश्यक नियम तथा योजना बनाउन, निर्णय प्रक्रियामा विपन्न वर्ग र महिलाका पहुँच बढाउन समान चाहना भएका समूहहरूको पहिचान गर्न आवश्यक हुन्छ । ती वर्गको पहिचान पनि समुदायबाट हनु पर्दछ ।

पहिचान गर्दा गर्नु पर्ने कार्य

- विपन्न वर्गको पहिचानको आवश्यकता र आचित्यबारे छलफल गर्ने ।
- सहभागितामूलक तरिकाबाट सम्पन्नता स्तरीकरण गर्न (सम्पन्नता स्तरीकरण गर्दा सामाजिक, आर्थिक, भौतिक, प्राकतिक, मानवीय स्रोतलाई आधार मानी स्रोतको पहुँच र नियन्त्रणमा कमी भएकालाई विपन्न वर्ग भनी पहिचान गर्ने) ।

- समान चाहना भएका साना समूह (जस्तैः बाख्रापालन, जडीबुटी खेती, गोल पोल्ने आदि) समेतको पहिचान गर्ने ।

### सम्पन्नता स्तरीकरण

वन उपभोक्ता समूहमा संलग्न घरधुरीहरूको सामाजिक-आर्थिक अवस्था साधारणतया फरक-फरक हुने गर्दछ र त्यस अनुसार उनीहरूको समस्या, आवश्यकता, क्षमता पनि फरक-फरक हुन सक्दछन् । तसर्थ विभिन्न सामाजिक-आर्थिक अवस्था भएका उपभोक्ताहरूको पहिचान गरी सोही बमोजिम कार्यक्रम/योजना निर्माण गर्नु राम्रो हुन्छ । यसका लागि उपभोक्ताहरूको सहभागितामूलक सम्पन्नता स्तरीकरण गरी कुन घरधुरी विपन्न, मध्यम, वा सम्पन्न कुन स्तर/वर्गमा पर्छ, पहिचान गर्नु पर्दछ । यसरी स्तरीकरण गर्दा स्तरीकरणका आधारहरू उपभोक्ता स्वयंले नै तय गर्नु पर्दछ । विपन्न वर्ग भित्र पनि अति विपन्न घरधुरीहरू पहिचान गरी उनीहरूको लागि विशेष कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्दछ । आवश्यक भएमा सहजकताले प्रक्रिया सहजीकरणमा सहयोग पुऱ्याउन सक्दछन् । यसरी स्तरीकरण गरिसकेपछि सोको नतिजा विधानमा उल्लेख गर्नुपर्दछ । त्यसपछि विपन्न वर्गका उपभोक्ताहरूसँग बसेर उनीहरूको चाहना, आवश्यकता र क्षमता अनुसारका योजना/कार्यक्रम तय गर्न सहजकताले सहयोग पुऱ्याउनु पर्दछ । यसरी पहिचान भएका उपभोक्तालाई समूहमा भएको स्रोतबाट न्यायोचित रूपमा पुऱ्याउन सकिने फाइदाका बारेमा विधानमा उल्लेख गर्नु पर्दछ ।

# परिच्छेद - ३

## ३. उपभोक्ता समूह गठन तथा दर्ता

यस परिच्छेदमा उपभोक्ता समूह गठन, समूहका विधान तयारी र समूह दर्ता प्रक्रिया समोवश गरिएको छ । उपभोक्ताको पहिचान र सशक्तीकरणको प्रक्रियाबाट प्राप्त जानकारी तथा महिला, दलित, बिपन्न, आदिबासी, जनजाति, नजिक तथा टाढाका उपभोक्ता, आदिबासी जनजातिका पारम्परिक संस्था र समान चाहना भएका उप-समूहहरू समेतसँग छलफल तथा समन्वय गरी विधानको खाका तयार गर्नु पर्दछ । त्यसपछि उक्त खाका साधारण सभामा प्रस्तुत गरी आम सहमतिबाट पारित गनुपर्दछ ।

उपभोक्ता समूह गठन तथा विधान तयारी गर्दा निम्न कार्य गर्नु पर्दछ ।

### ३.१ जानकारी विश्लेषण

घरधुरी भेटघाट, सर्वेक्षण र टोल/बस्तीमा भएका छलफलबाट प्राप्त घरधुरी संख्या, परिवार संख्या, पशु संख्या, सामाजिक-आर्थिक अवस्था, पेशा, शैक्षिक अवस्था, जनशक्ति, जातजाति, वनपैदावारहरूको आवश्यकता तथा आपूर्तिको अवस्था, उपभोक्ताहरूले भोगेका समस्या तथा अन्य जानकारीको बुँदागत विश्लेषण गर्नु पर्दछ । कुनै कुनै घरको विशष खालको समस्या र चाहना हुन सक्छन् । जानकारी विश्लेषण गर्दा त्यस्ता कुराहरूलाई ध्यान दिनु जरुरी छ । विश्लेषणबाट प्राप्त जानकारीलाई समान चाहना भएका समूह र टोलमा छलफल गरी विधानमा समावेश गर्नुपर्दछ । यसरी प्राप्त हुन जानकारी कार्ययोजना तयार गर्नका लागि समेत उपयोगी हुनसक्छ ।

### ३.२ समान चाहना भएका उपभोक्ताहरूबीच छलफल

अवसरबाट वञ्चित विपन्न, महिला, दलित, मधेशी, आदिबासी, जनजाति, एवं पछाडि पारिएका वर्गहरू र टाढाका उपभोक्ताहरूसँग विधानमा उल्लेख हुनुपर्ने बुँदाहरूमा छुट्टा छुट्टै छलफल गर्नु पर्दछ । छलफलको क्रममा यी वर्गका समस्याका साथसाथै विधानमा उल्लेख हुनुपर्ने बुँदाहरूको टिपोट तयार गर्नुपर्दछ । यसरी साना समूहमा छलफल गर्दा सबैले आ-आफ्ना कुरा राख्ने मौका तथा अवसर पाउने वातावरण तयार गर्नु पर्दछ । साथै समान चाहना भएका सदस्यहरूलाई साधारणसभामा आफ्ना कुरा निधक्कसँग राख्न प्रोत्साहित गर्नु पर्दछ । यस्ता स-साना समूहमा छलफल गर्दा यी उपभोक्ताहरूको आवश्यकता तथा उपलब्ध स्रोतलाई हेरेर सम्भावित जीविकोपार्जनको योजना पनि बनाउन प्रावधान विधानमा उल्लेख गर्नु पर्दछ ।

## ३.३ विपन्न तथा पछाडि पारिएका वर्गका उपभोक्ताहरूसँग छलफल

अवसरबाट वञ्चित यी वर्गका उपभोक्ताहरूका समस्या, आवश्यकता, चाहना तथा क्षमताहरू फरक-फरक हुन सक्छन् । त्यस्ता फरक कुराहरू ठूला समूहमा खुला रूपमा छलफल नहुन वा नसुनिन पनि सक्दछन् । तसर्थ यी वर्गका उपभोक्ताहरूका आवश्यकता र समस्यालाई समेटी सो कुरा विधानमा नै उल्लेख गर्नका लागि उनीहरूसँग विस्तृत रूपमा छुट्टा छुट्टै छलफल गर्नु पर्दछ । विपन्न र पछाडि पारिएका उपभोक्ताहरूलाई सामुदायिक वनबाट फाइदा पाउनु आफ्नो पनि अधिकार हो भन्ने महशुस गराउनु पर्दछ । यसो गर्दा ठूला सभामा बोल्न नसक्ने उपभोक्ताहरूले स-साना समूहमा आफ्ना सरोकारका विषयहरू प्रष्टसँग राख्न पाउँदछन । यस्ता स-साना समूहसँगका अन्तरक्रिया/बैठकहरूमा विधानमा उल्लेख हुनुपर्ने सम्पूर्ण बुँदाहरूका बारेमा छलफल हुनु पर्दछ, छलफलबाट आएका कुराहरूको टिपोट तयार गर्नुपर्दछ र यी वर्गका उपभोक्ताहरूको आवश्यकता तथा क्षमतालाई समेटिने गरी उनीहरूसँग बसेर योजना बनाउनु पर्दछ । यसरी योजना बनाउदा वनमा मात्र सीमित नभई अलि फराकिलो हिसाबले सम्बन्धित अन्य विषयहरूलाई पनि समेट्नु पर्दछ। यस्ता छलफलमा सबलाई सहभागी हुन सक्ने वातावरण तयार गरी समान चाहना भएका उपभोक्ताहरूलाई साधारण सभामा आफ्नो कुरा निर्धक्कसँग राख्न प्रोत्साहित गर्नुपर्दछ ।

## ३.४ टाठाबाठा तथा सम्पन्न उपभोक्तासँग छलफल

यस प्रक्रियालाई समावेशी तथा प्रभावकारी बनाउनका लागि समुदायमा रहेका टाठा बाठा तथा सम्पन्न उपभोक्ताहरूको सहयोग तथा भूमिका महत्वपूर्ण हुन सक्दछ । तसर्थ अधिकारमुखी अवधारणाको बारेमा यी वर्गका उपभोक्तासँग छलफल गरी यसको आवश्यकता महशुस गराएर सहयोग लिन उपयक्त हुन्छ ।

## ३.५ गाउँबस्ती र टोल छलफल

उपभोक्ताहरू विभिन्न टोलमा विभाजित भएर रहेका हुन सक्छन् । विभिन्न गाउवस्ती/टोलका उपभोक्ताका समस्या, वनपैदावारको आवश्यकता, टोल विकास सम्बन्धी सवाल तथा चाहनाहरू फरक फरक हुन सक्दछन् । त्यस्ता फरक विचारहरू ठूला समूह छलफलमा छुट्न पनि सक्छन् । तसर्थ विधानमा उल्लेख गरिनु पर्ने हरेक कुराहरू टोल स्तरमा रहेका उपभोक्ताहरूसँग विस्तृत रूपमा छलफल गर्नु पर्दछ । यसरी छलफल गरेपछि प्रत्येक टोलका छुट्टाछुट्टै योजना पनि बन्न सक्छन् । यस्ता टोल बैठकमा टोलका विपन्न, महिला, दलित, आदिबासी, जनजाति, मधेशी, पछाडि पारिएका वर्ग लगायत सबै उपभोक्ताहरूलाई सहभागी बनाउन अत्यन्त जरुरी छ । कुन समयमा कुन ठाउँमा टोल बैठक बस्दा सबैलाई पायक पर्दछ सो कुरामा विशेष ध्यान दिनु जरुरी हुन्छ ।

## ३.६ विधानको खाका तयारी

विभिन्न स-साना समूहहरूको छलफलबाट आएका बुँदा र सवालहरूलाई विश्लेषण गरी विधानमा उल्लेख हुनुपर्ने बुँदाहरूका आधारमा खाका तयार गर्नु पर्दछ। यसो गर्दा घरधुरी सर्वेक्षण, साना समूह छलफल, टोल छलफलबाट आएका जानकारीलाई विश्लेषण गरी मिल्दाजुल्दा कुराहरूलाई समेट्नु पर्दछ । कुनै कुराहरू बाझिएका छन् भने तिनको पनि टिपोट गरी सहमतिका लागि साधारण सभा बस्नु अगाडि सम्बन्धित पक्षहरूबीच छलफल गनुपर्दछ। विधानको खाका तयार गर्दा विपन्न तथा पछाडि पारिएकाहरूको चाहना, आवश्यकता, समस्या समेटिने खालका प्रावधान राख्नुपर्दछ।

साधारण सभा आयोजना गर्नु पूर्व मिति र स्थान तोकेर सबै उपभोक्तालाई खबर गर्नुपर्दछ । सम्बन्धित सरोकारवाला तथा सहयोगी निकायलाई आमन्त्रण गर्नु पर्दछ । कार्यक्रमको रूपरेखा र साधारण सभाको सञ्चालन प्रक्रियाबारे प्रयाप्त तयारी गर्नुपर्दछ। साधारण सभामा सबै उपभोक्ता विशेष गरी विपन्न, महिला, दलित, पछाडि पारिएका वर्गहरूको फुर्सदलाई विचार गरी सकेसम्म सबैलाई पायक पर्ने समय र ठाउँमा आयोजना गर्नु पर्दछ। यसरी साधारण सभामा सबै वर्गका उपभोक्ताहरूको सक्रिय सहभागिताको वातावरण तयार गरेर सबै पक्षका कुराहरू सुन्न र छलफल गर्ने कार्यलाई पनि तयारीकै क्रममा सुनिश्चित गर्नु पर्दछ । वन उपभोक्ता समूह गठन तथा विधान तयारीको प्रक्रियामा ईलाका, वन उपभोक्ता महासंघ, शिक्षक, जानकार, स्थानीय निकाय, स्थानीय स्रोतव्यक्ति, गै.स.स.का सहजकर्ताहरू रहेछन् भने उनीहरूसँग पनि छलफल गरी थप जानकारी, सुझाव तथा सहयोग लिन सकिनेछ। विधानमा उल्लेख हुनुपर्ने कुराहरू अनुसूची २ मा दिइएको छ।

## ३.७ विधानका खाका पारित

माथि उल्लेख भए अनुसार विभिन्न चरणमा विभिन्न वर्गका उपभोक्ताहरूसँग छलफल गरिसकेपछि आएका जानकारीलाई विश्लेषण गरी विधानलाई अन्तिम रूप दिन साधारण सभाको आयोजना गर्नु पर्दछ । धेरै उपभोक्ता भएको समूहमा टोल/गाउँबस्तीबाट प्रतिनिधि छनोट गरी साधारण सभामा सहभागिता गर्ने व्यवस्था मिलाउन पनि सकिनेछ। विधानको खाकालाई बुँदागत रूपमा प्रस्तुत गरेर सबैसँग छलफल गरी आमसहमतिबाट विधान पारित गराउनु पर्दछ। कुनै विषय वा बुँदामा फरक फरक मत आएमा सम्बन्धित पक्ष बीच पूनः छलफल गराई सहमतिमा ल्याउनु पर्दछ । यसरी साधारणसभा आयोजना गर्दा सम्पूण उपभोक्ता, विशेष गरी विपन्न, महिला, दलित उपभोक्ताहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नुपर्दछ। साधारण सभामा कम्तिमा पनि ५० प्रतिशत विपन्न, महिला, दलितहरूका सहभागिता हुने वातावरण तयार गर्नु आवश्यक छ । साधारण सभाका लागि हरेक घरधुरीबाट कम्तिमा एक-एक जना महिला र पुरुष अनिवार्य उपस्थित हुन प्रेरित गर्नु पर्दछ। साथै सञ्चालनकर्ताले यी वर्गका उपभोक्ताले आफ्ना कुरा राख्न नसकेको अवस्थामा आफैले पनि उनीहरूको विचार/सवालहरूलाई छलफलमा ल्याउनु पर्दछ । एउटा

टोलको वा समान चाहना भएका उपभोक्ताहरू साधारण सभाका बेलामा एक ठाउमा बस्ने व्यवस्था मिलाउन सके छलफल गर्न सजिलो हुन्छ ।

**उपभोक्ता समितिको गठन**

साधारण सभाबाट उपभोक्ता समितिका गठन गर्नु पर्दछ । यसरी समिति गठन गर्दा सबै वर्गका उपभोक्ताहरू जस्तैः विपन्न, महिला, दलित, आदिबासी, जनजाति आदिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ । समितिमा विपन्न, दलित, आदिबासी, जनजाति समेतका प्रतिनिधित्व हुने गरी कम्तिमा ५० प्रतिशत महिलाको अनिवार्य व्यवस्था गर्नुपर्दछ । बाँकी ५० प्रतिशतमा पनि विपन्न, दलित, आदिबासी, जनजाति र जातजातिका समानुपातिक प्रतिनिधित्व गर्नु पर्नेछ । अध्यक्ष र सचिवमध्ये एक जना महिला हुनुपर्नेछ । समिति गठन गर्दा सबै टोलका प्रतिनिधित्व हुने व्यवस्था मिलाउनु पर्दछ । समिति चयन गर्दा सकेसम्म आमसहमतिको आधारमा गर्नु पर्दछ । यसरी चयन भएका समितिका पदाधिकारीहरुले साधारण सभा समक्ष प्रतिबद्धता व्यक्त गर्नु पर्नेछ । उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारीहरु सार्वजनिक पद धारण गर्ने व्यक्ति मानिने छन् । उपभोक्ता समूह सदस्य र समितिका पदाधिकारीहरुले समूहको विधान विपरित कार्य गरेमा उपभोक्ता समूहले, वन तथा वन पैदावार हानी नोक्सानी गरेमा वन ऐन वमोजिम र अख्तियारको दुरुपयोग तथा आर्थिक अनियमितता गरेमा प्रचलित कानुन वमोजिम कारवाही हुनेछ ।

समूहले आवश्यकता अनुसार विभिन्न उपसमिति जस्तै टोल, आयआर्जन, अनुगमन, कोष परिचालन आदि गठन गरी काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

नोटः उपभोक्ता समूहले विपन्न, महिला, दलित, आदिबासी, जनजाति लगायत सबै वर्गका उपभोक्ताहरूको सक्रिय सहभागिता गराई आम सहमतिका आधारमा निर्णय गर्नुपर्दछ । विधानमा उपभोक्ता घरधुरीका विवरण उल्लेख गर्दा प्रत्येक घरधुरीबाट घरमुलीका रूपमा एक महिला र एक पुरुष गरी दई जनाको नाम समावेश गर्नु र त्यस घरधुरीमा भएका सबै परिवार संख्यालाई उपभोक्ताको रूपमा उल्लेख गर्नु पर्दछ । समूहको निर्णय प्रक्रियामा हरेक घरधुरीबाट एक-एक वयस्क महिला र पुरुष गरी दई जनाले भाग लिने व्यवस्था सुनिश्चित गर्नु पर्दछ । आवधिक रुपमा आयोजना गरिने उपभोक्ता समूहको आमभेलामा उपभोक्ता समूहका कुल घरधुरी संख्या मध्ये ५१ प्रतिशत घरधुरीको उपस्थिति नभएसम्म गणपुरक संख्या पुगेको मानिने छैन । तर उपभोक्ता समूह धेरै ठूलो भई एकै पटक आमभेला गर्न व्यवहारिक कठिनाई परी वडा तथा टोल स्तरमा ५१ % घरधुरीको आम भेलाबाट छनोट गरिएका सदस्यहरु रहेको परिषद्का सदस्यहरुको भेलालाई नै समूहको आम भेला मानिनेछ । उपभोक्ता समूह भन्दा बाहिर वनपैदावार बिक्री गर्दा साधारण सभाको निर्णय हुनुपर्ने व्यवस्था विधानमा उल्लेख गनुपर्दछ ।

विपन्न, महिला, दलित आदिबासी, जनजातिका लागि विशेष कार्यक्रम तर्जूमा गर्नु पर्नेछ । सो सम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा दिईएको छ ।

## ३.८ उपभोक्ता समूह दर्ता

उपभोक्ता समूहले समूह दर्ताका लागि समूहको विधान सहित जिल्ला वन कार्यालयमा निवेदन पेश गर्नु पर्दछ । यसरी निवेदन दिंदा अनुसूची ४ वमोजिमको ढाँचामा साधारण सभाको निर्णय प्रतिलिपी संलग्न गर्नुपर्नेछ । निवेदन प्राप्त भएपछि सम्बन्धित जिल्ला वन कार्यालयले अनुसूची ५ वमोजिम कबुलियतनामा गराई उपभोक्ता समूह दर्ता गरेर समूह दर्ताका प्रमाणपत्र प्रदान गर्नुपर्दछ। समूह दर्ता गर्नु अगाडि आवश्यक भए जिल्ला वन अधिकृतले जाँचबुझ गरी, स्थलगत सहजकर्ता तथा कर्मचारीको राय समेत लिई ३० दिन भित्र वन उपभोक्ता समूह दर्ता गरी प्रमाणपत्र दिन सक्नेछ। जिल्ला वन कार्यालयले सो अवधिमा समूह दर्ता गर्न नसक्ने अवस्था भए सोको कारण स्पष्ट खुलाई लिखित रूपमा सम्बन्धित उपभोक्ता समूहलाई जानकारी गराउनु पर्दछ। सामुदायिक वन दर्ता भएपछि कायम गरिने कोड संकेत विधानमा समेत उल्लेख गर्नु पर्दछ। समूह दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूची ६ मा दिईएको छ ।

## ३.९ कोष परिचालन सम्बन्धी व्यवस्था

उपभोक्ता समूहको कोषलाई पारदर्शी तथा न्यायोचित हिसाबले परिचालन एवं सदुपयोग गर्ने कार्यलाई विशेष जोड दिनु पर्दछ । उपभोक्ता समूहको कोषमा रहेको र कोषमा प्राप्त हुनसक्ने आम्दानीलाई विचार गरी वार्षिक योजना तर्जूमा गर्ने परिपाटी बसाल्नु पर्नेछ। यसरी आगामी वर्षको योजना तर्जूमा गरी साधारण सभाबाट निर्णय गरेर मात्र समूहको कोष परिचालन गर्नु पर्दछ। योजना तर्जूमा गर्दा अनुसूची ७.मा संलग्न भएको कार्यक्रमलाई आधार मान्न सकिनेछ ।

कार्ययोजना वमोजिम आर्जन गरेको वार्षिक आम्दानीबाट कम्तिमा २५ प्रतिशत रकम (अनुसूचि ७ क) अनुसारको सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्नेछ । त्यसैगरी समूहको आम्दानीको कम्तिमा ३५ प्रतिशत रकम सहभागितामूलक सम्पन्नता स्तरीकरणलाई आधार मानी विपन्न वर्गका महिला, दलित, आदिबासी, जनजातिका लागि लक्षित कार्यक्रममा परिचालन गर्न व्यवस्था मिलाउनु पर्दछ । बाँकी रकम समूहको वार्षिक योजना तयार गरी साधारण सभाको निर्णय अनुसार सामुदायिक विकास कार्यका लागि खर्च गर्न सकिनेछ। समहको अध्यक्ष वा सचिव र कोषाध्यक्ष सहित दुई जनाको संयूक्त हस्ताक्षरबाट समूहको कोष/खाता सञ्चालन हुनुपर्दछ । तीमध्ये एक जना महिला अनिवार्य हुनुपर्दछ ।

साधारण सभा तथा समितिका हरेक बैठकपछि समूहको आम्दानी खर्चको विवरणसहित मूख्य निर्णयहरू सबैलाई जानकारी गराउने उद्देश्यले सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्दछ। कम्तिमा वर्षको एक पटक समूहको आम्दानी, खर्च, निर्णय आदिको सार्वजनिक लेखापरीक्षण गराउनु पर्दछ। वार्षिक आम्दानी रु. ५० हजारसम्म हुने समूहका लागि समूहले तोकेको व्यक्ति वा समितिबाट लेखापरीक्षण गर्न सकिनेछ भने सो भन्दा बढी आम्दानी हुने समूहको हकमा मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्दछ । लेखा परीक्षकको नियूक्ति समूहको साधारण सभाबाट गर्नुपर्दछ । लेखापरीक्षण प्रतिवेदन तोकिएको म्याद

भित्र ईलाका वा सेक्टर वन कार्यालय मार्फत वा सोझै जिल्ला वन कार्यालयमा पेश गर्नु पर्नेछ । समयमा प्रतिवेदन नबुझाउने समितिका पदाधिकारी उपर प्रचलित कानुन वमोजिम कारवाही हुनेछ ।

### ३.१० क्षतिपूर्तिः

वन्यजन्तु, डढेलो वा अन्य प्राकृतिक प्रकोप लगायतबाट हुने क्षति बापत उपभोक्ता समूहले भएको क्षति र आफनो कोषको अवस्था हेरी तत्काल राहत स्वरुप रकम उपलब्ध गराउन सक्नेछ । तर वन विकास कार्यमा छुट्याईएको २५% रकम यस शिर्षकमा खर्च गर्न पाईने छैन ।

यसरी क्षतिपूर्ति उपलब्ध गराउनुपूर्व क्षति एकिन गर्नका लागि उपभोक्ता समूहले ईलाका वन कार्यालय वा सेक्टर वन कार्यालयको अधिकृतबाट आवश्यक सहयोग लिन सक्नेछन् ।

# परिच्छेद - ४

## ४. सामुदायिक वनको कार्ययोजना तयारी र दर्ता

यस परिच्छेदमा कार्ययोजना तयारी प्रकियाका सम्बन्धमा उल्लेख गरिएको छ। वनपैदावार र त्यसको माग तथा आपूर्ति सम्बन्धमा यसअघि प्राप्त जानकारी सहित वनस्रोत, सामाजिक-आर्थिक अवस्था तथा वातावरणीय स्थिति लगायतका अन्य जानकारीको विश्लेषण गरी टोल-टोल वा समान चाहना भएका समूहहरूमा छलफल गरिन्छ र छलफलबाट प्राप्त जानकारीको आधारमा कार्ययोजना तयार गरी साधारण सभाबाट पारित गराईन्छ।

यस अन्तरगत निम्न कार्यहरू गर्नु पर्दछ।

### ४.१ कार्यतालिका तयारी

कार्ययोजना तयार गर्नुअघि उपभोक्ताहरू बीचका छलफलबाट ४.२ देखि ४.८ सम्मका कार्य कहिले, कसले, कहाँ र कसरी गर्ने भनी कार्यतालिका तयार गरी त्यसलाई कार्यान्वयन गर्नु पर्दछ।

### ४.२ सहभागितामूलक स्रोत नक्सा तयारी

सबै भेगका उपभोक्ताका प्रतिनिधि, सहयोग समिति समेतका संलग्नतामा सहभागितामूलक स्रोत नक्सा तयार गर्नु पर्दछ। नक्सा तयार गर्दा समुदाय र वन क्षेत्रमा भएका स्रोतहरूको पहिचान गरी लेखाजोखा गरिन्छ। यसरी नक्सा तयार गरेपछि समुदायले आफ्नो समुदाय र वनक्षेत्रको भविष्यमा चाहको अवस्था अर्थात् परिकल्पना निर्धारण गर्नको लागि छलफल गर्न सकिन्छ।

### ४.३ सहभागितामूलक वनस्रोत अवलोकन

सबै भेगका उपभोक्ता प्रतिनिधि, सहयोग समिति समेतको संलग्नतामा वनक्षेत्रको विभिन्न कोण वा दिशामा पुग्न गरी स्थलगत अवलोकन भ्रमण गर्नुपर्दछ। यसरी भ्रमण गर्दा त्यहाँका स्रोत, धरातलीय स्वरूप अवलोकन गरी विविध जानकारीहरू संकलन गर्नुको साथै संभावित व्यवस्थापनको क्रियाकलापहरूमा समेत छलफल गर्न सकिन्छ। अवलोकन भमणको क्रममा सहभागितामूलक स्रोत नक्सा साथ लिई जान उपयोगी हुन्छ।

### ४.४ तथ्याङ्क विश्लेषण

विधान तयारीको क्रममा लिईएको सामाजिक, आर्थिक, मानवीय, प्राकतिक, भौतिक स्रोत, तथ्य तथ्यांकहरूको विश्लेषण गर्नु पर्दछ। जाति, वर्ग, टोल अनुसार वनपैदावारको आवश्यकता, जीविकोपार्जन सुधार र

सामुदायिक विकासको विश्लेषण गर्नु पर्दछ । विश्लेषणको नतिजा कार्ययोजना तयारी गर्दा उपयोग गर्नु पर्दछ ।

## ४.५ वन सिमाना सर्वेक्षण

प्रस्तावित सामुदायिक वनको सिमाना सर्वेक्षणको लागि नापी शाखाबाट प्राप्त नक्सालाई आधार बनाउनु पर्दछ । यसका लागि GPS वा कम्पासको प्रयोग गर्न सकिनेछ ।

## ४.६ स्रोतमापन एवं विश्लेषण

स्रोत सर्वेक्षण गर्दा निम्न कार्यहरू गर्नु पर्दछ :

- कार्ययोजना तयार गर्नका लागि गरिएका घरधुरी सर्वेक्षणबाट प्राप्त जानकारीहरूको विस्तृत विश्लेषण गरी टोल एवं समान चाहना भएका समूह अनुसार लगत तयार गर्ने ।
- समूहको आवश्यकता, वनको अवस्था र वन व्यवस्थापनको उद्देश्य अनुसार सामुदायिक वनलाई आवश्यकता अनुसार खण्ड (Block), उपखण्ड (Sub-Block) र कार्यक्षेत्र (Working Unit) मा विभाजन गर्ने ।
- वनस्रोत सर्वेक्षण मार्गदर्शन अनुसार हरेक खण्ड तथा उपखण्डको वनपैदावारको मौज्दात (Growing Stock) र वार्षिक वृद्धिदर पत्ता लगाई वार्षिक संकलन गर्न सकिने परिमाण (Annual Allowable Cut) निर्धारण गर्ने ।
- स्रोत सर्वेक्षण गरी वन कार्ययोजना तयार गर्दा वातावरणीय, आर्थिक र सामाजिक पक्षलाई ध्यान दिनु पर्नेछ ।
- वृक्षारोपण तथा प्राकृतिक वनमा मौज्दात रुख संख्याको आधारमा पत्ल्याउने पद्धति (Thinning Regime) लागु गरी वार्षिक रूपमा हटाउनु पर्ने रुखको संख्या निर्धारण गर्ने ।
- उपभोक्ताहरूको वनपैदावारको माग र त्यसको आपूर्तिको लागि वनबाट वार्षिक रूपमा संकलन गर्न सकिने परिमाणको विश्लेषण गरी वन सम्बर्धनका क्रियाकलापहरू जस्तै एक्ल्याउने, झाडी सफाई, काटछाँट गर्ने, पत्ल्याउने आदिको पहिचान गर्ने । यसरी वन सबर्द्धनको कार्य गर्दा महत्वपूर्ण गैर काष्ठ वनपैदावार तथा अन्य उपयोगी वनस्पतिलाई नोक्सानी नहुने गरी गर्नुपर्दछ ।
- वनपैदावारको आवश्यकता पूरा गर्न वैकल्पिक उपायको खोजी गर्ने । जस्तैः नीजि क्षेत्रमा वृक्षारोपण एवं संरक्षण, सुधारिएको चुल्हो, सोलार, बायोग्याँस, वनस्पती कोईला आदि ।

सिमांकन तथा स्रोत सर्वेक्षण गर्ने क्रममा कस्ता खालका उद्यमहरू स्थापना गर्न सकिन्छ भन्ने बारेमा पनि छलफल चलाउनु राम्रो हुन्छ । विपन्नहरूका लागि आयमूलक कार्यमा प्रयोग गर्न दिन सकिने खालको जग्गा छ भने कुन ठाउँमा कति दिन सकिन्छ भन्ने पनि यही बेला ख्याल गर्नु पर्दछ । वनपैदावारमा आधारित उद्यम

स्थापनाका लागि आवश्यक पर्ने वनपैदावारको विस्तृत सर्वेक्षण गर्नु राम्रो हुन्छ । जस्तैः बेल, काफल, गुराँसका सर्वत, धसिंगरको तेल, अल्लोको धागो, पातको दुना टपरी, वनस्पती कोईला, लोक्ताको कागज, बेत, बाँस र निगालोका उत्पादन आदिको स्रोत सर्वेक्षण गरी प्राप्त जानकारीको विश्लेषण गरेर त्यसको संक्षिप्त विवरण कार्ययोजनामा राख्नु पर्दछ । यस सम्बन्धी सम्पूर्ण कागजातहरू छुट्टै फाईल बनाएर राख्नु पर्दछ ।

## ४.७ वातावरणीय सेवा सुविधा

सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हने जलश्रोत, जलाधार एवं जैविक विविधता संरक्षण, भू-दृश्य-सौन्दर्य तथा कार्वन-संचिति जस्ता वातावरणीय सेवाहरूको सम्भावनाको खोजी गरी तिनको उपयोग गरेर आयआर्जनको अवधारणालाई अगाडि बढाउन सकिनेछ ।

## ४.७.क : जलवायु परिवर्तन अनुकूलन योजनाः

सामुदायिक वन उपभोक्ता समुहले समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन योजना तयार गर्न सक्नेछ र यसरी तयार गरिएको अनुकूलन योजना जिल्ला वन अधिकृतबाट स्विकृत भएपछि समुहको कार्य योजनाको अंग मानिने छ ।

## ४.८ समान चाहना समूह तथा टोल छलफल

स्रोत विश्लेषणबाट प्राप्त जानकारी टोल बैठक तथा समान चाहना भएका समूहहरूमा छलफल गर्नु पर्दछ । छलफल गर्दा विपन्न, महिला, दलित, जनजाति, आदिबासी वर्गका तथा वनबाट टाढा रहेका उपभोक्ताहरूको वनपैदावारको आवश्यकताको बारेमा समेत छलफल गर्नुपर्दछ । त्यसपछि कार्ययोजनामा उल्लेख हुनुपर्ने विषयवस्तुहरूका बारेमा उपभोक्ता समितिमा छलफल गर्नु पर्दछ र यिनै विषयवस्तुहरूमा साधारण सभामा छलफल गरी आम सहमतिका आधारमा पारित गर्नु पर्दछ। कार्ययोजनामा समावेश हुनुपर्ने महत्वपूर्ण पक्षहरू अनुसूची ८ मा दिईएको छ ।

## ४.९ साधारण सभाबाट कार्ययोजना अनुमोदन

हरेक गाउँबस्ती र टोल बैठक तथा समान चाहना भएका समूहमा छलफल भएर आएको कुराहरूलाई समूहको साधारण सभामा पेश गरी आम सहमतिका आधारमा पारित गर्नुपर्दछ। यसमा विधान तयार गर्दा अपनाईने प्रक्रियाहरू नै अपनाएर छलफल गराउन सकिन्छ। छलफल गराउँदा सकेसम्म विषयवस्तुहरू नछुटुन भनेर खुब सचेत रहनु पर्दछ । वन उपभोक्ता समूहका सदस्यहरूले वन कार्ययोजनाको बारेमा जिल्ला वन कार्यालयसँग पनि छलफल गर्न सक्नेछन् । वनको अवस्थाका आधारमा कार्ययोजनाको अवधि ५ देखि १० वर्षको बनाउन सकिनेछ ।

## ४.१० वन कार्ययोजना स्वीकृति तथा वन हस्तान्तरण

उपभोक्ता समूहले राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा लिन चाहेमा अनुसूची ९ बमोजिमको ढाँचामा निवेदन र साधारण सभाबाट अनुमोदित कार्ययोजना साथै राखी स्वीकृतिको लागि उपभोक्ता समूहका तर्फबाट समितिका अध्यक्षले हस्ताक्षर गरी ईलाका वा सेक्टर वन कार्यालय वा जिल्ला वन कार्यालयमा पेश गर्नु पर्दछ। जिल्ला वन अधिकृतले उपभोक्ता समूहले तयार गरेको कार्ययोजना आवश्यक जाँचबुझ गरी स्वीकृत गरेर सामुदायिक वन दर्ता गर्नु पर्दछ। कार्यालयमा पेश भएको कार्ययोजना वन ऐन र नियमावली विपरित भएमा जिल्ला वन अधिकृतले प्रष्ट कारण दर्शाइ कार्ययोजना ३० दिन भित्र वन उपभोक्ता समूहलाई फिर्ता पठाउनु पर्दछ। जिल्ला वन अधिकृतले औंल्याएको विषयवस्तुहरूमाथि उपभोक्ता समूहमा छलफल गरी निर्णय भए अनुसार कार्ययोजना परिमार्जन गरी जिल्ला वन कार्यालयमा पूनः पेश गर्नु पर्दछ। यसरी पेश गरको ३० दिन भित्र कार्ययोजना जिल्ला वन अधिकृतले स्वीकृत गर्नु पर्दछ। स्वीकृत गर्न नसकिने अवस्था भएमा सो को कारण सहित लिखित जानकारी समूहलाई दिनु पर्दछ। वन कार्ययोजना स्वीकृत भएपछि समूहलाई अनुसूची १० अनुसार कबुलियतनामा गराई जिल्ला वन कार्यालयले अनुसूची ११ अनुसारको सामुदायिक वन दर्ताको प्रमाण पत्र प्रदान गरी डाटा-बेस फारम भरी वन विभागमा पठाउनु पर्नेछ।

स्वीकृत कार्ययोजनाको प्रतिलिपि वन उपभोक्ता समूह, सम्बन्धित ईलाका, सेक्टर वन कार्यालय, जिल्ला वन कार्यालय र क्षेत्रीय वन निर्देशनालयमा राख्नु पर्दछ। परिच्छेद २ को बुँदा २.२ मा उल्लेख भए वमोजिम मान्यता पाएका सामुदायिक वन भए सम्बन्धित जग्गा धनी संस्थालाई पनि एक प्रति कार्ययोजना दिनुपर्दछ।

वन कार्ययोजनाको मुखपृष्ठको ढाँचा अनुसूची १२ मा दिईएको छ। मुखपृष्ठमा राष्ट्रिय डाटा-बेसका कोड नम्बर उल्लेख गर्नु पर्दछ।

# परिच्छेद - ५

## ५. विधान तथा वन कार्ययोजना कार्यान्वयन

यस परिच्छेदमा विधान तथा वन कार्ययोजना कार्यान्वयनको क्रममा वन उपभोक्ता समूहले अपनाउनु पर्ने प्रक्रियाको बारेमा उल्लेख गरिएको छ। समितिले वन हस्तान्तरणपछि विधान र कार्ययोजना सहित नियमित रूपमा टोल तथा समान चाहना भएका समूहमा गई यसमा उल्लेखित प्रावधानहरू सबै उपभोक्ताहरूलाई बुझाउनु पर्दछ । यसो गर्दा समूहले स्थानीय स्रोतव्यक्तिको सहयोग लिन सक्नेछ । वन कर्मचारीहरू र सामुदायिक वन विकास कार्यक्रमसँग सम्बद्ध अन्य सरोकारवालाहरूलाई पनि उक्त छलफलमा संलग्न गराउँदा प्रभावकारी हुन जान्छ ।

सामुदायिक वनको विधान तथा वन कार्ययोजना कार्यान्वयन गर्दा निम्न कार्यहरू गर्नु पर्दछ ।

### ५.१ वार्षिक योजना तर्जूमा र कार्यान्वयन

विधान र वन कार्ययोजना अनुसार समूहले प्राप्त गर्ने अनुमानित आम्दानी, प्रस्तावित खर्च र उपलब्ध स्रोतलाई आधार मानी वार्षिक योजना तयार गर्नु पर्दछ। वार्षिक योजनामा वन भित्र गरिने वन व्यवस्थापनका कार्यक्रम, समूहको सदस्यको क्षमता अभिवद्धि गराउन तालिम र गोष्ठी र भ्रमण कार्यक्रम, दलित, जनजाति, महिला र विपन्न वर्गका लागि जीविकोपार्जनमा टेवा पुऱ्याउने खालका कार्यक्रम तथा संस्थागत विकास र सामुदायिक विकासका कार्यक्रमहरू पर्दछन् । सबै टोल र समान चाहना भएका समूहसँग छलफल गरी सबैका विचार समेटर वार्षिक कार्यक्रम तयार गर्नु पर्दछ। यसरी तयार गरेको कार्यक्रम समूहको साधारण सभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्दछ ।

### ५.२ सुशासन सुदृढीकरण

सुशासन सुदृढीकरण गर्न उपभोक्ताहरूले आफ्नो अधिकारको खोजी गर्नुका साथै जिम्मेवारी बहन गर्नु पर्दछ। उपभोक्ता समूहको सुशासनको सुदृढीकरण भएमा अन्य सेवा प्रदायक निकायहरूमा समेत पारदर्शिता र जवाफदेहिता वृद्धि गर्न मद्दत पुग्दछ ।

सुशासन सुदृढीकरणका लागि निम्न कार्यहरू गर्नुपर्दछ :

- समूहमा सुशासन सुदृढ गर्नको लागि आवश्यक सुचकको निर्धारण गर्नु पर्दछ। यिनै सुचकको आधारमा समूहको साधारण सभामा छलफल गरी सुशासनको अवस्था आँकलन गर्न सुशासन सुदृढीकरण योजना तयार गर्नु पर्दछ। यसको लागि माकुरी जालो विधिको पनि प्रयोग गर्न सकिन्छ ।

- समूहको कार्यक्रम, आम्दानी, खर्च, वनपैदावारको विक्री वितरण, समूहमा भएको निर्णयहरू र कार्यान्वयनको अवस्था आदिको बारेमा वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षण गर्नु पर्दछ ।
- समूहको आम्दानी, खर्च, कार्यक्रम र बैठकको निर्णयको जानकारी नियमित रूपमा उपभोक्तालाई पायक पर्ने सार्वजनिक ठाउँमा टाँस गर्नु र समूहका सदस्यहरूबीच समय समयमा छलफल तथा बहस गर्नु पर्दछ ।
- निर्णय प्रकृयामा दलित, आदिबासी, जनजाति, महिला तथा विपन्न वर्ग, फरक क्षमता (अपांग) भएका वर्गको अर्थपूर्ण सहभागिता जुटाई सो वर्गको नेतृत्व विकासमा सहयोग गर्नु पर्दछ । यी वर्गका लागि सकारात्मक विभेद (समितिमा प्रतिनिधित्व गर्न विशेष ग्राह्यता, क्षमता अभिवद्धिमा विशेष अवसर जस्ता कार्यहरू) समेत गर्नुपर्दछ ।
- वनपैदावार विक्री वितरण र सामुदायिक विकासको कार्यक्रम सञ्चालन गर्न तथा यसको जानकारी समूहका उपभाक्ताहरूलाई निरन्तर रूपमा उपलब्ध गराउन आवश्यकता अनुसार उपसमिति गठन गर्नु पर्दछ ।
- समूहमा सञ्चालन गरिने सबै कार्यक्रमहरूको अनुगमन गर्न महिला, दलित तथा विपन्न वर्गहरूलाई समेत संलग्न गराईं सहभागितामूलक अनुगमन समितिको गठन र अभ्यास गर्नु पर्दछ ।
- समूहमा सम्पन्नता स्तरीकरण गरी छनोट गरिएका विपन्न वर्गले प्राप्त गरेको उपलब्धि र लगानीको कम्तिमा अर्धवार्षिक रूपमा समिक्षा तथा विश्लेषण गर्नुपर्दछ ।

## ५.३ विपन्नमूखी जीविकोपार्जन

विपन्नमूखी जीविकोपार्जन कार्यक्रमलाई प्रभावकारी वनाउनको लागि दलित, जनजाति, महिला तथा विपन्न वर्गमा आफ्नो अधिकारको सुनिश्चितता महशुस हुने खालका कार्यक्रम सञ्चालन गर्नु पर्दछ । दलित, आदिबासी, जनजाति, महिला तथा विपन्न वर्गको आर्थिक सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्न र सहुलियत वा निशुल्क रूपमा वनपैदावार बितरण गर्न उपभोक्ता समितिको जवाफदेहिता हो ।

दलित, आदिबासी, जनजाति, महिला तथा विपन्नमूखी जीविकोपार्जन कार्यक्रम सञ्चालन गरी उनीहरूको सामाजिक एवं आर्थिक अवस्थामा सुधार ल्याउन निम्न कार्य गर्नुपर्दछ :

- वार्षिक योजनामा विपन्न घरधुरीलाई गरिने वस्तुगत र आर्थिक सहयोग एकिन गर्नुपर्छ । सो समूह र विपन्न वर्ग बीचमा लिखित संझौता गर्नु पर्नेछ । सो को नमूना अनुसूची १३ मा उल्लेख गरिएको छ । जीविकोपार्जन सुधारको लागि वनक्षेत्र प्रयोग गर्न दिने भएमा सो को लागि समेत समूह र विपन्न बर्ग वीच अनुसूची १४ वमोजिम छुट्टै सम्झौता गरी योजना समेत तयार गर्नु पर्नेछ ।

- वस्तुगत, आर्थिक र अन्य अनुमानित स्रोतको आधारमा विपन्न घर परिवारले के गर्न सक्छन्, उनीहरूको क्षमता, चाहना, सीप, बजार आदिको समेत मूल्याङ्कन गरी जीविकोपार्जन योजना तयार गर्नुपर्छ। यसका लागि आबश्यक परेमा जिल्ला वन कार्यालय लगायत अन्य सहयोगीहरूको सहयोग लिन सकिन्छ।
- विपन्न परिवारको जीविकोपार्जन योजना कार्यान्वयन गर्न समूहले वस्तुगत र आर्थिक सहयोग गर्नुपर्दछ।
- समूहले जीविकोपार्जन कार्यक्रमबाट दलित, आदिबासी, जनजाति, महिला तथा विपन्न वर्गलाई पुऱ्याईएको सहयोगको अनुगमन तथा मूल्याङ्कन गरी जिल्ला वन कार्यालय तथा सहयोगी निकायहरूलाई सोको प्रतिवेदन पठाउनुपर्दछ।
- दलित, आदिबासी, जनजाति, महिला तथा विपन्नमुखी कार्यक्रम यस्ता वर्गको आर्थिक अवस्था र सामाजिक हैसियत दिगो रूपमा सुधार्ने खालको हुनुपर्छ।

## ५.४ दिगो वन व्यवस्थापन

दिगो वन व्यवस्थापनको माध्यमबाट समूहको आवश्यकता परिपूर्ति गर्नुका साथै समूहलाई बढी भएको वनपैदावार समूह बाहिर विक्रीवितरण गर्न सकिन्छ ।

सामुदायिक वनको कार्ययोजनामा उल्लेख गरिए अनुसार दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन निम्न कार्यहरू गर्नु पर्दछ :

- **वन संरक्षण** : चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट सामुदायिक वनलाई जोगाउन।
- **वन सबर्द्धन** : झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्न, सम्वृद्धि वृक्षारोपण (Enrichment Plantation) गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्न उपर्यूक्त वन सम्बर्धन प्रणाली (एक्ल्याउने, बाक्लो वन पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने) जस्ता कार्य गरी वनको हैसियत सुधार्दै लैजानु पर्दछ। वन सम्बर्द्धन गर्दा जैविक विविधतालाई ध्यान दिनु पर्दछ। सामूदायिक वनमा रुख एवं जडीबुटी प्रजातिका वृक्षारोपण गर्दा स्थानीय रैथाने प्रजातिलाई प्राथमिकता दिनु पर्दछ। वन पत्ल्याउने कार्य गर्दा पत्ल्याउने मार्गदर्शन (Thining Guideline) प्रयोग गर्न राम्रो हुन्छ।
- वनपैदावार सदुपयोग : वन कार्ययोजनामा उल्लेखित वार्षिक रूपमा प्राप्त गर्न सकिने परिमाणको आधारमा वनपैदावार उपयोग गर्दै जानुपर्दछ।

स्वीकृत कार्ययोजना वमोजिम समूहका आवश्यकता पूरा गरी बढी भएको वनपैदावार साधारण सभाको निर्णय अनुसार जिल्लाको मागलाई प्राथमिकता दिएर जिल्ला बाहिर बिक्री वितरण गर्न सकिन्छ। बिक्री वितरणका लागि प्राथमिकताका आधार तयार गर्दा दाहसंस्कार, घरकाज, विकास निर्माण कार्यलाई विचार पुऱ्याउनु पर्दछ।

समूहले कार्ययोजना वमोजिम प्राप्त गरेको काठ उपभोक्ता समूहको टाँचा प्रयोग गरी नजिकको वन कार्यालयमा जानकारी दिई पायक पर्ने स-मिलमा लगी चिरान गर्न सक्दछन्। यसको अनुगमन कार्य समिति स्वयंले गर्नु पर्दछ।

## ५.५ वनमा आधारित उद्यम विकास

सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता उपभोक्ताका दैनिक आधारभूत आवश्यकता पूरा गर्नुका साथै वनमा आधारित उद्यम सञ्चालन गरेर समूहमा रोजगारी तथा आर्थिक उपार्जनका अवसर सिर्जना गरी जीविकोपार्जनमा सुधार ल्याउनु पर्दछ।

वनमा आधारित उद्यम विकास कार्यक्रम सञ्चालनको लागि निम्न कार्यहरू गर्न सकिन्छ :

- उद्यम सञ्चालन तथा व्यवस्थापनको प्रकृया निर्धारण गर्ने।
- वनमा रहेको कच्चा पदार्थहरूबाट सञ्चालन गर्न सकिने सम्भाव्य उद्यमहरूको सूची तयार गर्ने।
- कुन किसिमको उद्यम सञ्चालन गरेमा फाईदा हुन्छ त्यसको सम्भाव्यता अध्ययन गरी छनोट गर्ने।
- उद्यम सञ्चालनबाट कुन वर्गका कतिजना लाभान्वित हुन सक्छन् लेखाजोखा गर्ने।
- उद्यमबाट उत्पादन भएका वस्तुको बजारको खोजी गरी यसको खपत सुनिश्चित गर्ने।
- उद्यम सञ्चालन गर्न सहयोग गर्न सक्ने सरोकारवालाहरूको सूची तयार गर्ने र कसले कस्तो भौतिक, आर्थिक, सीपमूलक सहयोग गर्न सक्दछ जानकारी संकलन गरी सहयोगका लागि पहल गर्ने।
- वनमा आधारित उद्यमको व्यावसायिक योजना (Business Plan) बनाउने।
- सम्भाव्यता हेरी सामुदायिक वनको भू-उपयोग र जैविक विविधतामा समेत टेवा पुग्ने गरी जिल्ला वन अधिकृतबाट स्वीकृत कार्य योजनामा उल्लेख गरिए अनुरुप पर्यापर्यटनको विकास गर्ने।
- उद्देश्य मिल्ने समूहसँग सञ्जाल निर्माण गरी सहकार्य गर्न सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने।
- एक सामुदायिक वन एक उद्यमको अवधारणालाई जोड दिने।
- वन पैदावारमा आधारित उद्यम स्थापना गर्दा विपन्न वर्ग, आदिबासी, जनजाति, महिला तथा दलित समुदायले सञ्चालन गर्न सक्ने र यस्ता वर्गको परम्परागत ज्ञानलाई प्रवर्द्धन गर्ने खालका वन उद्यम स्थापना र सञ्चालन गर्न प्राथमिकता दिने।
- विपन्न आदिबासी, दलित, जनजाति, र महिलाहरुलाई उद्योग संचालन गर्न प्राथमिकतामा राख्ने। वन उद्यम उद्योग स्थापना गर्दा उपभोक्ता समूहमा रहेका विपन्न वर्गका लागि उपभोक्ता समूहले शेयर लगानी गरि दिन सक्नेछ।
- सामुदायिक वन उपभोक्ता समूहले वन उद्यम सञ्चालन गर्दा निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न सक्नेछन्।

वनमा आधारित उद्यम विकास कार्यक्रम सञ्चालन गर्न सीप, ज्ञान र स्रोतका आवश्यकता पर्न सक्दछ। त्यसका लागि सहयोगी निकायहरूको सहयोग लिन सकिन्छ।

## ५.६ अन्य निकायसँग समन्वय

सामुदायिक वन उपभोक्ता समूहले आफ्नो क्षेत्रमा काम गर्न विभिन्न सहयोगी निकायहरूसँग समन्वय गरी सेवा लिन सक्दछ। सामुदायिक वनसँग सम्बन्धित सरोकारवालाहरू जस्तै गा.वि.स., जिल्ला वन कार्यालय र अन्य सहयोगी संस्थाहरूले पनि विकासको कार्यक्रम सञ्चालन गर्न समन्वय गर्न सक्दछन्।

समन्वयका लागि निम्न कार्यहरू गर्न सकिन्छ।

- स्थानीय क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न संघसंस्थाको पहिचान गर्ने।
- उपभोक्ता समूहले सहकार्य गरेर जान सक्ने संघसंस्थासँग कार्यक्रमबारे छलफल गर्ने।
- पहिचान भएका कार्यक्रम उपभोक्ता समूहको वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालन गर्ने।

## ५.७ समूहको मानवीय तथा संस्थागत विकास

समूहले मानवीय तथा संस्थागत विकास गरेर विधान तथा कार्ययोजना आफै तयार एवं परिमाजन गरी स्वीकृतिका लागि पेश गर्न सक्दछन्।

संस्थागत तथा मानवीय स्रोत विकासका लागि निम्न कार्यहरू गर्नु पर्दछ :

- उपभोक्ता समूहले स्थानीय स्रोतव्यक्ति तयार गरी सेवा लिने परिपाटीको विकास गर्ने। एउटा समूहको स्रोतव्यक्तिलाई नजिकको समूहले पनि प्रयोग गर्न सक्दछन्।
- समूहले स्थानीय सहजकर्ताको नाम ठेगाना र दिन सक्ने सेवाको विवरण जिल्ला वन कार्यालयमा दिने।
- वार्षिक योजनामा आर्थिक व्यवस्थापन, वन सम्बर्द्धन, समूह व्यवस्थापन आदि कार्यको लागि आवश्यक तालिमहरूको व्यवस्था गर्ने। यस्ता कार्यक्रमहरूमा दलित, आदिबासी, जनजाति महिला तथा विपन्न वर्गहरूलाई प्राथमिकता दिनु पर्नेछ।
- मानवीय तथा संस्थागत विकास गर्दा समतामूलक प्रक्रिया अपनाउने।
- समूहले विपन्नमूखी कार्यक्रम सञ्चालन गर्न आवश्यक सीप र क्षमताको विकास गर्ने।
- उपभोक्ता समूहमा स्वःमूल्याकंनको अभ्यास गर्ने।
- अध्ययन भ्रमण, तालिम तथा गोष्ठीहरूको व्यवस्था मिलाई उपभोक्ता समूहहरूबीच विचार तथा अनुभव आदानप्रदान गर्ने।
- दिगो वन व्यवस्थापन र उत्पादित वनपैदावारको प्रशोधन तथा बजार व्यवस्थापन गर्न आवश्यक तालिम तथा गोष्ठीहरूको आयोजना गर्ने।

## ५.८ समूह सञ्जाल निर्माण

समान चाहना भएका समूहहरूको सञ्जाल बनाई सहकार्य गर्नु पर्दछ। एकै किसिमको वनपैदावार उत्पादन गर्ने समूहहरूको सञ्जाल मार्फत बजारको खोजी गरेमा अधिकतम लाभ लिन सकिन्छ। समूहले स्थानीय सहकारी संस्था, गैरसरकारी संस्थाहरूमा पनि समन्वय गरी एक आपसमा सीप, उद्यम, प्रविधि आदिको आदानप्रदान गरी फाईदा लिने परिपाटीको विकास गर्नु पर्दछ।

## ५.९ समूहको स्वःअनुगमन तथा मूल्याङ्कन

समूहहरूले कार्ययोजनामा उल्लेख भएका कार्यक्रमहरू, कार्यक्रमबाट भएको उपलब्धि, कार्यान्वयन प्रक्रिया, कार्यक्रम कार्यान्वयनबाट भएका सिकाईको आँफैले अनुगमन (स्वःअनुगमन) गर्नुपर्दछ। अनुगमन गर्दा समूहका विपन्न, दलित, आदिबासी, जनजाति र महिलाहरूको प्रतिनिधित्व हुनु पर्दछ। जिल्ला वन कार्यालय लगायत अन्य सम्बन्धित निकायहरूद्वारा अनुगमन गर्दा समूहले आवश्यक सुचना तथा तथ्यांङ्कहरू उपलब्ध गराई सहयोग गर्नु पर्दछ।

स्वःअनुगमन तथा मूल्याङ्कन गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ :

- वनको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन कार्य।
- वनबाट प्राप्त आम्दानी र स्रोतबाट विपन्न वर्गले पाएको लाभ।
- विपन्न, दलित, आदिबासी, जनजाति र महिला सशक्तीकरणको लागि सञ्चालन गरेको कार्यक्रमको प्रभावकारिता।
- सामुदायिक विकास कार्यक्रमको लेखाजोखा।
- कोष परिचालनको स्थिति।
- सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षणमा उठेका सवाल तथा सुझावहरूको कार्यान्वयन।
- सुशासनको अवस्था आंकलन गरी तयार गरिएको कार्ययोजनाको कार्यान्वयन।
- कार्ययोजना अनुसार भए गरेको प्रगति, वनपैदावार संकलन एवं वितरण, आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन समयमै जिल्ला वन कार्यालय र सेक्टर वन कार्यालय/ईलाकामा पठाए, नपठाएको।
- विपन्न, दलित, आदिबासी, जनजाति र महिलाको माग सम्बोधन भए, नभएको।
- समूहको निर्णय र संस्थागत विकासमा लोकतान्त्रिक प्रक्रियाको अवलम्बन भए, नभएको।

# परिच्छेद - ६

## ६. विधान तथा कार्ययोजना परिमार्जन

यस परिच्छेदमा उपभोक्ता समूहको विधान तथा कार्ययोजना परिमार्जन गर्दा गरिने कार्यहरू उल्लेख गरिएको छ। विधान तथा कार्ययोजना कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कनको क्रममा देखा परेका सबल र सुधार गर्नुपर्ने पक्ष, अनुभव र सिकाईलाई समेटी विधान र कार्ययोजनाको परिमार्जन गर्नुपर्दछ। यसरी परिमार्जन गर्दा विधान तथा कार्ययोजना तयारीमा उल्लिेखित प्रक्रियालाई नै अवलम्बन गर्न सकिन्छ। उपभोक्ताहरूको आवश्यकता तथा वनको अवस्थामा आएको परिवर्तनलाई विचार गरी विधान तथा कार्ययोजना परिर्माजन गर्न सकिन्छ। यस प्रक्रियामा समूहले आवश्यकता अनुसार जिल्ला वन कार्यालयको कर्मचारी तथा अन्य सहयोगी निकाय (उदाहरणका लागिः गै.स.स., समूह सञ्जाल, स्थानीय स्रोतव्यक्ति, सामाजिक परिचालक, एनिमटर) हरूको सहयोग लिन सक्दछन्। स्थानीय स्रोतव्यक्ति तथा अन्य सेवा प्रदायकको सहयोग लिई संशोधन तथा परिर्माजन भएको विधान तथा कार्ययोजनालाई जिल्ला वन कार्यालयले प्रक्रिया पुगे, नपुगेको जाँचबुझ गरी मान्यता दिनु पर्नेछ।

## ६.१ कार्ययोजना परिमार्जनका लागि वर्गीकरण तथा प्राथमिकता निर्धारण

अवधि सकिएका कार्ययोजना परिमार्जनको लागि जिल्ला वन कार्यालयले जिल्ला स्तरीय सरोकारवालाको समन्वय तथा सहकार्यमा निश्चित आधार (उदाहरणको लागि वनको अवस्थामा आउने परिवर्तन, वन व्यवस्थापनका क्रियाकलापहरूको आवश्यकता, स्रोतको उपलब्धता, समूहको आर्थिक अवस्था आदि) बनाई वर्गीकरण गरेर प्राथमिकता तोक्नु पर्नेछ। वन कार्ययोजना परिमार्जन गर्दा उल्लिेखित आधारमा कमजोर अवस्था भएका समूहलाई प्राथमिकता दिनु पर्नेछ।

सामान्यतया निम्न लिखित अवस्थामा कार्ययोजना पूनरावलोकन तथा परिमार्जन गरिन्छ :

- कार्यान्वयनको क्रममा कुनै समस्या उत्पन्न भएमा।
- वन उपभोक्ता समूहको आवश्यकता तथा वन व्यवस्थापनको उद्देश्यमा परिवर्तन भई व्यवस्थापनको थप कार्यहरू गर्नुपर्ने भएमा।
- समूहको थप संस्थागत विकासको खाँचो महशुस भएमा।
- नीति तथा कानुन संशोधन भएमा।
- कार्ययोजनाको अवधि समाप्त भएमा।

## ६.२ विधान तथा कार्ययोजनाको समिक्षा

विधान तथा कार्ययोजनाको समिक्षा गरी आवश्यकता अनुसार परिमार्जनको प्रक्रिया अगाडि बढाउनु पर्छ। समूह सञ्चालन गर्दा विधानमा के कस्ता प्रावधानहरूले काम गर्न अप्ठ्यारो पारे, कुन कुन प्रावधानहरूले सजिलो बनाए, समूहको अनुभव तथा सिकाईहरू के के भए तिनको विश्लेषण गर्नु पर्दछ । सदस्यहरूको क्षमता विकास, महिला तथा पछाडि पारिएका समुदायको आधिकारिक प्रतिनिधित्व, नेतृत्व परिवर्तन र सामाजिक न्याय जस्ता कार्यहरूको परिप्रेक्ष्यमा उपभोक्ता समूहको गतिशीलतालाई मूल्याङ्कन तथा समिक्षा गर्नुपर्दछ। निर्णय-प्रक्रियामा पारदर्शिता, समान सहभागिता तथा जिम्मेवारीपन भयो भएन भनी सामुदायिक वन उपभोक्ता समूहले आफ्नै लेखाजोखा गर्नु पर्दछ ।

कार्ययोजना कार्यान्वयन गर्दा के कस्ता कठिनाई तथा बाधा अड्चन आईपरे, के कस्ता कुराले कार्यान्वयन गर्न र उपलब्धि हासिल गर्न सहयोग पुऱ्याए, कार्ययोजनामा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन भएका छन् कि छैनन्, के कस्ता नयाँ क्रियाकलाप तथा प्रावधानहरू राख्न आवश्यक छ भनी उपभोक्ता समूहमा छलफल तथा समिक्षा गर्नु पर्दछ ।

विधान तथा कार्ययोजना समिक्षा गर्दा निम्न कुरामा ध्यान दिनु पर्दछ :

- उपभोक्ता समूहका विगतको कार्य तथा क्रियाशीलताबारे छलफल गर्ने ।
- वन व्यवस्थापन प्रणाली, वनपैदावार र अन्य लाभको बाँडफाँड, संरक्षण क्रियाकलाप र जीविकोपार्जन सुधार कार्यक्रम जस्ता विषयमा उपभोक्ता समूह भित्र विभिन्न उपसमूहका सदस्यहरूको चासो र धारणा बुझ्ने।
- वनको अवस्था वा हैसियत तथा वन उपभोक्ता समूहको वन व्यवस्थापनको उद्देश्यको लेखाजोखा गर्ने ।
- विगतमा उपभोक्ता समूहले गरको निर्णय तथा कार्यान्वयनको समिक्षा गर्ने ।
- उपभोक्ता समूहको आर्थिक व्यवस्थापन पक्षको लेखाजोखा गर्ने ।
- विधान वा कार्ययोजना कार्यान्वयनको लेखाजोखा गर्दै तोकिएको प्रावधान अनुरूप कार्य भए, नभएको पहिचान गरी कारणहरूको विश्लेषण गर्ने ।
- उपभोक्ता समूह तथा सहयोगी निकायबाट प्राप्त सूचना, सुझाव र जानकारीहरू योजना तर्जूमा र समस्या समाधानको लागि उपयोगी भए, नभएको मूल्याङ्कन गर्ने ।
- उपभोक्ता समूहको समस्याहरूमा छलफल गरी तिनीहरूलाई सुल्झाउने उपायहरू खोजी गर्ने ।
- सहयोगी संस्थाहरूसँग अनुभव आदान-प्रदान गर्ने । यस्ता अनुभव आदान-प्रदान छलफलमा स्थानीय निकाय र राजनितिक दलहरूलाई सहभागी गराउन सकिनेछ ।

## ६.३ विधान तथा कार्ययोजना परिमार्जन

समिक्षाको क्रममा प्राप्त जानकारीको आधारमा उपभोक्ता समूहले आफ्नो विधान तथा कार्ययोजना परिमार्जनको प्रक्रिया अगाडि बढाउनु पर्दछ। सामान्यतया अवधि पूरा नहुँदै कार्ययोजना संशोधन गरिने छैन,

तर विशेष परिस्थिति (जस्तैः जडीबुटीको स्रोत सर्वेक्षण गर्नुपर्ने, वैज्ञानिक वन व्यवस्थापन गर्नुपर्ने, वनको संरचनामा आकस्मिक परिवर्तन भएर तत्काल व्यवस्थापन गर्नुपर्ने) मा साधारण सभामा विधानमा दर्ता भएका घरधुरीको ५१% को निर्णयबाट पारित गराई संशोधन प्रक्रिया अगाडि बढाउनु पर्ने छ ।

विधान तथा कार्ययोजना परिमार्जन गर्दा निम्न कार्यहरू गर्नु पर्दछ :

- सामुदायिक वनको विगत तथा वर्तमान अवस्था र कुनै भावी परिवर्तनको कुरा भए त्यसबारे छलफल गर्ने ।
- उपभोक्ताले परिमार्जन गर्न चाहेका बुँदाहरू टिपोट गर्ने ।
- प्रस्तावित संशोधनका बुँदाहरू माथि प्रत्येक टोल र समान चाहना भएका उपसमूहहरूमा छलफल गर्ने ।
- समूहको आवश्यकता, चाहना र वनको अवस्थामा आएको परिवर्तनलाई आधार मानी वनस्रोत सर्वेक्षण गर्न आवश्यक भएमा स्रोत सर्वेक्षण गरी विश्लेषण गर्ने ।
- वन उपभोक्ता समूहको आवश्यकता, वन व्यवस्थापनको उद्देश्य तथा वनस्रोतको विश्लेषणको आधारमा टोल तथा समान चाहना भएका समूहबीच छलफल गरी परिमार्जित कार्ययोजनाको खाका तयार गर्ने ।
- कार्ययोजना परिमार्जन गर्न उपभोक्ता समूहले गरेका निर्णयको अभिलेख राख्ने ।

समयावधि अगाडि नै कार्ययोजनाको कुनै साधारण बुँदा वा विषयमा उपभोक्ता समूहले संशोधन गर्नुपरेमा साधारण सभाको निर्णय अनुसार संशोधन गरी जिल्ला वन कार्यालयमा जानकारी पठाउनु पर्दछ ।

## ६.४ साधारण सभामा परिमार्जित विधान तथा कार्ययोजना अनुमोदन

परिमार्जन गरिएको विधान तथा कार्ययोजनालाई उपभोक्ताहरूबीच विस्तृत छलफल गराउन साधारण सभामा पेश गर्नु पर्दछ । यसरी पेश गरिएको परिमार्जित विधान तथा कार्ययोजनाको खाका बुँदागत रूपमा समूहको साधारण सभामा छलफल गरी आम सहमतिको आधारमा निर्णय गर्नुपर्दछ । यस प्रक्रियामा विपन्न, दलित, आदिबासी, जनजाति महिला र अन्य पछाडि पारिएका समुदाय लगायत प्रत्येक उपभोक्ताको अर्थपूर्ण सहभागिता तथा उनीहरूले परिमार्जित बुँदा राम्ररी बुझेका छन् भनी सुनिश्चित गर्नुपर्दछ ।

## ६.५ जिल्ला वन कार्यालयमा विधान परिमार्जनको जानकारी

साधारण सभाबाट पारित विधान साधारण सभाको निर्णयसहित जानकारीको लागि १५ दिन भित्र जि.व.का.मा पेश गर्नुपर्दछ । समूहको साधारण सभाबाट निर्णय भै आएको विधानमा वन ऐन तथा नियमावलीको प्रतिकूल दफाहरू भए आवश्यक सुझावसहित उक्त दफाहरू संशोधन गर्न जिल्ला वन अधिकृतले ३० दिनभित्र उपभोक्ता समूहमा लेखी पठाउनु पर्नेछ ।

## ६.६ जिल्ला वन कार्यालयबाट परिमार्जित कार्ययोजना स्वीकृति

साधारण सभाबाट पारित कार्ययोजना साधारण सभाको निर्णयसहित स्वीकृतिका लागि जि.व.का.मा पेश गर्नु पर्दछ। समूहको साधारणसभाबाट निर्णय भै स्वीकृतिको लागि जि.व.का.मा पठाईएको कार्ययोजना कार्यान्वयन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा जिल्ला वन अधिकृतले त्यस्तो संशोधनको जानाकारी प्राप्त भएको ३० दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागु नगर्न निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशन पालना गर्न उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

## ६.७ अनुगमन र अभिलेखीकरण

उपभोक्ता  समूहले आफ्नो समूहमा अघिल्लो वर्ष भएको सबै प्रकारको क्रियाकलापको सो आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र यस मार्गदर्शनको अनुसूची १५ वमोजिम अनुगमन गरी त्यसको अभिलेख दुरुस्त राख्नु पर्दछ । यसको लागि समूहको सदस्यहरूमध्येबाट एक छुट्टै अनुगमन उप-समिति गठन गर्न सकिनेछ। यसरी गठन भएको उप-समितिले समूहले गरेका सबै क्रियाकलापहरूको नियमित अनुगमन गर्दै अनुसूची १५ वमोजिम प्राप्त जानकारी विश्लेषण गरी समूहमा प्रतिवेदन दिनु पर्नेछ ।

उक्त प्रतिवेदन विश्लेषण गरी जिल्ला वन कार्यालयले पौष मसान्तभित्र वन विभाग, सामुदायिक वन महाशाखामा पठाउनु पर्नेछ ।

# परिच्छेद - ७

## ७. सामुदायिक वन प्रक्रियामा सरोकारवालाहरूको भूमिका

सामुदायिक वन प्रक्रियामा उपभोक्ता समूह लगायत अन्य सरोकारवालाहरूको निम्न अनुसारको भूमिका हुनेछ ।

### ७.१ सामुदायिक वन उपभोक्ता समूह

- समूहको दुरदृष्टि तयार गरी संस्थागत विकास तथा आत्मनिर्भरताको लागि काम गर्ने ।
- विधान तथा कार्ययोजनाको तयार गर्ने, संशोधन गर्ने र परिमार्जन गर्ने ।
- विधान तथा कार्ययोजना कार्यान्वयन गर्ने ।
- सहभागितामूलक पद्धति अपनाउदै समूहको वार्षिक योजना बनाई कार्यान्वयन गर्ने ।
- आफ्नै लगानी र सरोकारवालाको समन्वयमा समूहलाई आवश्यक पर्ने दक्ष जनशक्ति तथा स्रोतव्यक्ति (सहजकर्ता) तयार गरी परिचालन गर्ने ।
- विपन्न, दलित, आदिबासी, जनजाति र महिलाहरूको चेतना अभिवृद्धि, सशक्तीकरण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि पहल गर्ने ।
- कार्ययोजनामा दिगो वन व्यवस्थापन, सुशासन र जीविकोपार्जनको अवधारणा समावेश गर्ने ।
- उपभोक्ता समूहका क्रियाकलापहरूको नियमित स्वःअनुगमन तथा मूल्याङ्कन गर्ने ।
- वनपैदावार बिक्री वितरण गर्दा न्यायोचित वितरण प्रणाली अपनाउने ।
- उपलब्ध स्रोत तथा अवसरलाई न्यायोचित रूपमा उपयोग गर्ने ।
- प्रत्येक उपभोक्ताले समितिसँग आवश्यक सुचनाहरूको जानकारी लिने दिने ।
- उपभोक्ता समूह वा समितिले गरेका निर्णयहरू नियमित रूपमा सम्बन्धित ईलाका वन कार्यालयमा पठाउने।

### ७.२ सामुदायिक वन उपभोक्ता समिति

- विपन्न, दलित, आदिबासी, जनजाति र महिलाहरूको चेतना अभिवृद्धि, सशक्तीकरण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।
- समूहले गरेका निर्णयहरू र तयार पारेका कार्यक्रमहरूको वार्षिक कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने, गराउने ।
- समूह भित्रका विपन्न उपभोक्ताहरू पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने ।
- उपभोक्ता समूहको वार्षिक प्रगति प्रतिवेदन तयार गरी समयमै सम्बन्धित निकायमा पठाउने ।

- नियमित रूपमा आन्तरिक, सार्वजनिक तथा वाह्य लेखापरीक्षण गर्ने, गराउने ।
- उपभोक्ता समूहका क्रियाकलापहरूको नियमित स्वःअनुगमन तथा मूल्याङ्कन गर्ने ।
- समूहको आम्दानी तथा खर्चको अभिलेख दुरुस्त राख्ने ।
- वनपैदावार बिक्री वितरणको न्यायोचित प्रणाली अपनाउने ।
- उपलब्ध स्रोत तथा अवसरलाई न्यायोचित रूपमा उपयोग गर्ने ।
- समूहले गरेका कार्यहरू जस्तैः वनपैदावार संकलन तथा बिक्री वितरण, सामुदायिक विकास, संस्थागत विकास आदिको अभिलेख राख्ने र उपभोक्ता समूहलाई जानकारी गराउने ।
- उपभोक्ता समूहको विधान, कार्ययोजना, समय समयमा प्राप्त नीति, निर्देशन तथा परिपत्रहरू समूहलाई जानकारी गराउने ।
- स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग आवश्यकता अनुसार समन्वय गर्ने ।
- छिमेकी वन उपभोक्ता समूहसँग ज्ञान, सीप र सिकाई आदानप्रदान गर्ने ।
- समूहको आर्थिक अवस्था अनुसार सहजकर्ता परिचालन गर्ने ।
- समूहको वार्षिक योजना स्थानीय निकायको वार्षिक योजनामा समायोजन गर्न पहल गर्ने ।
- जीविकोपार्जन सुधार योजना निर्माण र कार्यान्वयन गर्ने ।

### ७.३ सहजकर्ता

- उपभोक्ता समूहको क्षमता, आवश्यकता तथा चाहना अनुसार समूहलाई आत्मनिर्भर बनाउन सहजीकरण गर्ने ।
- उपभोक्ता समूह गठन, विधान कार्ययोजना तयारी, कार्यान्वयन तथा परिमार्जनका प्रक्रियामा सहजीकरण गर्ने ।
- सामुदायिक वन उपभोक्ता समूह तथा सेक्टर वन, ईलाका वन कार्यालय लगायत अन्य सहयोगी निकायहरूबीच सूचना आदान-प्रदान गर्ने तथा समन्वय विस्तार गर्न सहयाग गर्ने ।
- सम्बन्धित वन कार्यालय, उपभोक्ता समूह तथा अन्य सहयोगी निकायहरूसँग समन्वय गरी काम गर्ने ।
- समूहलाई संस्थागत, कानुनी तथा प्राविधिक सरसल्लाह दिने ।
- उपभोक्ताहरू विशेष गरी विपन्न, दलित, आदिबासी, जनजाति र महिलाको सशक्तीकरण तथा सहभागिताको लागि समूहमा उत्प्रेरणा जगाउने ।
- उपभोक्ता समूहमा विपन्न, दलित, आदिबासी, जनजाति र महिलाहरूको लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण तथा प्रोत्साहन गर्ने ।
- उपभोक्ता समूहहरूबीच सम्पर्क र समन्वय गरी सञ्जाल विस्तारमा सहयोग पुऱ्याउने ।

- समूहको वार्षिक योजना बनाउन सहयोग गर्ने ।
- तालिम, गोष्ठी, सार्वजनिक सुनुवाई वा जनलेखापरीक्षण गर्ने कार्यमा सहजीकरण गर्ने ।
- उपभोक्ता घरधुरीको सम्पन्नता स्तरीकरण तथा जीविकोपार्जन सुधार योजना बनाउन सहजीकरण गर्ने ।
- विवाद व्यवस्थापनमा सहजीकरण गर्ने ।

## ७.४ ईलाका वन, सेक्टर वन र जिल्ला वन कार्यालय

- समूह आफैले तयार गरेको वा स्रोतव्यक्ति (सहजकर्ता) वा सेवा प्रदायकबाट सहजीकरण गरी तयार पारिएका विधान तथा कार्ययोजनालाई सामुदायिक वनको प्रक्रिया र सो सम्बन्धी मार्गदर्शन अनुसार भए, नभएको जाँचबुझ गरी मान्यता दिने ।
- वन उपभोक्ता समूहहरूको क्षमता अभिवद्धि गर्न सहयोग पुर्‍याउने ।
- सुशासन, जीविकोपार्जन र दिगो वन व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुर्‍याउने ।
- सामुदायिक वन विकास कार्यक्रमलाई प्रबर्द्धन गर्न आवश्यकता अनुसार सम्बन्धित निकायमा राय दिने ।
- अनुसन्धानमूलक कार्यक्रममा सहयोग गर्ने ।
- समूहलाई वन सम्बन्धी प्राविधिक तथा अन्य आवश्यक सरसल्लाह दिने ।
- सामुदायिक वनसित सम्बन्धित निकायहरूसँग समन्वय गर्ने, गराउने ।
- कम्तिमा वर्षको एक पटक प्रत्येक सामुदायिक वन तथा उपभोक्ता समूहहरूले नियमित अनुगमन गरी राय सुझाव लिने, दिने ।
- जिल्ला स्तरीय सरोकारवाला निकायहरूसँगको छलफलबाट समूहको विधान तथा कार्ययोजना तयारी, परिमार्जन, संशोधन तथा वन व्यवस्थापन प्रक्रियालाई सरल, सहज र व्यावहारिक रूपमा कार्यान्वयन गर्न सहयोग गर्ने ।
- समय समयमा सामुदायिक वनको सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गर्ने ।
- उपभोक्ता समूहको वार्षिक योजनालाई जिल्ला वन कार्यालयको वार्षिक योजनामा समावेश गर्ने ।

## ७.५ समूह सञ्जाल

- नीति निर्माण गर्दा समुदायको पक्षमा पैरवी गर्ने ।
- सामुदायिक वन हस्तान्तरणको लागि पहल गर्ने ।
- जैविक विविधता संरक्षणमा समुदायको चेतना अभिवृद्धि गराउने ।
- सामुदायिक वन उपभोक्ता समूहमा सुशासन, जीविकोपार्जन र दिगो वन व्यवस्थापन गर्न सहयोग पुर्‍याउने ।

- सामुदायिक वन विकास कार्यक्रमलाई आत्मनिर्भर बनाउनको लागि मानवीय स्रोतको विकास गर्न योगदान पुऱ्याउने ।
- गरिबी न्यूनीकरण गर्ने खालको कार्यक्रमलाई बढावा दिने ।
- आदिबासी जनजातिको पारम्परिक हक अधिकार सुनिश्चित गर्न पहल गर्ने ।
- सामुदायिक वन सम्बन्धी सवालहरूमा स्थलगत तहदेखि नीति निर्माण तहसम्म सल्लाह दिने ।
- सामुदायिक वन उपभोक्ता समूह तथा बाह्य संस्थाहरूको बीचमा समन्वयकर्ताको रूपमा काम गर्ने ।
- सामुदायिक वन उपभोक्ता समूहको स्वःअनुगमन कार्यक्रममा सहयोग पुऱ्याउने ।
- कानुनी अड्चन फुकाउन सहयोग गर्ने ।
- उपभोक्ता समूहलाई वन विकासका लागि स्रोत जुटाउन पहल गर्ने ।

## ७.६ गैरसरकारी संस्था

- नीति निर्माणमा राय सुझाव दिने ।
- सामुदायिक वन उपभोक्ता समूहको संस्थागत तथा प्राविधिक ज्ञानको विकास गर्न सहयोग पुऱ्याउने ।
- सामुदायिक वनको सवल पक्षहरुलाई प्रचार-प्रसार गर्ने ।
- सहभागितामूलक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायहरूलाई जानकारी दिने ।
- सुशासन, जीविकोपार्जन र दिगो वन व्यवस्थापनको क्रियाकलापहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउने
- सामुदायिक वन उपभोक्ता समूहको स्वःअनुगमन कार्यक्रममा सहयोग पुऱ्याउने ।
- समूह, सरकारी तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गराउन सहयोग पऱ्याउने ।
- समूहले तयार पारेको योजना कार्यान्वयन गर्न सहयोग गर्ने ।
- वन व्यवस्थापन प्रक्रियाको लागि आवश्यक प्राविधिक तथा सामाजिक सहजीकरण एवं मध्यस्तकर्ताको भूमिका निर्वाह गर्ने ।
- समूहको संस्थागत विकासको लागि मानवीय तथा आर्थिक सहयोग पुऱ्याउने ।

## ७.७ **स्थानीय निकाय** (**गा.वि.स.**/**जि.वि.स.**)

- सामुदायिक वन विकास अवधारणाको प्रचार-प्रसार गर्ने ।
- सुशासन, दिगो वन व्यवस्थापन र जीविकोपार्जनका क्रियाकलापहरू कार्यान्वयन गर्न मद्दत गर्ने ।
- बाधा अड्चन फुकाउन वहस, पैरवी गर्ने ।
- उपभोक्ता समुहलाई आर्थिक सहयोग गर्ने ।

- द्वन्द समाधान गर्न सहयोग पुऱ्याउने ।
- स्रोत व्यवस्थापन तथा परिचालनमा सहयोग पुऱ्याउने ।
- अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने ।
- सामुदायिक वनका सरोकारवाला निकायहरू बीच समन्वय गर्ने गराउने ।
- उपभोक्ता समूहको वार्षिक योजना स्थानीय निकायको वार्षिक योजनामा समावेश गर्ने ।

## ७.८ वनसँग सम्बन्धित परियोजना

- जिल्ला वन कार्यालय, गैरसरकारी संस्था तथा स्थानीय निकायको क्षमता विकासमा सहयोग गर्ने ।
- सुशासन, दिगो वन व्यवस्थापन, जीविकोपार्जन तथा सामुदायिक विकास सम्बन्धी कार्यक्रमहरूमा सहयोग पऱ्याउने ।
- वन उपभोक्ता समूहको गठन तथा क्षमता अभिवद्धि गर्न सहयोग पुऱ्याउने ।
- सञ्जाल विकास गर्न बढावा दिने ।
- सरकारलाई नीति नियमहरूको विश्लेषण र पूनरावलोकन गर्न सहयोग पुऱ्याउने ।
- कार्वन ब्यापार बढाउन रणनीति तथा तरिकाहरू विकास गर्ने ।
- सक्रिय वन व्यवस्थापनको लागि स्थलगत अध्ययन (Action Research) गर्न सहयोग पुऱ्याउने ।
- परिक्षणको रुपमा योजनाहरू (Pilot Project) सञ्चालन गर्ने, अनुभवहरूको अभिलेखीकरण र आदानप्रदान गर्ने ।
- जैविक विविधता व्यवस्थापन तथा पर्यापर्यटन प्रबर्द्धनमा सहयोग गर्ने ।
- गरिबउन्मूख लघु उद्यमको प्रबर्द्धनमा सहयोग गर्ने ।
- वन प्रमाणीकरण गर्न सहयोग गर्ने ।

## ७.९ सरकारी निकाय (केन्द्रीय तथा क्षेत्रीय)

- सरोकारवालाहरूसँग परामर्श गरी नीति नियम तथा रणनीतिहरू तर्जूमा गर्ने, तिनमा समसामयिक सुधार गर्ने र तिनको कार्यान्वयनको लागि आवश्यक संयन्त्र तयार गर्ने ।
- राष्ट्रिय स्तरमा रहेका सम्बन्धित निकायहरू (जस्तैः राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालयहरू, दातृ निकायहरू, सरोकारवालाहरू आदि) सँग समन्वय गर्ने ।
- सामुदायिक वन र समूहको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- सामुदायिक वन कार्यक्रमलाई अन्य क्षेत्रगत कार्यक्रमसँग समन्वय गराउने ।
- सहभागितामूलक व्यवहारिक अनुसन्धान गर्न प्रविधिहरूको विकास गर्ने ।
- सामुदायिक वनको दिगो व्यवस्थापन, जीविकोपार्जन र सुशासन सम्बन्धी आधार एवं सूचकहरू बनाउन पहल गर्ने ।

# अनुसूची १ : घरधुरी सर्वेक्षण गर्दा जानकारी संकलन गर्ने फारम

| घर नं. | घरमुलीको नाम | म/पु | ठेगाना | महिला संख्या | पुरुष संख्या | जम्मा | जमिन रोपनी/कट्ठा | | पेशा | | पशुपालन | | | वनपैदावारको माग (वार्षिक रूपमा) | | | | | आदिबासी जनजाति, दलित, वाहुन क्षेत्री, अन्य जातजाति | अन्य समूहमा सदस्य | सम्पन्ताको स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | . | | | | | | कृषी योग्य | निजी चरण वा वन | वनमा आश्रित | अन्य | गाई गोरु | भैसी रांगा | बाखा भेडा | काठ | बल लाबल्ली | दाउरा | घांस | स्याउला सोत्तर | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | | |
| १४ | | | | | | | | | | | | | | | | | | | | | |
| १५ | | | | | | | | | | | | | | | | | | | | | |
| १६ | | | | | | | | | | | | | | | | | | | | | |
| १७ | | | | | | | | | | | | | | | | | | | | | |
| १८ | | | | | | | | | | | | | | | | | | | | | |
| १९ | | | | | | | | | | | | | | | | | | | | | |
| २० | | | | | | | | | | | | | | | | | | | | | |
| २१ | | | | | | | | | | | | | | | | | | | | | |
| २२ | | | | | | | | | | | | | | | | | | | | | |
| २३ | | | | | | | | | | | | | | | | | | | | | |
| २४ | | | | | | | | | | | | | | | | | | | | | |
| २५ | | | | | | | | | | | | | | | | | | | | | |
| २६ | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची २ : विधानमा उल्लेख हुनुपर्ने कुराहरू

उपभोक्ता समूहको नाम र ठेगाना

- उपभोक्ता समूहको उद्देश्य
- उपभोक्ता समूहको छाप
- उपभोक्ता समूहको सदस्यहरू (प्रत्येक घरधुरीबाट एक महिला र एक पुरुष) को नाम र ठेगाना
- उपभोक्ता समूहको क्षेत्र भित्रको घरधुरी तथा अनुमानित जनसंख्या
- समूहको सदस्यता सम्बन्धी व्यवस्था
- समूहको सामाजिक-आर्थिक अवस्था
- उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार
- उपभोक्ता समितिको गठनविधि
- उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार
- उपभोक्ता समितिको कार्यविधि
- समितिको पदाधिकारीहरूको राजिनामा स्वीकृति र पदपूर्ति
- कोष परिचालन सम्बन्धी व्यवस्था
- लेखापरीक्षण गरिने तरिका (सार्वजनिक लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण)
- वन कार्ययोजना निर्माण सम्बन्धी व्यवस्था
- अपराध तथा सजायँहरू
- अपराध नियन्त्रण सम्बन्धी व्यवस्था
- कार्ययोजना विपरीत काम गर्न उपभोक्ताहरूलाई सजायँको व्यवस्था
- सेवा प्रदायक संस्था र जिल्ला वन कार्यालयको भूमिका
- समूह भित्र रहेका आदिबासी, जनजातिको संस्थाहरू र समूहमा तिनको भूमिका
- उपभोक्ता घरधुरी सम्पन्नता स्तरीकरणबाट प्राप्त जानाकारी तथा विपन्न लक्षित कार्यक्रम (कोष परिचालन, आयमूलक कार्यक्रम, सीपमूलक कार्यक्रम)
- समान चाहना लक्षित कार्यक्रम (कोष परिचालन, आयमूलक कार्यक्रम, सीपमूलक कार्यक्रम)
- सम्पन्नता स्तरीकरण अनुसारको कार्यक्रम/योजना
- टोल समूहको कार्यक्रम तथा योजना
- उपसमूह गठन र तिनको काम, कर्तव्य र अधिकार

- समूहको कार्यविधि
- साधारण सभा सम्बन्धी व्यवस्था
- आमसभाको निर्णय विधि
- बरबुझारथ सम्बन्धी व्यवस्था
- विधान संशोधन सम्बन्धी व्यवस्था
- विविध
- विधानको अनुसूचीमा राख्नुपर्ने विषयहरू
- उपभोक्ता समितिका पदाधिकारीहरूको नामावली
- उपभोक्ता घरधुरीको नामावली (महिला-पुरुष दुबै)

## अनुसूची ३ : विपन्न, दलित, आदिबासी, जनजाति र महिलावर्गहरूको लागि लक्षित केही कार्यक्रम

- कोषको परिचालन गर्दा समूहको आम्दानीको कम्तिमा ३५ प्रतिशत बराबरको रकम वा सामान वा दुबै सम्पन्नता स्तरीकरणबाट पहिचान भएका विपन्न र पछाडि पारिएका वर्गलाई लक्षित गरी कार्यक्रम तर्जूमा तथा कार्यान्वयन गर्ने ।
- सामुदायिक वनको केही क्षेत्र विपन्नहरूका लागि विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गर्न दिने ।
- सीपमूलक तालिम तथा स्वःरोजगारीको अवसरहरू सिर्जना गर्ने ।
- विपन्नमूखी आयमूलक तथा उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने ।
- महिला सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्ने ।
- वनपैदावारको न्यायोचित वितरणको व्यवस्था गर्न (आवश्यकता अनुसार निःशुल्क वा सहुलियत दरमा वा सदस्यता शुल्क लिएर) ।
- आकस्मिक कोषको व्यवस्था गर्ने ।
- पिछडिएका वर्गलाई लक्षित गरी साना भौतिक निर्माणका कार्यक्रम सञ्चालन गर्ने ।
- विपन्न उपभोक्ताहरूलाई नयाँ सदस्यको रूपमा प्रवेश गराउँदा आर्थिक अवस्था हेरी सहुलियत दरमा वा निःशुल्क समावेश गराउने ।
- वन उपभोक्ता समूहमा सिर्जना भएको रोजगारीमा (नर्सरी नाईके, वन हेरालु र कार्यालय सहायक तथा वन व्यवस्थापन कार्यहरू आदि) विपन्न तथा पछाडि पारिएका वर्गका उपभोक्तालाई प्राथमिकता दिने ।
- विपन्न उपभोक्ताको छोराछोरीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।
- तालिम गोष्ठीमा विपन्न वर्गको अनिवार्य सहभागिता गराउने। यस्ता तालिम गोष्ठी परिणाममूखी हुनु पर्ने ।
- सभा बैठकमा भाग लिन विपन्न उपभोक्तालाई उचित आर्थिक प्रोत्साहनको व्यवस्था गर्ने ।
- नेतृत्वको अवसर दिने ।
- वनमा आधारित उद्यम विकासका क्रियाकलाप संचालन गर्दै उपभोक्ताको गरीबी न्यूनिकरणमा योगदान गर्ने ।

## अनुसूची ३ (क) वनमा आधारित उद्यम विकासका क्रियाकलाप

१. डोरी, दाम्लो, सर्बत, सुगन्धित तेल, दुना टपरी, डोको आदि जस्ता उद्योग

२. फर्निचर उद्योगहरु

३. काष्ठकला सम्वन्धी उद्योगहरु

४. गैरकाष्ठ वन पैदावार खेती, प्रसोधन तथा मूल्य अभिवृद्धि सम्वन्धी क्रियाकलापहरु

५. व्यवसायिक वन नर्सरी हरु

६. माहुरी पालन, रेशम खेती, लाहा खेती

७. अल्लो र लोक्ता सम्वन्धी उद्योगहरु

८. चिउरी, ऐशेलु, काफल, ओखर, बेल, लप्सी, अमला जस्ता आधारित साना तथा मझौला उद्योग प्रवर्द्धन सम्वन्धी उद्योगहरु

## अनुसूची ४ : वन उपभोक्ता समूह दर्ताको लागि दिईने निवेदनको ढाँचा

श्री जिल्ला वन अधिकृत,

जिल्ला वन कायार्लय, . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . ।

वन ऐन २०४९ तथा वन नियमावली २०५१ मा भएका व्यवस्था वमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सोको जानकारी पाउन अनुरोध गरेका छौं ।

निवेदक . . . . . . . . .

उपभोक्ता समूहको तर्फबाट

| क्र. स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मितिः

# अनुसूची ५ : वन उपभोक्ता समूह दर्ता हुँदा गराइने कबुलियतनामाको ढाँचा

लिखितम् ........................ जिल्ला .......................... गा.वि.स. वडा नं. ..... स्थित श्री ............................... सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट अख्तियार प्राप्त हामी ........................ गा.वि.स. वडा नं. ..... अन्तर्गत पर्ने राष्ट्रिय वनमा वन ऐन २०४९ र वन नियमावली २०५१ का अधीनमा रही यसैसाथ संलग्न स्वीकृत विधान अनरूप तपशिलका शर्तहरू बमोजिम सामुदायिक वनको विकास, संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्न मञ्जुर छौं। यस कबुलियतनामा वमोजिमको शर्त पालना नगरेमा वन ऐन २०४९ र वन नियमावली २०५१ वमोजिम सहुला बुझाउँला भनी राजीखुशीसँग यो कबुलियतनामा लेखी पढी बाँची सुनी एवं सहीछाप गरी जिल्ला वन कार्यालय, ........................ मार्फत नेपाल सरकारमा चढायौं ।

**तपशिल**

१. स्वीकृत विधानमा उल्लेख भएबाहेक अन्य काम कारवाही गर्ने छैनौं ।

२. आफूले सामुदायिक वनको रूपमा पाउने वनक्षेत्र लगायत अन्य वनक्षेत्रमा पनि अतिक्रमण वा अन्य कुनै प्रकारले हानी नोक्सानी गर्ने, गराउने छैनौं ।

३. समय-समयमा जिल्ला वन कार्यालय र सेक्टर वन तथा ईलाका वन कार्यालयलेदिएको प्राविधिक सल्लाह र सुझाव अनुरूप कार्य गर्नेछौं ।

४. उपभोक्ता समूहमा भए गरेका कामको अनुगमन फारम वमोजिम प्राप्त जानकारी समावेश गरी वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र जिल्ला वन कार्यालयमा पेश गर्नेछौं ।

५. यस वन उपभोक्ता समूहले तयार पारेर स्वीकृत हुने कार्ययोजना वमोजिम काम गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा प्रचलित वन ऐन तथा वन नियमावली एवं नेपाल सरकारले तोकेको सामुदायिक वन विकास सम्बन्धी शर्तहरू पालना नगरेको प्रमाणित हुन आएमा ऐन नियम वमोजिम कारवाही गरेमा हाम्रो मञ्जुरी छ ।

६. सामुदायिक वनभित्र वनविकास कार्यबाहेक अन्य कुनै सार्वजनिक विकास निर्माणका कार्यहरू, जस्तैः सडक, स्कूल, खानेपानी सिचाई कुलो आदि, सञ्चालन गर्नुपर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गरिनेछ ।

७. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को विपरीत हुनेगरी कुन वन्यजन्तु पक्रने, धपाउने वा मारिने छैन । यदि कोही कसैले त्यस्तो कार्य गरे, गराएमा कसुरदारलाई पक्राउ गरी अथवा पक्राउ गर्ने कार्यमा सहयोग गरी आवश्यक कार्यवाहीका लागि सम्बन्धित निकायमा पठाईनेछ ।

८. सामुदायिक वनसम्बन्धी क्रियाकलापको स्थलगत निरीक्षणको कार्यमा आउने वन कर्मचारीलाई आवश्यक सहयोग गर्नेछौं ।

९. यो सामुदायिक वन हस्तान्तरण हुनु पूर्व नेपाल सरकार र अन्य संघसंस्थाविच संझौता भई लागु भईरहको साबिक भोगचलनलाई सो अवधिभर यो हस्तान्तरणले कुनै असर नपार्ने कुरामा सहमत छौं ।

श्री ............................................ सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट

नाम : ................

पद : ..........

दस्तखत : समूहको छाप :

## अनुसूची ६ : उपभोक्ता समूह दर्ता प्रमाण–पत्रको ढाँचा

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग
जिल्ला वन कार्यालय, . . . . . . .
. . . . . . . . . . . . . . . . . . . .

दर्ता न.: मितिः

श्री . . . . . . . . . . . . . . . . उपभोक्ता समूह

यस कार्यालयको मिति . . . . . . . . . . . . . . . . को निर्णय अनुसार वन ऐन २०४९ र वन नियमावली २०५१ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समुहलाई दर्ता गरी यो प्रमाणपत्र दिईएको छ ।

उपभोक्ता समूहको विवरणः

उपभोक्ता समूहको क्षेत्रः

घरधुरीको संख्याः

कूल जनसंख्याः

प्रमाणपत्र दिने अधिकृतको नाम, थरः

दर्जाः

दस्तखतः

मितिः

दष्टब्यः

यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन रु.२५ (पच्चीस रूपैंया) दस्तुर लाग्नेछ ।

## अनुसूची ७ : सामुदायिक वनमा सञ्चालन गर्न सकिने कार्यक्रमहरूको सूची

| क्र.सं. | कार्यक्रमको नाम | एकाई | परिमाण | वार्षिक बजेट रु. |
|---|---|---|---|---|
| १. | ***वन संरक्षण कार्यहरू*** | | | |
| १.१ | चरिचरण नियन्त्रण | हे. | | |
| १.२ | अग्नि संरक्षण | | | |
| क | अग्निरेखा निर्माण | कि.मि. | | |
| ख | अग्नि नियन्त्रण गोष्ठी | पटक | | |
| ग | डढेलो नियन्त्रण सम्बन्धी प्रचार-प्रसार कार्यक्रम | किसिम | | |
| घ | सडक नाटक | " | | |
| १.३ | वन अतिक्रमण हटाउने | हे. | | |
| १.४ | वनहेरालुद्वारा संरक्षण | जना | | |
| १.५ | समूहबाट पालैपालो रेखदेख | | | |
| १.६ | तारबार गरी संरक्षण | कि.मि. | | |
| १.७ | वन सिमाङ्कन | " | | |
| १.८ | अन्य | | | |
| २ | ***वन विकासका कार्यहरू*** | | | |
| २.१ | नर्सरी मर्मत | गोटा | | |
| २.२ | नर्सरी निर्माण | " | | |
| २.३ | बिरुवा उत्पादन | " | | |
| २.४ | वृक्षारोपण | हे. | | |
| २.५ | गोडमेल | " | | |
| २.६ | पुनःरोपण | " | | |
| २.७ | सम्वृद्धि वृक्षारोपण | " | | |
| २.८ | बाटोको दायाँ-बायाँ वृक्षारोपण | बिरुवा | | |
| २.९ | निजी जग्गामा वृक्षारोपणका लागि बिरुवा वितरण | गोटा | | |
| ३ | ***वन सम्बर्द्धन कार्यहरू*** | | | |
| ३.१ | तारबार गरी पुनरुत्पादन संरक्षण | हे. | | |
| ३.२ | ब्लकको स्थलगत रेखाङ्कन | कि.मि. | | |
| ३.३ | वनपथ निर्माण | " | | |
| ३.४ | झाडी सफाई | हे. | | |
| ३.५ | पत्ल्याउने | " | | |

| | | | | |
|---|---|---|---|---|
| ३.६ | हाँगा काटछाँट | " | | |
| ३.७ | एक्ल्याउने | " | | |
| ४ | ***वन सदुपयोग कार्यक्रमहरू*** | | | |
| ४.१ | वन मापन | हे. | | |
| ४.२ | वन सदुपयोग कार्ययोजना तयारी | गोटा | | |
| ४.३ | काठ-दाउरा संकलन | | | |
| क | काठ | क्यू.फिट | | |
| ख | दाउरा | चट्टा | | |
| ४.४ | जडीबुटी संकलन | के.जी. | | |
| ४.५ | गैरकाष्ठ वनपैदावार संकलन | " | | |
| ४.६ | स्याउला-सोत्तर संकलन | भारी | | |
| ४.७ | भूईंघांस संकलन | " | | |
| ४.८ | डालेघांस संकलन | " | | |
| ५ | ***आयमूलक कार्यक्रम*** | | | |
| ५.१ | विकासे घांस रोपण | हे. | | |
| ५.२ | अम्रिसो रोपण | " | | |
| ५.३ | बांस-निगालो रोपण | " | | |
| ५.४ | बेत-बांस रोपण | " | | |
| ५.५ | अलैंची खेती | " | | |
| ५.६ | बहुद्देश्यीय फलफूल खेती | " | | |
| ५.७ | जडीबुटी नर्सरी निर्माण तथा बिरुवा उत्पादन | गोटा | | |
| ५.८ | जडीबुटी नर्सरी निर्माण तथा प्रदर्शन | " | | |
| ५.९ | जडीबुटी उत्पादन तथा प्रशोधन | आ.अ. | | |
| ६ | ***भू-संरक्षण कार्यक्रम*** | | | |
| ६.१ | गल्छी निर्माण | स्थान | | |
| ६.२ | पहिरो नियन्त्रण | " | | |
| ६.३ | नदी कटान नियन्त्रण | " | | |
| ६.४ | संरक्षण पोखरी निर्माण | गोटा | | |
| ७ | ***संस्थागत विकास कार्यक्रम*** | | | |
| ७.१ | वन कार्ययोजना पुनरावलोकन | गोटा | | |
| ७.२ | समूहको विधान संशोधन | " | | |
| ७.३ | सामुदायिक वनको अनुगमन तथा मूल्याङ्कन | पटक | | |
| ७.४ | समूहको साधारण सभा | " | | |

| | | | | |
|---|---|---|---|---|
| ७.५ | कार्यकारिणी समितिको बैठक | " | | |
| ७.६ | उत्कृष्ट कार्य गर्ने समूहका सदस्यको मूल्याङ्कन तथा पुरस्कार | जना | | |
| ७.७ | प्रचार-प्रसार सामग्री प्रकाशन तथा वितरण | आ.अ. | | |
| ७.८ | वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन | गोटा | | |
| ७.९ | वातावरण दिवस | पटक | | |
| ७.१० | वन महोत्सव | " | | |
| ७.११ | जैविक विविधता दिवस | " | | |
| ७.१२ | अन्तर्राष्ट्रिय पर्वतीय दिवस | " | | |
| ७.१३ | उपभोक्ता समूहको कार्यालय भवन | स्थान | | |
| क | मर्मत | गोटा | | |
| ख | निर्माण | " | | |
| ग | फर्निचरको व्यवस्था | आ.अ. | | |
| घ | कार्यालय सामान | आ.अ. | | |
| ***८*** | ***तालिम-गोष्ठी कार्यक्रम*** | | | |
| ८.१ | सामुदायिक वन परिचयात्मक गोष्ठी | पटक | | |
| ८.२ | प्रगति समीक्षा तथा कार्यतालिका तयारी गोष्ठी | " | | |
| ८.३ | लेखा तथा अभिलेख तालिम | " | | |
| ८.४ | योजना तर्जुमा गोष्ठी | " | | |
| ८.५ | सामुदायिक वन व्यवस्थापन तालिम | " | | |
| ८.६ | सामुदायिक वन जनचेतना गोष्ठी | " | | |
| ८.७ | दलित आदिबासी, जनजाति तथा पिछडिएको वर्गको सा.व. सम्बन्धी जनचेतना गोष्ठी | " | | |
| ८.८ | महिला जनचेतना गोष्ठी | " | | |
| ८.९ | गैरसरकारी संस्थासंग सामुदायिक वन समन्वय गोष्ठी | " | | |
| ८.१० | शिक्षक गोष्ठी | " | | |
| ८.११ | सामुदायिक वन सम्बन्धी विद्यार्थीसँग अन्तरक्रिया गोष्ठी | " | | |
| ८.१२ | स्कुले विद्यार्थीका लागि सा.व. सम्बन्धी निबन्ध प्रतियोगिता | " | | |
| ८.१३ | नर्सरी व्यवस्थापन तालिम | " | | |
| ८.१४ | गैरकाष्ठ वनपैदावार व्यवस्थापन तालिम | " | | |
| ८.१५ | उपभोक्ता समूहका सदस्यहरूको अध्ययन भ्रमण (जिल्ला भित्र/बाहिर) | " | | |
| ८.१६ | उन्नत चुलो सम्बन्धी तालिम | " | | |
| ८.१७ | मौरीपालन तालिम | " | | |

| | | | | |
|---|---|---|---|---|
| ८.१८ | वनस्पति कोइला बनाउने तालिम | " | | |
| ८.१९ | बेल, काफल र गुराँसको फुलबाट जुस बनाउने तालिम | " | | |
| ८.२० | बांस र निगालोबाट हस्तकलाका सामान बनाउने तालिम | " | | |
| ८.२१ | वनपैदावार संकलन तथा अभिलेख व्यवस्थापन तालिम | " | | |
| ८.२२ | स्कुले विद्यार्थीका लागि वन तथा वातावरण सम्बन्धी हाजिरीजवाफ प्रतियोगिता | " | | |
| ९ | ***सामुदायिक विकास सम्बन्धी कार्यक्रम*** | | | |
| ९.१ | उन्नत चुलो वितरण | गोटा | | |
| ९.२ | महिला साक्षरता कार्यक्रम | पटक | | |
| ९.३ | गोबरग्याँस प्लान्ट स्थापना अनुदान | " | | |
| ९.४ | मौरीघार अनुदान | " | | |
| ९.५ | उन्नत जातका पशुपालकलाई पुरस्कार स्वरूप अनुदान | " | | |
| ९.६ | बाखा साटासाट कार्यक्रम | " | | |
| ९.७ | बेमौसमी तरकारी खेती प्रदर्शन | स्थान | | |
| ९.८ | गोरेटो बाटो सुधार | कि.मि. | | |
| ९.९ | पुल/कल्भर्ट निर्माण | गोटा | | |
| ९.१० | विद्यालय भवन मर्मत | " | | |
| ९.११ | विद्यालय सञ्चालन अनुदान | " | | |
| ९.१२ | जेहेन्दार विद्यार्थी छात्रवृत्ति | जना | | |
| ९.१३ | साना खानेपानी मर्मत सम्भार | स्थान | | |
| ९.१४ | साना सिंचाई मर्मत सम्भार | " | | |
| ९.१५ | फलफूलको बिरुवा वितरण | गोटा | | |
| ९.१६ | सार्वजनिक स्थलको सुधार | | | |
| क | धार्मिक, सांस्कृतिक तथा पूरातात्विक महत्वको स्थल | गोटा | | |
| ख | पौवा | " | | |
| ग | पाटी | " | | |
| घ | चौतारो | " | | |
| ङ | पोखरी | " | | |
| च | अन्य | " | | |
| ९.१७ | बिपन्न, आदिबासी, जनजातिका महिलालाई सिलाई, कटाई, बुनाई तालिम | पटक | | |

# अनुसूची ७ (क) वनको विकास, संरक्षण र व्यवस्थापनका क्रियाकलापहरु

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | वार्षिक वजेट(रु.) |
|---|---|---|---|---|
| १ | **वन संरक्षण कार्यहरु** | | | |
| १.१ | चरिचरण नियन्त्रण | हे. | | |
| १.२ | अग्नी संरक्षण | | | |
| क | अग्नीरेखा निर्माण | कि.मी. | | |
| ख | डढेलो नियन्त्रण सम्वन्धी प्रचारप्रसार कार्यक्रम | किसिम | | |
| १.३ | वन अतिक्रमण हटाउने | हे. | | |
| १.४ | वन हेरालुद्धारा संरक्षण | जना | | |
| १.५ | तारवार गरी संरक्षण | कि.मी. | | |
| १.६ | वन सिमांकन | कि.मी. | | |
| १.७ | वन विउ वगैचा व्यवस्थापन | | | |
| २ | **वन विकासका कार्यहरु** | | | |
| २.१ | नर्सरी मर्मत तथा निर्माण | गोटा | | |
| २.२ | विरुवा उत्पादन | गोटा | | |
| २.३ | संस्थागत, सार्वजनिक, सामुदायिक क्षेत्र वृक्षारोपण | हे. | | |
| २.४ | गोडमेल | हे. | | |
| २.५ | पूनः रोपण | हे. | | |
| २.६ | सम्वृद्धि वृक्षारोपण (Enrichment Plantation) | हे. | | |
| २.७ | निजी जग्गामा वृक्षारोपणका लागि विरुवा वितरण | गोटा | | |
| ३ | **वन सम्वर्द्धन कार्यहरु** | | | |
| ३.१ | तारवार गरी पूनरुत्पादन संरक्षण | हे. | | |
| ३.२ | व्लकको स्थलगत रेखांकन | कि.मी. | | |
| ३.३ | वन पथ निर्माण | कि.मी. | | |
| ३.४ | झाडी सफाई | हे. | | |
| ३.५ | पत्ल्याउने | हे. | | |
| ३.६ | हाँगा काँटछाँट | हे. | | |
| ३.७ | एक्ल्याउने | हे. | | |
| ३.७ | माउ रुख संरक्षण | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.८ | अन्तिम कटान | | | |
| ४ | **वन सदुपयोग कार्यक्रमरु** | | | |
| ४.१ | वन मापन | हे. | | |
| ४.२ | वन सदुपयोग कार्ययोजना तयारी | गोटा | | |
| ४.३ | काठ (क्यू.फि.) दाउरा चट्टा) संकलन तथा घाटगद्धी | | | |
| ४.४ | जडीवुटी संकलन तथा गैरकाष्ठ वन पैदावार व्यवस्थापन | के.जी. | | |
| ५ | भू-तथा जलाधार संरक्षण | | | |
| ५.१ | वन क्षेत्रभित्र हुने वाढी, पहिरो, भू-क्षय तथा नदी कटान नियन्त्रण | | | |
| ५.२ | सिमसार, ताल तलैया , पोखरी तथा मानी मुहान संरक्षण | | | |
| ६ | जैविक विविधता संरक्षण | | | |
| ६.१ | प्रजाति संरक्षण | | | |
| ६.२ | जोखिममा परेका वन्यजन्तुको उद्धार तथा व्यवस्थापनः समूहले एक्लै वा अन्य समूहसँग मिलेर संचालन गर्न सक्ने | | | |
| ६.३ | क्षतिग्रस्त रुखहरुको संरक्षण | | | |

# अनुसूची ८ : कार्ययोजनामा समावेश हुनुपर्ने महत्वपूर्ण कुराहरू

(१) **वन व्यवस्थापन**

- वनको ऐतिहासिक पृष्ठभूमि
- वनको विवरण (नाम, सिमाना, क्षेत्रफल, भौगोलिक अवस्था, किसिम, हैसियत, भिर पाखा, प्रति, नदी, ताल आदिको विवरण र तिनको क्षेत्रफल)
- जिल्लाको नक्सामा ईलाका वन, गा.वि.स. र सामुदायिक वन देखाईएको नक्सा
- वन व्यवस्थापनको परिकल्पनाको आधारमा व्यवस्थापन गरिने वन खण्डको उद्देश्य निर्धारण
- वनपैदावारको माग तथा आपूर्तिको स्थिति र वैकल्पिक उपायहरू
- आधारभूत आवश्यकता पूरा गर्न चाहिने वनपैदावार
- व्यापारिक प्रयोजन तथा उद्यम संचालनको लागि उपलब्ध वनपैदावार
- कार्ययोजना परिमार्जन गरेको भए पुरानो कार्ययोजनाको समिक्षा
- वन खण्ड, उपखण्ड तथा कार्यक्षेत्र विभाजनका आधारहरू
- वन खण्ड तथा उपखण्डको विवरण (नाम, सिमाना, क्षेत्रफल, मोहडा, भिरालोपना, माटो, वनको किसिम, प्रजातिहरू, पूनरुत्पादनको अवस्था, छत्र घनत्व, उपयोगी प्रजातिहरू, गैरकाष्ठ वनपैदावार तथा त्यस सम्बन्धी अन्य जानाकारी)
- खण्ड, उपखण्ड तथा कार्यक्षेत्र अनुसार वनस्रोत सर्वेक्षण तथा विश्लेषणबाट प्राप्त नतिजाको आधारमा वनको विवरण, खण्ड तथा उपखण्ड विभाजन, वन व्यवस्थापन, वनपैदावारको उत्पादन देखिने खालका नक्साहरू
- वन संरक्षणका तरिकाहरू
- वन व्यवस्थापनका तरिकाहरू (खण्ड, उपखण्ड, कार्यक्षेत्र अनुसार) जस्तैः गोडमेल, हाँगा छटनी, पत्ल्याउने, एक्ल्याउने (यस्ता कार्यक्रमहरूको लागि कुन काम, कहिले, किन, कुन-कुन ठाउँमा, कसरी गर्ने भन्नेबारे प्रष्ट कार्यतालिका बनाई उल्लेख गर्नु पर्दछ ।)
- नर्सरी, वृक्षारोपण र अन्य आयमूलक कार्यकमहरू (यस्ता कार्यक्रमहरूको लागि कुन काम, कहिले, कुन-कुन ठाउँमा, कसरी गर्ने भन्नेबारे प्रष्ट कार्यतालिका बनाई उल्लेख गर्नु पर्दछ ।)
- वनपैदावार संकलनमा खण्ड, उपखण्ड तथा कार्यक्षेत्र अनुसार समय, परिमाण, संकलन गर्ने तरिका र स्थानको उल्लेख
- गैरकाष्ठ वनपैदावारको व्यवस्थापन (प्रजाति छनोट, क्षेत्र निर्धारण, स्रोत सर्वेक्षण र व्यवस्थापन विधि)
- वनमा पाईने वन्यजन्तु एवं जैविक विविधता र तिनको संरक्षण सम्बन्धी व्यवस्था

- दण्ड सजायँ सम्बन्धी व्यवस्था
- वन विकास सम्बन्धी कार्यक्रमहरू (जस्तै बिरुवा उत्पादन, वृक्षारोपण आदि)
- वार्षिक योजना तर्जूमा गर्ने कार्यविधि
- क्षमता अभिवद्धि कार्यकम (तालिम)/संस्थागत विकास (के, कसले र कहिले गर्ने)
- सामुदायिक विकासको परिकल्पना तथा कार्यक्रमहरू (खानेपानी, स्वास्थ्य, नहर, बाटो तथा अन्य कायक्रम)
- महिला तथा विपन्न वर्गको उत्थानको लागि अपनाईने वन व्यवस्थापन र जीविकोपार्जन सुधारका विशेष कार्यक्रम
- अनुगमन तथा मूल्याङ्कनको कार्यविधि तथा व्यवस्था

## (२) **विपन्नमूखी जीविकोपार्जन कार्यक्रम**

सामुदायिक वनलाई विपन्नहरूको जीविकोपार्जनको महत्वपूर्ण स्रोतको रूपमा विकास गर्न यस्ता वर्गको जीवनस्तर उकास्ने खालको विशेष कार्यक्रम बनाई कार्ययोजनामा नै उल्लेख गर्नु पर्दछ । समूहको विपन्नमूखी जीविकोपार्जन कार्यक्रमलाई निम्न तीन चरणबाट योजना बनाई सञ्चालन गर्नु पर्दछ र उक्त कुराहरूलाई कार्ययोजनामा छुट्टै परिच्छेद बनाई उल्लेख गर्नु पर्दछ ।

(**क**) **विपन्न घरधरी पहिचानः** विपन्न घरधुरी पहिचान गर्दा स्थानीय आधारहरूलाई ध्यानमा राखी सहभागितामूलक सम्पन्नता स्तरीकरण गर्नु पर्दछ। स्तरीकरण गर्दा सामाजिक, भौतिक, प्राकृतिक, मानवीय र आर्थिक पक्षलाई आधार मान्नु पर्दछ।

(**ख**) **जीविकोपाजन योजना तयारी**: सम्पन्नता स्तरीकरणबाट छनोट गरिएका विपन्न घरधुरी र कार्यसमितिका पदाधिकारीहरू तथा अन्य सहयोगी निकायहरू समेतका संलग्नतामा निम्न बुँदाहरूमा छलफल गरी जीविकोपार्जन योजना तयार गर्नु पर्दछ।

- विपन्न घरधुरीको चाहना, क्षमता र प्रतिबद्धता
- स्थानीय स्रोतको उपलब्धता
- छिटो प्रतिफल दिन सक्ने र कम जोखिम भएको कार्यक्रम
- उपभोक्ता समूहले गर्न सक्ने भौतिक वा आर्थिक सहयोग
- अन्य सहयोगी निकायहरूको भूमिका
- बजारको अवस्था

**(ग) जीविकोपार्जन योजनामा पर्ने सम्भावित कार्यहरूः** माथि उल्लिखित प्रक्रियाबाट तयार पारिएका योजनाहरू कार्यान्वयन गर्ने मुख्य जिम्मवारी सम्बन्धित घरधुरीकै भएता पनि सहयोग गर्ने मुख्य दायित्व समूहको हुन्छ।

जीविकोपार्जन योजनाको लागि सम्भावित कार्यक्रमहरू निम्न अनुसार हुन सक्छन् :

- प्रत्यक्ष आम्दानी र रोजगारी बढाउने खालका (जस्तैः जडीबुटी खेती, बाँस, निगालो आदि वनजन्य कार्यक्रम र बाख्रापालन, मह उत्पादन, च्याउ खेती, तरकारी खेती, पसल, आदि)
- साना उद्योग स्थापना तथा उद्योगमा संलग्नता (जस्तैः जुस उत्पादन, बेत-बाँसका सामग्री, अल्लो, जडीबुटी, छाला जुत्ता, हाते कागज, वनस्पति कोईला आदि)
- शिक्षामा सहयोग (जस्तैः छात्रवृत्ति, प्रौढ शिक्षा)
- आयआर्जनको लागि सामुदायिक वनको जग्गा छुट्याउने
- वनपैदावार निःशुल्क वा सहुलियत दरमा उपलब्ध गराउने विशेष व्यवस्था गर्ने
- समितिका साथै अन्य महत्वपूर्ण पदमा नेतृत्व गर्ने अवसर दिई नेतृत्व विकास गराउने
- तालिम-गोष्ठीमा प्राथमिकताका साथ विपन्न, दलित, आदिबासी, जनजाति, महिलाहरूको सहभागिता गराउने
- सभा-बैठकमा भाग लिएको समयको प्रोत्साहन स्वरूप खाजा वा खाना तथा उचित पारिश्रमिकको व्यवस्था मिलाउने
- आपत-विपतमा विशेष सहयोग गर्ने

यस्ता जीविकोपार्जन कार्यक्रमको लागि आवश्यक सबै बन्दोबस्त मिलाउन र नियमित अनुगमन तथा सहयोग गर्ने कार्य समूहले नै गर्नु पर्दछ। विपन्न घरधुरीलाई गरिने सहयोग तथा कार्यक्रमको बारेमा समूह र सम्बन्धित घरधुरीको बीचमा लिखित सम्झौता गरिनु पर्दछ। यसले गर्दा समूहमा पछि कुनै परिवर्तन भए पनि विपन्नको सहयोग पाउन अधिकारको रक्षा हुन्छ। यस्तो सम्झौता विपन्न घरमुलीका महिला र पुरुष दुबैसँग गरी महिलालाई कारोवारको मुख्य जिम्मेवारी दिदा प्रभावकारी हुन्छ।

### (३) **वनस्रोतमा आधारित उद्यम विकासः**

सामुदायिक वनबाट स्थानीय आवश्यकता पूरा गरी बढी भएको वनपैदावार व्यापारिक हिसाबले प्रयोगमा ल्याई समूहका सदस्यहरूको आम्दानी तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ। आम्दानी वृद्धि गर्न वनमा आधारित उद्यमको विकास हुन आवश्यक छ। स्रोतको अवस्था हेरी उद्यम स्थापना गर्न वा वनपैदावारको व्यापार गर्न देहायको विषयमा विचार पुऱ्याउनु पर्दछ।

- उत्पादित वस्तुको माग र आपूर्तिको स्थिति, बिक्री गर्ने स्थान, आवश्यक लगानी र नाफा, नोक्सानको अवस्था
- वनपैदावारको बिक्री वितरणका लागि प्रशोधन गर्नुपर्ने (जस्तैः नेपाली कागज, चिरान काठ आदि) भएमा त्यसका लागि आवश्यक सीप तथा जनशक्तिको उपलब्धता
- उद्योग स्थापना तथा सञ्चालन गर्न आवश्यक पूर्वाधारको अवस्था

- विपन्न, दलित, आदिबासी, जनजाति तथा महिलाहरूका सीप वृद्धि गरी रोजगारी सिर्जना हुन सक्ने सम्भावना
- विपन्न, दलित, आदिबासी, जनजाति तथा महिलावर्गका शेयर लगानीको लागि समूह तथा अन्य संस्थाले सहयोग गर्न सक्ने सम्भावना
- उद्योग सञ्चालन गर्न आवश्यक कच्चापदार्थ, लगानी आदिका लागि समूहहरू र निजी क्षेत्रसँगको सहकार्यको सम्भावना

माथि उल्लेखित अध्ययन तथा विश्लेषणको आधारमा व्यापार गरिने पैदावारहरूलाई निम्न वर्गमा बाँड्नु पर्दछ ।

१. जंगलबाट कच्चा पदार्थ संकलन गरेर सोझै बिक्री गरिने (जडीबुटीहरू, काठ, दाउरा, घाँस आदि)

२. अर्धप्रशोधन गरी थप प्रशोधनका लागि बिक्री गरिने (जस्तैः लोक्ता कागज, चिरान काठ आदि)

३. पूर्ण प्रशोधन गरी बिक्री वितरण गरिने (सुगन्धित तेल, शर्बत, दाम्लो, धागो आदि)

यसरी विभाजन गर्नाले कुन कुन प्रजातिलाई कस्तो ढंगले व्यापार गर्न सकिन्छ र कति लगानीको आवश्यकता पर्दछ भन्ने पत्ता लगाउन सहयोग पुग्दछ ।

उद्योग स्थापना गर्दा निम्न कामहरू गर्नु पर्दछ ।

१. उद्योग दर्ता र स्थापना

२. व्यापारिक योजनाको तयारी

३. वातावरणीय अध्ययन (आवश्यक परेमा)

४. लाभांश वितरण

समूहले आफ्नो सामुदायिक वनको वनपैदावारहरू आफैंले संकलन गरी बिक्री वितरण गर्नु पर्दछ । उपभोक्ताको आवश्यकता पूरा भएपछि मात्र बढी भएका वनपैदावार समूहको निर्णय अनुसार बाहिर बिक्री वितरण गन सकिन्छ । यसरी बिक्री वितरण गर्दा सोही जिल्लाका टाढाका उपभोक्तालाई प्राथमिकता दिईनेछ ।

## (४) कोषको उपयोग र व्यवस्थापनः

वनपैदावार बिक्री गरी प्राप्त आम्दानीका कम्तिमा २५ (पच्चीस) प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गर्नु पर्नेछ । त्यसैगरी समूहको आम्दानीको कम्तिमा ३५ (पैंतीस) प्रतिशत बराबर रकम वा सामान वा दुबै विपन्न वर्गका जीविकोपार्जन सुधारमा खर्च गर्नु पर्दछ । कोष व्यवस्थापनका लागि नियमित रेकर्ड राख्ने पद्धति तथा खर्च गर्ने प्रक्रियाको बारेमा कार्ययोजनामा प्रष्ट उल्लेख गर्नु पर्दछ ।

**विपन्न वर्गका लागि सामुदायिक वनको जग्गा वितरण**

सामुदायिक वनको केही भाग जग्गा समूहका विपन्न उपभोक्तालाई निश्चित समयावधिका लागि विभिन्न आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्न उपलब्ध गराई उनीहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउन सकिन्छ । यस कार्यक्रमबाट सामुदायिक वनको खेर गईरहेको जग्गाको प्रभावकारी व्यवस्थापन हुनुका साथै वनको उत् पादकत्व बढाउनमा पनि सहयोग पुग्नछ ।

यो कार्यक्रममा सबैभन्दा पहिले सामुदायिक वनमा रुखबिरुवा नभएको वा कम भएको, बिपन्नहरूलाई पायक पर्ने र नगदे बालीनाली लगाउन सकिने क्षेत्र छनोट गर्नु पर्दछ । सम्पन्नता स्तरीकरणको माध्यमबाट समूहका बिपन्न र पछाडि पारिएका वर्गका घरपरिवारको छनोट गरी ती घरधुरीलाई निश्चित समयावधि (५ देखि १० वर्ष, चालु वन कार्ययोजना अवधिभर वा अरू कुनै समय) तोकेर निश्चित क्षेत्र प्रयोग गर्न दिन सकिन्छ । यसरी दिईएको जग्गा घरधुरीलाई छुट्टाछुट्टै वा विपन्न उपभोक्ताहरुको सानो समूह बनाई सामुहिक रुपमा उपयोग गर्न दिन सकिन्छ । छनोटमा परेका विपन्न घरपरिवारलाई सामुहिक रूपमा काम गर्न सजिलो होस् भनेर एक भेगका उपभोक्ताहरूलाई एक क्षेत्रको जग्गा छुट्याउँदा राम्रो हुन्छ । सामुदायिक वनको जग्गामा खनजोत गरेर नियमित वार्षिक कृषि बालीनाली लगाउन पाईंदैन, तर यस्ता जग्गामा एक वर्षभित्रै प्रतिफल दिने खालका नगदे बालीनाली, भुईघाँस, गैरकाष्ठ वनपैदावार र बोटबिरुवा लगाउन सकिन्छ । यसरी प्रयो ग गर्न दिईएको वनक्षेत्रमा भुईंघास, डालेघाँस, अलैंची, अम्रिसो, विभिन्न जडीबुटी (कुरिलो, सर्पगन्धा, सेतोमुस्ली आदि) र फलफुलका बिरुवा लगाउन सकिन्छ ।

यसरी विपन्न उपभोक्ताहरूलाई सामुदायिक वनको जग्गा आय आर्जनका लागि प्रयोग गर्न दिंदा सबैलाई यसको अवधारणा बुझाउन गहन छलफल र अभिमुखीकरण जस्ता सामाजिक कार्यहरूको आवश्यकता हुन्छ। कुन जग्गा छुट्याउने, कसलाई उपयोग गर्न दिने भन्ने सम्बन्धमा सहमति कायम गर्ने प्रक्रिया एकदमै महत्वपूर्ण हुन्छ । विपन्न, सम्पन्न सबै उपभोक्ताहरू यस कार्यप्रति सहमत हुनु पर्दछ । यस प्रक्रियामा विपन्नहरूको छनोट गर्ने आधार, जग्गा छनोट गर्ने आधार र त्यसको अवस्था, क्षेत्रफल तथा अन्य विवरण, जग्गा उपयोगको उद्देश्य, शर्त र अवधि, उपभोक्ता र समूह तथा अन्य सरोकारवालाबीच लगानी र प्रतिफलको बाँडफाँड, जग्गा फिर्ता लिन सकिने प्रक्रिया तथा उत्पादनको बजार र बिक्रीको व्यवस्था जस्ता कुराहरूको योजना बनाई सो कुरा कार्ययोजनामा नै उल्लेख गर्नुपर्दछ । यी कुरा उल्लेख गरेर जग्गा पाउने घरधुरी र उपभोक्ता समूहबीच लिखित सम्झौता गर्नु पर्दछ । यसरी प्रयोग गर्न दिईएको सामुदायिक वनको जग्गामा के कस्ता आयआर्जनको क्रियाकलापहरू गर्ने भन्ने कुरा सम्बन्धित विपन्न उपभोक्ताहरुले उक्त जग्गाको अवस्था तथा सम्भावनालाई हेरर तय गर्नुपर्दछ । उपभोक्ता समितिका पदाधिकारीहरूले उपरोक्त सहमति अनुसार काम भईरहेको छ, छैन भनेर नियमित रुपमा अनुगमन गर्नु पर्दछ ।

विपन्न उपभोक्ताहरूले यस कार्यक्रम अन्तरगत प्रयोग गर्न दिईएको वन क्षेत्रको उपयोग गरी आफ्नो जीविकापार्जनमा सुधार गर्न अवसर पाउँदछन् । यसबाट विपन्न वर्गमा आत्मविश्वासका साथै सामुदायिक वन र उपभोक्ता समूह आफ्नै हो भन्ने भावनाको विकास गर्न र सामुदायिक वन प्रक्रियामा उनीहरुको सहभागिता बढाउन पनि मद्दत पुग्दछ ।

## अनुसूची ९ : सामुदायिक वन दर्ताको लागि दिईने निवेदनको ढाँचा

श्री जिल्ला वन अधिकृत

जिल्ला वन कार्यालय, . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . ।

वन ऐन २०४९ र वन नियमावली २०५१ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रूपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वनक्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नुहुन यो निवेदन पेश गरेका छौं ।

(क) प्रस्तावित सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगानाः

चारकिल्लाः क्षेत्रफलः

(ख) वन्यजन्तु छन्, छैनन् ? छन् भने कुन कुन जातका वन्यजन्तु छन् ?

निवेदक,

. . . . . . . . . . . . सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट दस्तखत

क्र. स. नाम पद

१.

२.

३.

४.

मितिः

# अनुसूची १० : सामुदायिक वन दर्ता हुँदा गराइने कबुलियतनामाको ढाँचा

लिखितम् ............................ जिल्ला ............................... गा.वि.स. वडा नं. ....... स्थित श्री.................................. सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट अख्तियार प्राप्त हामी...................................... गा.वि.स. वडा नं. .......... मा पर्ने पूर्व ............................., पश्चिम ................................, उत्तर ..........................., दक्षिण ............................, यति चारकिल्ला भित्रको ........... हे. क्षेत्रफल भएको राष्ट्रिय वन, वन ऐन २०४९ र वन नियमावली २०५१ को अधिनमा रही यसैसाथ संलग्न स्वीकृत वन कार्ययोजना अनुरूप तपशिलका शर्तहरू वमोजिम सामुदायिक वनको रूपमा जिम्मा लिई वनको विकास, संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्न मञ्जुर छौं । कबुलियत वमोजिमको शर्त पालना नगरेमा वन ऐन २०४९ र वन नियमावली २०५१ वमोजिम सहुँला बुझाउँला भनी खुशीराजीसँग यो कबुलियतनामा लेखी जिल्ला वन कार्यालय मार्फत नेपाल सरकारमा चढायौं ।

तपशिल

१. स्वीकृत कार्ययोजनामा उल्लेख भएबाहेक अन्य काम कारवाही गर्ने छैनौं ।

२. आफैले सामुदायिक वनको रूपमा पाएको वनक्षेत्र लगायत अन्य वनक्षेत्रमा अतिक्रमण वा अन्य कुनै प्रकारले हानी-नोक्सानी गर्ने, गराउने छैनौं ।

३. समय-समयमा जिल्ला वन कार्यालय र सेक्टर वन कार्यालय तथा ईलाका वन कार्यालयले दिएको प्राविधिक सल्लाह र सुझाव अनुरूप कार्य गर्नेछौं ।

४. उपभोक्ता समूहमा भए गरेका कामको अनुगमन फारम वमोजिम प्राप्त जानकारी समाबेश गरी वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र जिल्ला वन कार्यालयमा पेश गर्नेछौं ।

५. वन उपभोक्ता समूहले कार्ययोजना वमोजिम काम गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेको वा वन ऐन वा वन नियमावली तथा नेपाल सरकारले तोकेका शर्तहरू पालना नगरेको प्रमाणित हुन आएमा ऐन नियम वमोजिम कारवाही गरेमा हाम्रो मञ्जुरी छ ।

६. सामुदायिक वनभित्र वन विकास कार्यबाहेक अन्य कुनै सार्वजनिक विकास निर्माणका कार्यहरू, जस्तैः सडक, स्कुल, खानेपानी सिचाईं कुलो आदि, सञ्चालन गर्नुपर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र सञ्चालन गरिनेछ ।

७. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को विपरीत हुने गरी कुनै वन्यजन्तु पक्रने वा मारिने छैन, यदि कोही कसैले त्यस्तो कार्य गरे, गराएमा कसरदारलाई पक्राउ गर्न सहयोग गरिनेछ ।

८. सामुदायिक वन सम्बन्धी क्रियाकलापको स्थलगत निरीक्षणको कार्यमा आउने वन कर्मचारीलाई आवश्यक सहयोग गर्नेछौं ।

९. यो सामुदायिक वन हस्तान्तरण हुनु पूर्व नेपाल सरकार र अन्य संघसंस्थाबीच सम्झौता भई लागु भईरहेको साबिक भोगचलनलाई सो अवधिभर यो हस्तान्तरणले कुनै असर नपार्ने कुरामा सहमत छौं ।

१०. सामुदायिक वनको प्रमाण-पत्र हराएमा, च्यातिएमा वा नासिएमा अको प्रमाण-पत्र लिन रु.२५ (पच्चीस रुपैंया) दस्तुर तिर्न मन्जुर छौं ।

११. कार्ययोजना संशोधन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी गर्ने छैनौं ।

१२. संरक्षित वनक्षेत्रको रूपमा लिईएको सरकारी वनक्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहनेछ । तर यसको संरक्षण गर्ने दायित्व उपभोक्ता समूहको हुनेछ ।

१३. सामुदायिक वनको विकास, संरक्षण, सम्बर्द्धनको लागि आवश्यक प्राविधिक सहयोग जिल्ला वन कार्यालय, सेक्टर वन कार्यालय वा ईलाका वन कार्यालय, अन्य सहयोगी संस्था र समूह भित्र रहेका प्राविधिकहरूबाट लिने छौं ।

१४. सामुदायिक वनबाट स्वीकृत कार्ययोजना वमोजिम प्राप्त हुने वनपैदावार मात्र वन उपभोक्ता समूह भित्र समतामूलक (Equity Based) रूपमा बिक्री वितरण गर्नेछौं ।

१५. सामुदायिक वनमा मुख्य वनपैदावारको घनत्व र उत्पादनमा ह्रास नआउने गरी अन्नबाली बाहेकका लामो समयसम्म एउटै बोटले उत्पादन लिन सकिने खालका बाँस, अम्रिसो, रुख जातका फलफूल र जडीबुटी जस्ता नगदेबाली मात्र लगाउनेछौं ।

१६. वन कार्ययोजनामा उल्लेख भएका वार्षिक रूपमा कटान गर्न सकिने परिमाणभन्दा बढी रुख वा बढी परिमाणका काठ कुनै पनि हालतमा काट्ने छैनौं ।

१७. वन कार्ययोजनामा वन सम्बन्धी कार्यहरू संशोधन गर्नुपरेको अवस्थामा साधारण सभाको बैठकमा वन प्राविधिकलाई आमन्त्रण गर्नेछौं ।

१८. समूहले वन विकास र सामाजिक विकासका क्रियाकलापको आवश्यकता महशुस गरेमा अन्य संघसंस्थासँग समन्वय गरी सहयोग लिन सक्नेछ ।

१९. कुनै किसिमको तालिम, गोष्ठी, सेमिनार र भ्रमणमा सहभागी पठाउँदा इच्छुक तथा विषयगत दक्षता भएकालाई सहभागी गराउने छौं ।

२०. साधारणतया वन कार्ययोजना तयार भई लागु भएको कम्तिमा २ (दुई) वर्ष नभई परिमार्जन गरिने छैन । यदि सो अवधि भित्र विशेष परिस्थिति परी कार्ययोजनाको परिमार्जन गर्नु पर्ने भएमा साधरण

सभामा विधानमा दर्ता भएका घरधुरीको ५१% को निर्णयबाट पारित गराई संशोधन प्रक्रिया अगाडि वढाउनुपर्नेछ ।

२१. वन उपभोक्ता समूहका पदाधिकारीहरूले वन ऐन २०४९, वन नियमावली २०५१ र समूहको विधान कार्ययोजना विपरीत काम कारवाही गरेमा ऐन नियम वमोजिम सजायँ भएमा हामी मन्जुर छौं ।

२२. वन ऐनमा उल्लेख भए वमोजिम कार्ययोजना अनुसार प्राप्त भएको आम्दानीको कम्तिमा २५ (पच्चीस) प्रतिशत रकम अनिवार्य रूपमा वनको संरक्षण, विकास र व्यवस्थापनको लागि खर्च गर्नेछौं ।

................................ जिल्ला ........................................... गा.वि.स. वडा नं. ....... स्थित

श्री .................................... सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट

दा. बा. सो समूहका अध्यक्ष ........................................

**साक्षी**

.................................. जिल्ला ...................................... गा.वि.स. वडा नं. ............. बस्ने

दा. बा. श्री .........................................................

**साक्षी**

....................................जिल्ला ......................................... गा.वि.स. वडा नं. ............. बस्ने

दा. बा. श्री ..........................................................

**साक्षी**

................................... जिल्ला ...................................... गा.वि.स. वडा नं. ............. बस्ने

दा. बा. श्री .........................................................

**साक्षी**

......................................जिल्ला .................................... गा.वि.स. वडा न.. ............. बस्ने

दा. बा. श्री .........................................................

ईति सम्वत् २०७ साल ..........................महिना ........ गते ......... रोज शुभम्

# अनुसूची ११ : सामुदायिक वन दर्ता प्रमाण–पत्रको ढाँचा

नेपाल सरकार

वन तथा भू- संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय, . . . . . . .

. . . . . . . . . . . . . . . . . . .

श्री . . . . . . . . . .  .. .  . .. उपभोक्ता समूह

. . . . . . . . . . . . . . . . . . . . . .. .  .

. ..  . . ..  . . . . . .. . . .  . . . . . . . . .

वन ऐन २०४९ र वन नियमावली २०५१ को अधिनमा रही देहायको राष्ट्रिय वनक्षेत्र यसैसाथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न सामुदायिक वनको रूपमा सुम्पिईएको छ ।

सामुदायिक वनको विवरणः

नामः चारकिल्लाः क्षेत्रफलः

प्रमाणपत्र दिने जिल्ला वन अधिकृतको नाम, थरः

दस्तखतः

मितिः

द्रष्टब्यः

यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन रु.२५ (पच्चीस रूपैंया) दस्तुर लाग्नेछ ।

## अनुसूची १२ : सामुदायिक वन कार्ययोजनाको मुखपृष्ठको ढाँचा

# सामुदायिक वन कार्य योजना

क्रम संख्याः ............................................

जिल्ला/सेक्टर/ईलाका/गा. वि. स./संख्या

| |
|---|
| सामुदायिक वनको नाम : |
| उपभोक्ता समूहको नाम : |
| ठेगाना : |

आ. व. २० देखि आ. व. २० सम्म

**Community Forestry OPERATIONAL PLAN**

FY to FY

Serial No.:- ..........................................................

District / Sector / Ilaka / V. D. C. / No.

निर्देशिका

१. यो मुखपृष्ट अनिवार्य रूपले सबै सामुदायिक वनको कार्ययोजनामा प्रयोग गर्नु पर्नेछ ।

२. मुखपृष्ठमा बक्स भित्र सामुदायिक वन र उपभोक्ता समूहको नाम र ठेगाना स्पष्टसँग लेख्नु पर्दछ ।

३. आ.व. लेखिएको ठाउँमा कति वर्षको योजना हो सो अवधि उल्लेख गर्नु होला ।

४. क्रम संख्या अन्तर्गत जिल्ला, सेक्टर, ईलाका र गा. वि. स. को ठीक माथि सो नामहरू अगाडिका तीन अक्षरमा उल्लेख गरी क्रमसंख्या हरफमा सम्बन्धित जिल्लामा रहेको सामुदायिक वनको कार्ययो जना क्रमानुसार राखी सो संख्या उल्लेख गर्नु पर्दछ र यो संख्या पछिसम्म पनि साबिकको कायम हुनु पर्दछ ।

उदाहरणका लागि : क्रम सख्या : काठ/थान/थान/थान/२

जिल्ला/सेक्टर/ईलाका/गा. वि. स./संख्या

# अनुसूची १३ : सामुदायिक वन उपभोक्ता समूह र विपन्न वर्गवीच हुने सम्झौता–पत्रको नमूना

घरमुली श्रीमान्: ठेगाना:

श्रीमती: कार्यक्रम:

सामुदायिक वन उपभोक्ता समूहका नाम र ठेगाना:

## भाग १ : जीविकोपार्जनको पृष्ठभूमि र विपन्नको अवस्था

### १. पृष्ठभूमि

- सामुदायिक वन उपभोक्ता समूह र/वा वाह्यस्रोतबाट समूह भित्रका विपन्नहरूको जीविकोपार्जन सुधारका लागि गरिने सहयोग संस्थागत गर्न ।

नोट : जीविकोपार्जन कार्यक्रम किन कहिलेदेखि कसका लागि शुरु गरियो

..........................................................................................

..........................................................................................

..........................................................................................

### २. उद्देश्यः

- विपन्नको अधिकार सुनिश्चित गर्ने
- विपन्नको आत्मबल बढाउने
- विपन्नको आय वृद्धि गर्ने

### ३. ..................... अवधि भित्र आउने आशातीत नतिजा

३.१ आय आर्जनको काम ..................... व्यवसाय/कार्यक्रमबाट विपन्नको सामाजिक प्रतिष्ठा, सन्तुष्टि र आय वृद्धि भएको हुनेछ ।

३.२ सम्पन्नता स्तरीकरणबाट पहिचान भएका विपन्नको गरिबी घटाउन समूहले विभिन्न वित्तिय र गैरवित्तीय सहयोग गर्न सम्झौता गरेको हुनेछ ।

३.३ विपन्नलाई भेटी आत्मबल बढाउने, तालिम गोष्ठीमा सहभागी गराउने, समूहको कार्यसमितिमा स्थान दिने, उनका छोराछोरीलाई छात्रवृत्ति दिने, वनपैदावार निःशुल्क वा कम मुल्यमा उपलब्ध गराउने, आयआर्जनका लागि वन क्षेत्र प्रयोग गर्न दिने, समूह भित्रको रोजगारीमा प्राथमिकता दिने, उद्यम विकासमा सहभागी गराउने, अन्य संघसंस्थाहरूसँग सम्पर्क गराउने कुरामा वृद्धि हुनेछ ।

३.४ यसको सिकाईका आधारमा यस समूहले अरु तहका घरधुरीहरूलाई र छिमेकी समूहहरूले पनि आफ्ना समुहका विपन्न घरधुरीहरूलाई यस्तै प्रकारको सहयोग गर्न थाल्नेछन् ।

**४. विपन्नका अवस्थाः**

सहजकर्ताले भौतिक, प्राकृतिक, आर्थिक, मानवीय र सामाजिक सम्पत्तिहरूको अवस्था के कस्तो छ भन्ने कुराको सहजीकरणको लागि आफ्नो विचार लाद्ने नभई प्रश्न गर्न निम्न चेकलिष्ट प्रयोग गर्न सक्नेछन् ।

| | |
|---|---|
| आर्थिक अवस्था | ज्याला, आम्दानीको बाटो, कोषमा पहुँच, बैंक मौज्दात, कर्जा/ऋण, रोजगारी आदि । |
| सामाजिक सम्पत्ति र सम्पर्क | संगठन, सदस्यता, चिनजान, इष्टमित्र, पहुँच लगाउन सकिने मानिस, दाजभाइ, सभा-बैठकमा सहभागिता, नेतृत्वमा पहुँच, सुचना, विकास सम्बन्धी र सरकारी सेवामा पहुँच आदि । |
| मानवीय स्रोत र सम्पत्तिको स्थिति | शिक्षा, स्वास्थ्य, सीप, तालिम, छोराछोरी, घरपरिवारका काम गर्न सक्ने सदस्य संख्या, विचार तथा सोचाइ स्तर, व्यवसाय, व्यापार प्रति लगाव र हिम्मत, इच्छा र आकांक्षा आदि । |
| सार्वजनिक भौतिक पूर्वाधार माथिको पहुँच तथा भौतिक सुविधाको स्थिति | बाटो, खानेपानी, बिजुली, टेलिफोन, स्वास्थ्य सुविधा, स्कुल, क्लब, समूहमाथि पहुँच । |
| व्यक्तिगत भौतिक सम्पत्तिको स्थिति | घर, सवारीसाधन, टेलिफोन, रेडियो, गाइवस्तु, भेडाबाखा, वनपैदावार माथि पहुँच आदि । |
| प्राकृतिक स्रोत साधन र सम्पत्ति | जग्गा, जमिन, वन, ढुंगा खानी, स्लेट, कुवा, पानीको मुहान |
| विकास कार्यक्रम, नीति नियम, कानुनी प्रावधान तथा सहुलियतको स्थिति | सहुलियत पाएका विषयहरू, फाइदा पुगेका वा मर्का परेका कानुन र नियम, सुविधा र सहुलियत आदि । |
| जोखिमको स्थिति | स्वास्थ्य स्थिति, कुनै दीर्घरोग, घरबास रहेको ठाउँ (पैह्रो बाढीको प्रकोप), ऐलानी र सरकारी जग्गामा बसोबास, कहीबाट धम्की, डर, त्रास, प्रकोप, समाजको हेराई, एक्लोपन, निराशा, सामाजिक रूपमा तिरस्कृत भएको स्थिति, आरोप तथा लान्छना आदि । |

नोटः विपन्न भनी निर्धारण गरिने आधारहरू सम्पन्नता स्तरीकरणका बेला सम्बन्धित गाउँवासीबाट पहिचान गर्न लगाउनु पर्छ । माथिबाट वा बाहिरिया सहजकर्ताले ताकिदिनु हुदैन ।

**५. सम्पन्नता स्तरीकरणका अभ्यासबाट विपन्न भनी पहिचान भएका कही आधारहरू**

- ज्याला गरी जीवन धान्ने
- परिवारमा अरु कमाउने मानिस नभएको
- निरक्षर
- सानो भत्केको घर
- जग्गाविहीन
- स्वास्थ्यको बिग्रदो अवस्था, उपचार गर्न असमर्थ

**भाग २ : जीविकोपार्जन क्रियाकलाप र सम्झौताका शर्तहरू**

**६. जीविकापार्जन क्रियाकलापका नाम र कामहरू :** ........................................................

नोटः विपन्नको जीविकोपार्जनका लागि सामुदायिक वन उपभोक्ता समूहले सहयोग गर्ने मुख्य क्रियाकलापको नाम उल्लेख गर्ने ।

विपन्नको जीविकोपार्जन सुधारका लागि समूहले सहयोग गर्न सक्ने सम्भावित क्रियाकलापहरूको सूची निम्न अनुसार हुनसक्छ ।

**सम्भावित क्रियाकलापहरू**

१. विपन्नद्वारा वनको संरक्षण, विकास र वनपैदावार प्राप्त गर्न गरिने क्रियाकलापहरू

........................................................................................................................

२. विपन्नलाई वन उद्यममा सहभागी गराउन गरिने क्रियाकलापहरू

........................................................................................................................

३. विपन्नका आयआर्जन वृद्धि गर्नका लागि समूहको कोष परिचालन र ऋण सहुलियत सम्बन्धी क्रियाकलापहरू

........................................................................................................................

४. विपन्नको नेतृत्व विकास गराउन गरिने क्रियाकलापहरू

........................................................................................................................

५. विपन्नको क्षमता/दक्षता बढाउन गरिने क्रियाकलापहरू

........................................................................................................................

६. विपन्नको रोजगारी बढाउन गरिने सहयोग र क्रियाकलापहरू

..........................................................................................................

७. विपन्नलाई वनको जग्गा आय आर्जन कार्यक्रमको लागि प्रयोग गर्न दिंदा गरिने क्रियाकलापहरू

..........................................................................................................

७. **अवधिः** मुख्य क्रियाकलापको प्रकृति हेरेर अवधि निर्धारण गरी उल्लेख गर्ने ।

..........................................................................................................

८. **कार्यान्वयनः** जीविकोपार्जन सुधारका क्रियाकलाप सञ्चालन कहिले, कहाँ, कसरी गर्ने र सरोकारवालाहरू, जस्तैः विपन्न, समिति, समूह, वाह्य सहयोगी निकाय आदिको भूमिका उल्लेख गर्ने । सबै पक्षको अधिकार, जिम्मेवारी, भूमिका, लगानी आदि स्पष्ट लेख्ने ।

..........................................................................................................

९. **बजेट र बजेट निकासा प्रक्रियाः** परियोजना वा सरकारी निकायले समूह वा सेवा प्रदायकसँग सम्झौता गर्ने र त्यसपछि समूहले सम्बन्धित विपन्न घरधुरीसँग सम्झौता गरी रकम वा सामग्री उपलब्ध गराउने विषयमा यहाँ लेख्ने ।

..........................................................................................................

१०. **घुम्तिकोष सञ्चालन विधिः** विपन्नलाई सहयोग गरेका रकम वा वस्तु समूहले फिर्ता लिई फेरि अन्य विपन्नलाई सहयोग स्वरूप दिने भएमा सो प्रक्रियाको विवरण लेख्ने ।

..........................................................................................................

११. **अनुगमनः** क-कसले, कहिले, कुन प्रक्रिया अपनाएर गरिने हो सोको उल्लेख गर्ने ।

..........................................................................................................

१२. **प्रतिवेदनः** मौखिक तथा लिखित दुबै हिसाबले विपन्न र समूहले आवश्यकता अनुसार जानकारी र प्रतिवेदन बुझाउने परिपाटी बसाल्ने । कम्तिमा समय-समयमा समितिको मासिक बैठक र साधारण सभामा प्रतिवेदन पेश गर्ने कुरा उल्लेख गर्ने ।

..........................................................................................................

१३. **सम्झौता शुरु र अन्त्य हुने अवस्थाः** दुबै पक्षले सम्झौतामा सही गरेको दिनदेखि सम्झौतामा उल्लेख भएका सम्पूर्ण क्रियाकलापहरू अन्त्य हुने अवधिसम्मको अवधि र सर्तहरू लेख्ने ।

..........................................................................................................

१४. **सम्झौता फेरबदल वा रद्द हुने अवस्थाः** सम्बन्धित विपन्न र समूह दुबै पक्षको सहमतिमा सम्झौता फेरबदल वा रद्द हुन सक्नेछ । साधारणतया जीविकोपार्जनका क्रियाकलाप शुरुमा सोचे अनुरूप प्रभावकारी रूपमा सञ्चालन हुन नसकेमा, वा विपन्नले सो क्रियाकलाप अगाडि बढाउन आवश्यक नठानेको अवस्थामा सम्झौता रद्द हुन सक्नेछ। विपन्नले नचाहदा नचाहदै समूहले एक पक्षीय रूपमा सम्झौता रद्द गर्न नपाइने व्यवस्था यसमा लेख्ने ।

.............................................................................................................

सही :

सहयोग लिने विपन्नको नामः

मितिः

सहीः

अध्यक्ष, सा.व.उ.सः

मितिः

## अनुसूची १४ : विपन्न वर्गका उपभोक्तालाई सामुदायिक वनको जग्गा आयमूलक कार्यमा प्रयोग गर्न दिंदा गरिने सम्झौताको नमूना

सामुदायिक वन उपभोक्ता समूहभित्रका विपन्न वर्गका उपभोक्ताहरू संलग्न उपसमूहलाई आयमूलक कार्यक्रमको लागि सामुदायिक वन क्षेत्र सुम्पदा गरिने सम्झौता-पत्रको नमूना

.................. अञ्चल .................. जिल्ला ............ न.पा./गा.वि.स. ....... वडा नं. ..... स्थित ............................. सामुदायिक वन उपभोक्ता समूह (यस भन्दा पछि पहिलो पक्ष भनिएको) र समूहभित्र रहेको कार्ययोजनामा उल्लेख गरे अनुसारको विपन्न वर्ग संलग्न भएको तोकिएको उद्देश्य पूरा गर्न गठित ......... उपसमूह (यसपछि दोश्रो पक्ष भनिएको) ले हाम्रो सामुदायिक वन क्षेत्र भित्रको पूर्व............, पश्चिम.................., उत्तर......................., दक्षिण........................... भित्रको ....... हेक्टर वनक्षेत्र तपशिलमा उल्लेख गरेको शर्तमा आयमूलक कार्यक्रम गरी आयआर्जन गर्नका लागि यो सम्झौता-पत्र तयार गरी लियौं दियौं । यस सम्झौता कुनै पनि पक्षबाट उल्लङघन भएमा समूहको विधान, कार्ययोजना, र यही सम्झौता-पत्र तथा प्रचलित कानून वमोजिम सहुँला बुझाउँला ।

तपशिल

२. सामुदायिक वन क्षेत्रभित्र अन्नबाली (जस्तै धान, मकै, ....... ), बाली लगाउँदा र भित्र्याउँदा खनजोत गर्नुपर्ने (जस्तै अदुवा, हलेदो आदि) बाली लगाउन पाईने छैन ।

३. दोश्रो पक्षले तयार गरेको कार्ययोजना वमोजिमको काम निरन्तर २ (दुई) वर्षसम्म गर्न नसकेमा वा कार्ययोजना विपरितको कार्य गरेमा वनक्षेत्र पहिलो पक्षले फिर्ता लिन सक्नेछ । तर फिर्ता लिदा सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

४. यो सम्झौताको अवधि .... वर्षको हुनेछ । तर कार्यक्रम सन्तोषजनक भएमा पूनः थप सम्झौता गर्न सकिनेछ ।

५. दोश्रो पक्षले हरेक साधारण सभामा आफ्नो समूहमा भएको काम कारवाही तथा यसका उपलब्धिको जानकारी नियमित रूपले प्रस्तुत गरिरहनु पर्नेछ ।

६. पहिलो पक्षले बेला-बेलामा दोश्रो पक्षको कामको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

७. दोश्रो पक्षले वनपैदावारको बिक्री वितरण गरी केही रकम वचत गरेमा त्यसलाई समूहले निर्णय गरे अनुसार पहिलो पक्षको कोषमा जम्मा गर्नु पर्नेछ । त्यसैगरी पहिलो पक्षले दोश्रो पक्षलाई आयआर्जन कार्यक्रमको लागि वार्षिक आम्दानीको कम्तीमा ३५ प्रतिशत रकम वा सामान वा दुबैको व्यवस्था गर्नु पर्नेछ । यसको सामूहिक समिक्षा तथा अनुगमन दुबै पक्षले गर्न सक्नेछन् ।

८. अन्य कुन विषयमा असमझदारी वा विवाद देखापरेमा मध्यस्थता समिति गठन गरिनेछ । यस मध्यस्थता समितिमा सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला वन कार्यालय, स्थानीय निकाय, यस

कार्यक्रममा सहयोग गर्न सहयोगी संस्थाका प्रतिनिधिहरू संलग्न हुनेछन् । सो मध्यस्थता समितिको सिफारिसमा साधारण सभाले विवादको उपयूक्त निकास दिनु पर्नेछ । तर मध्यस्थता समितिले सिफारिस गर्दा सामाजिक न्याय, सामुदायिक वनको अवधारणा वमोजिम गर्नुपर्ने हुन्छ । साधारण सभामा उपयूक्त निर्णयको लागि पहिलो पक्षले सहजीकरणको भूमिका निर्वाह गर्नु पर्नेछ ।

९. यो वनक्षेत्र सधैंका लागि छुट्टयाईएको नभएकोले सम्झौता अवधि भित्र समुचित तरिकाले उपलब्धी लिई आफ्नो जीवनस्तर सुधार गर्न दोश्रो पक्ष लाग्नु पर्नेछ ।

१०. दोश्रो पक्षमा रहेका उपभोक्ताहरूको पहिलो पक्षको जस्तै अधिकार समूहमा सुरक्षित रहनेछ ।

११. समूहलाई अति आवश्यक परी उपसमूहलाई दिएको वन फिर्ता लिनु परेमा दोश्रो पक्षको लगानी र उपलब्धिको मूल्याकंन गरी उपयूक्त क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने हुन्छ ।

१२. दोश्रो पक्षले चयन गरेको कम्तीमा एक जनाको सामुदायिक वन उपभोक्ता समितिमा अनिवार्य प्रतिनिधित्व भएको हुनेछ ।

| दोश्रो पक्ष | साक्षी | पहिलो पक्ष |
|---|---|---|
| नामः | नामः | नामः |
| सही.................... | सही ......................... | सही ....................... |

अनुसूची १५

सामुदायिक वन उपभोक्ता समूहको

# वार्षिक प्रतिवेदन

**(वन ऐन, २०४९ को दफा ४४ को प्रयोजनको लागि)**

**(आर्थिक वर्षः..................)**

**श्री ..........................सामुदायिक वन उपभोक्ता समूह, ....................गा.वि.स., वडा नं......, जिल्ला........................**

**पेश हुने निकाय (Submitted to)**: ..................................................... **पेश गरेको मितिः**...........................

**१. संक्षिप्त परिचयात्मक विवरण**

१.१ साामुदायिक वन उपभोक्ता समूहको कोड नं.:

१.२ सामुदायिक वनको नाम र ठेगानाः

१.३ सा.व.को श्रोत विवरणः

१.३.१ क्षेत्रफल (हे.) १.३.२ अनुमानित वन वृद्दि मौज्दात (GS)

१.३.३ वार्षिक स्विकार्य कटान (AAH) १.३.४ अनुमानित वार्षिक वन वृद्दि

१.४ वनको किसिमः चिन्ह (√) लगाउने

क) साल

ख) सल्लो

ग) मिश्रित

घ) खयर/शिसौ

ङ) अन्य (उल्लेख गर्ने)

१.५ हस्तान्तरण भएको मिति (आ.व.):

१.६ कार्ययोजना संशोधन/नविकरण/पुनरावलोकन भएको आ.व.(हरु):

१.७ समूहमा आबद्ध घरधुरी संख्याः

१.८ उपभोक्ता समितिमा पदाधिकारीहरुको जम्मा संख्याः

## २. समूह तथा समितिमा संरचनागत समावेशीकरण

### २.१ समूहको विवरण :

| जातजाती | सम्पन्नता स्तर (घरधुरी संख्यामा) | | | | |
|---|---|---|---|---|---|
| | जम्मा घरधुरी | विपन्न | मध्यम | सम्पन्न | कैफियत |
| बाहून/क्षेत्री | | | | | |
| जनजाति | | | | | |
| दलित | | | | | |
| अन्य | | | | | |

नोटः **दलित** भन्नाले दमाई, कामी, सार्की, वादी, गन्धर्व, पोडे, खड्गी, धोवी, कलार, ककैहिया, कोरी, खातिक, चिडिमार, तत्मा, पथरकट्टा, पासी, वांतर, मैस्तर (हलखोर), सर्वङ्गा, चमार, मूसहर, दूसाद (पासमान), डोम, हलखोर, खत्वेलाई बूझाउंछ ।

**जनजाति** भन्नाले तामाङ, मगर, गुरुङ, राई, लिम्बू, नेवार, थकाली, थारु, दनूवार, राजवंशी, धिमाल, कूमाल, बोडे, चेपाङ, सूनूवार, भूजेल, दराई, थामी, ताजपूरिया, सतार, शेर्पा, दुरा, जिरेल, पहरी, माझी, कूसूण्डा, वनकरिया, राउटे, सूरेल, हायू, राजी, किसान, लेप्चा, मेचे, कूशवाडिया, सियार, ल्होमी, थूदाम, झांगड, भोटे, तोक्पेगोला, डोल्पो, फ्रि, मूगाल, लार्के, ल्होपा, वालूङ, छैरोतन, तांवे, याक्खा, छन्त्याल, व्यासी, ह्योल्मो, धानूक, वरामू, गन्नाईलाई बूझाउंछ ।

**अन्य वञ्चित जाति** भन्नाले यादव, कोइरी (कूशवाहा), तेली, सूडी, कूर्मी, कानु, कलवार, हलुवाई, ठाकुर, वमधे, बहाये, वानियां, नूनीया, कूमहर, कहर, लोधार, विङ, वान्दा, भेडियार, माली, कमार, धूनीया, केवट, सोनार, मलहा, मुसलमानलाई बूझाउंछ ।

अन्य भन्नाले बाहून, क्षेत्री, ठकूरी, सन्यासी, राजपुत, कायस्थ, माडवारी आदिलाई बूझाउंछ ।

**बिपन्न तथा वञ्चित** भन्नाले सबै सामाजिक समुहका बिपन्न घरधूरीहरू, महिला घरमूली भएका घरधूरीहरू तथा दलित, जनजाति, र अन्य वञ्चित जातिका घरधूरीहरू समेतलाई बूझाउंछ ।

स्रोतः आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

### २.२ कार्य समितिको संरचना :

| जातजाती | अध्यक्ष | उपाध्यक्ष | सचिव | सहसचिव | कोषाध्यक्ष | सदस्यहरु (संख्यामा) | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|
| | चिन्हो (√) लगाउने | | | | | | |
| बाहून/क्षेत्री | | | | | | | |
| जनजाति | | | | | | | |
| दलित | | | | | | | |
| अन्य | | | | | | | |
| विपन्न | | | | | | | |
| महिला | | | | | | | |

*नोटः जातजाती संगै विपन्न तथा महिला वर्गमा पनि चिनो लाग्न सक्ने ।*

**३ संस्थागत विकास**

३.१ उपभोक्ताहरुको साधारण सभा विधान वमोजिम वस्नुपर्ने पटकः वसेको पटक संख्या

३.२ कार्य समितिको वैठक विधान वमोजिम वस्नुपर्ने पटकः कति पटक वस्यो ?

सार्वजनिक लेखा परिक्षण गरेको छ छैन?

*नोटः यदी साधारण सभामा यस सम्वन्धी छलफल गरेको छ भने त्यसलाई मान्न सकिने ।*

**४. वन श्रोत व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु**

४.१ **वन संरक्षण सम्बन्धी कार्यहरु (चिन्ह √ लगाउने)**

| वन संरक्षण कार्य | आत्म-अनुशासनबाट | उपभोक्ता परिचालनबाट | वन हेरालुबाट | बाहृय सहयोगबाट |
|---|---|---|---|---|
| चोरी निकासी नियन्त्रण | | | | |
| वन डडेलो नियन्त्रण | | | | |
| चरिचरण नियन्त्रण | | | | |
| अतिक्रमण नियन्त्रण | | | | |

४.२ **वन सम्बर्द्धन र सदुपयोग**

४.२.१ **वन सम्बर्द्धनसम्वन्धी क्रियाकलापहरु**

| क्र.सं. | कृयाकलापहरु | ब्लक नं. | परिमाण | लागत | | वाहृय सहयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | समूह कोष बाट खर्च (रु) | उपभोक्ताबाट श्रम दिन | | |
| १ | नर्सरी स्थापना/मर्मत सम्भार (गोटा) | | | | | | |
| २ | विरुवा उत्पादन- काष्ठ प्रजाति (गोटा) | | | | | | |
| ३ | विरुवा उत्पादन- गैरकाष्ठ प्रजाति (गोटा) | | | | | | |
| ४ | तारबार/जैविक बार (कि.मी.) | | | | | | |
| ५ | वृक्षारोपण (हे.) | | | | | | |
| ६ | पुनःरोपण (गोटा) | | | | | | |
| ७ | गोडमेल (हे.) | | | | | | |
| ८ | झाडी सफाई (हे.) | | | | | | |
| ९ | हाँगा छिमल्ने/प्रुनिङ्ग (हे.) | | | | | | |
| १० | पत्ल्याउने/थिनिङ्ग (हे.) | | | | | | |
| ११ | एक्ल्याउने/सिंगलिङ्ग (हे.) | | | | | | |
| १२ | पुनरुत्पादन व्यवस्थापन (हे.) | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | नमूना व्यवस्थापन स्थल (डेमो प्लट) स्थापना (हे.) | | | | | | |
| १४ | जडीबुटी/गैरकाष्ठ वन पैदावार व्यवस्थापन (हे.) | | | | | | |
| १५ | वन सम्बर्द्धन प्रणालीको अभ्यास (हे.) | | | | | | कुनै प्रणाली अबलम्बन गरेको भए |
| १६ | वनपथ निर्माण/मर्मत (कि.मी.) | | | | | | |
| १७ | अग्नी संरक्षण रेखा निर्माण/मर्मत (कि.मी.) | | | | | | |
| १८ | भू-संरक्षण सम्बन्धी कार्य | | | | | | |
| १९ | वन्यजन्तु संरक्षण तथा जैविक विविधता संरक्षण कार्य | | | | | | |
| २० | अन्य | | | | | | |

## ४.२.२ **वन सदुपयोग**

### (क) वन पैदावार उत्पादन

| क्र.सं. | उत्पादन | इकाई | वार्षिक रुपमा निकाल्न सकिने स्वीकृत परिमाण (AAC) | उत्पादित परिमाण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | वन सम्बर्द्धन/व्यवस्थापनका कृयाकलापबाट | छनौट कटान (छपान) बाट | बरामदी वा आकस्मिक घाटगद्दीबाट | |
| १ | काठ | | | | | | |
| | १.१ साल | क्यू.फि. | | | | | |
| | १.२ सल्ला | क्यू.फि. | | | | | |
| | १.३ अस्ना | क्यू.फि. | | | | | |
| | १.४ .................. | क्यू.फि. | | | | | |
| | १.५ अन्य ............. | क्यू.फि. | | | | | |
| २ | दाउरा | चट्टा/भारी | | | | | |
| ३ | घाँस | भारी | | | | | |
| ४ | स्याउला/सोत्तर | भारी | | | | | |
| ५ | जडीबुटी | कि.ग्रा. | | | | | |
| ६ | खोटो | कि.ग्रा. | | | | | |
| ७ | अन्य गै.का.वन पैदावार | | | | | | |
| ८ | अन्य | | | | | | |

(ख) **वन पैदावार विक्री वितरण**

| क्र.सं. | कृयाकलाप | इकाई | परिमाण | आम्दानी (रु) | कैफियत |
|---|---|---|---|---|---|
| | | | **उपभोक्ता समूहभित्र विक्री वितरण** | | |
| १ | काठ | | | | |
| १.१ | साल | क्यू.फि | | | |
| १.२ | सल्ला | क्यू.फि | | | |
| १.३ | अस्ना | क्यू.फि | | | |
| १.४ | ...................... | क्यू.फि | | | |
| १.५ | .................... | क्यू.फि. | | | |
| २ | दाउरा | चट्टा | | | |
| ३ | घाँस | भारी | | | |
| ४ | स्याउला/सोत्तर | भारी | | | |
| ५ | जडीबुटी | कि.ग्रा. | | | |
| ६ | खोटो | कि.ग्रा. | | | |
| ७ | अन्य गै.का. वन पैदावार | | | | |
| ८ | अन्य | | | | |
| | | | **उपभोक्ता समूहवाहिर विक्री वितरण** | | |
| १ | काठ | | | | |
| १.१ | साल | क्यू.फि. | | | |
| १.२ | सल्ला | क्यू.फि. | | | |
| १.३ | अस्ना | क्यू.फि. | | | |
| १.४ | ................. | क्यू.फि. | | | |
| १.५ | .................. | क्यू.फि. | | | |
| २ | दाउरा | चट्टा | | | |
| ३ | घाँस | भारी | | | |
| ४ | स्याउला/सोत्तर | भारी | | | |
| ५ | जडीबुटी | कि.ग्रा. | | | |
| ६ | खोटो | कि.ग्रा. | | | |
| ७ | अन्य गै.का. वन पैदावार | | | | |
| ८ | अन्य | | | | |
| | | | **बाँकी मौज्दात्** | | |
| १ | काठ | | | | |
| १.१ | साल | क्यू.फि. | | | |
| १.२ | सल्ला | क्यू.फि. | | | |
| १.३ | अस्ना | क्यू.फि. | | | |
| १.४ | ................. | क्यू.फि. | | | |
| १.५ | .................. | क्यू.फि. | | | |
| २ | दाउरा | चट्टा | | | |
| ३ | अन्य | | | | |

## ५. सामुदायिक/सामाजिक विकास सम्बन्धी कार्यहरु

| क्र.सं. | कृयाकलापहरु | इकाई | परिमाण | लागत | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | समूह कोषबाट खर्च (रु) | उपभोक्ता श्रमदिन | |
| १ | बाटो निर्माण/मर्मत कार्य | | | | | |
| २ | पुल-पुलेसा/कल्भर्ट निर्माण/मर्मत | | | | | |
| ३ | कुलो/नहर/डिप बोरिङ्ग निर्माण/मर्मत | | | | | |
| ४ | विद्यालय सहयोग कार्यक्रम | | | | | |
| ५ | स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम | | | | | |
| ६ | ऐतिहासिक/धार्मिक/सांस्कृति क्षेत्र सहयोग कार्यक्रम | | | | | |
| ७ | सामाजिक कल्याण कार्यक्रम | | | | | |
| ८ | बिद्युत सेवा विस्तार कार्यक्रम | | | | | |
| ९ | खानेपानी व्यवस्थापन/सुधार कार्यक्रम | | | | | |
| १० | भवन निर्माण | | | | | |
| ११. | अन्य | | | | | |

## ६. आय आर्जनका अवसर

| क्र.सं. | कृयाकलापहरु | इकाई | परिमाण | लाभान्वित घरधुरी वा उपभोक्ता | जम्मा लागत (रु) | खर्चको श्रोत | | वाह्य सहयोग दिने निकाय हरुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | समूह कोषबाट (रु) | बाह्य श्रोतबाट (रु) | |
| १ | **रोजगारीको अवसर** | | | | | | | |
| १.१ | काठजन्य व्यवसाय (कार्भिङ्ग) | | | | | | | |
| १.२ | गैरकाष्ठ व्यवसाय | | | | | | | |
| १.३ | वन सम्वर्धन विकासमा रोजगारीको अवसर | | | | | | | |
| १.४ | वन संरक्षण क्रममा रोजगारी | | | | | | | |
| २ | **आयमूलक कार्यक्रम** | | | | | | | |
| २.१ | जडीबुटी तथा गै.का.व.पै. खेती विस्तार | | | | | | | |
| २.२ | पशुपालन | | | | | | | |
| २.३ | नगदेवाली खेती | | | | | | | |
| २.४ | अन्य | | | | | | | |
| ३ | **अन्य कार्यक्रम** | | | | | | | |

## ७. उपभोक्ता समूहको क्षमता विकास

| क्र.सं. | कृयाकलापहरु (तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि) | इकाई | परिमाण | लाभान्वित संख्या | जम्मा लागत (रु) | खर्चको श्रोत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | समूह कोषबाट (रु) | सरकारी सहयोगबाट (रु) | गैरसरकारी निकायहरुबाट |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

## ८. आयव्ययको विवरण

८.१ खाता रहेको बैंकको नाम र ठेगाना .....................................................

८.२ बैंक खाता नं. .............................

८.३ खाताको किसिमः (क) चल्ती *(समूहको खाता चल्ती वाहेक अरु भएमा उल्लेख गर्ने)*

८.४ खाता सञ्चालकहरुको नाम र पदः

१ ......................

२ .....................

३ .........................

८.५ आयव्यय सम्बन्धी विवरण (तालिका)

| आय (आम्दानी) | |
|---|---|
| **विवरण** | **रकम(रु)** |
| गत वर्षको नगद मौज्दात | |
| गत वर्षको बैंक मौज्दात | |
| गत आ.व.को ऋृण लगानी | |
| गत आ.व.को सहकारीमा लगानी | |
| **वन पैदावार बिक्री बितरण** | |
| | |
| काठ बिक्री (समुह भित्र) | |
| काठ विक्री (समुह बाहिर) | |
| दाउरा विक्री (समुह भित्र) | |
| दाउरा विक्री (समुह बाहिर) | |
| **जडीबुटी तथा गैरकाष्ठ वन पैदावार विक्री वितरण** | |

| व्यय (खर्च) | |
|---|---|
| **विवरण** | **रकम(रु)** |
| **वन संरक्षण, व्यवस्थापन र विकास** | |
| संरक्षण | |
| सम्बर्द्धन र विकास | |
| वन सदुपयोग | |
| वैकल्पिक उर्जा कार्यक्रम (वायो ग्याँस, सुधारिएको चुल्हो आदि | |
| अन्य | |
| **सामुदायिक विकास** | |
| वाटो तथा पुल-पुलेसा निर्माण/मर्मत | |
| खानेपानी सम्बन्धी कार्य | |
| विद्युत सम्बन्धी कार्य | |
| सिंचाइ सम्बन्धी कार्यहरु (जस्तैः कुलो, नहर, डिप बोरिङ निर्माण/मर्मत | |

| | |
|---|---|
| जडीबुटी | |
| खोटो | |
| घाँस, खर, अम्रिसो (कुचो) | |
| अन्य | |
| | |
| **विविध शुल्क तथा अनुदान/पुरस्कार** | |
| सदस्यता/नविकरण/प्रवेश शुल्क | |
| पुरस्कार | |
| अनुदान | |
| जरिवाना | |
| वातावरणीय सेवा भुक्तानी (पानी मुहान, सिचाई, पर्यापर्यटन, आदि) | |
| पर्यापर्यटनवाट | |
| यस आ.व.मा उठेको व्याज | |
| अन्य (वक्यौता असुली समेत) | |
| | |
| | |
| | |
| | |
| | |
| **कुल आम्दानी** | |

| | |
|---|---|
| विद्यालय सहयोग कार्यक्रम | |
| स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम | |
| अन्य | |
| **संस्थागत विकास तथा प्रशासनिक खर्च** | |
| तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि | |
| तलब तथा भत्ता | |
| भवन/फर्निचर | |
| मसलन्द खर्च | |
| अन्य प्रशासनिक तथा विविध खर्च | |
| **गरीवी न्यूनिकरण (महिला, दलित तथा विपन्न सशक्तिकरण)** | |
| | |
| | |
| आयमूलक तथा सीपकमूलक क्रियाकलाप | |
| आर्थिक अनुदान/सहयोग | |
| **कोषको अवस्था** | |
| सहकारीमा लगानी | |
| ऋण लगानी | |
| बैक मौजादात् | |
| नगद मौज्दात् | |
| **कुल खर्च** | |

## ९. अनुगमन तथा निरिक्षण

क. वन कार्यालयवाट कतिपटक समूहसँग अनुगमन तथा निरिक्षण हुने काम भयो ?
पटक

ख. सरोकारवाला संघ संस्थाहरुवाट कतिपटक समूहमा भ्रमण तथा छलफल गर्ने कार्यहरु भए ?
पटक

ग. अन्य निकायहरुवाट भ्रमण भएको भए सो को पटक
पटक

## १०. विविध

१०.१ वातवारणीय सेवा सम्वन्धी केही कार्यहरु भएका भए सो को विवरण

१०.२ समूहले कुनै पुरस्कार, सम्मान, प्रंसशा पाएको छ भने सो को विवरण

१०.३ अन्य केही भए उल्लेख गर्ने :

................................ ................................

**(तयार गर्नेको सही)** **(अध्यक्षको सही)**

**नामः** **नामः**

**मितिः** **मितिः**

